## सूचनाको हक

# सफलताका कथा

राष्ट्रिय सूचना आयोग

नेपाल

सूचनाको हक

# सफलताका कथा

राष्ट्रिय सूचना आयोग

नेपाल

**सल्लाहकार**

महेन्द्र मान गुरुङ, प्रमुख सूचना आयुक्त
कमला ओली, सूचना आयुक्त

**सम्पादक मण्डल**

| | |
|---|---|
| सम्पादक | : रत्नप्रसाद मैनाली, सूचना आयुक्त |
| सदस्य | : कमलप्रसाद भट्टराई, सचिव |
| सदस्य | : सन्तोषकुमार दाहाल, उपसचिव |
| सदस्य | : डिल्लीराम भट्ट, शाखा अधिकृत |
| सदस्य | : अशोक न्यौपान, लेखा अधिकृत |
| कम्प्युटर | : गौरव गुरुङ |


***यस पुस्तकमा प्रकाशित लेखमा व्यक्त भएका धारणा लेखकका निजी विचार हुन् । यसप्रति सम्पादक मण्डल र प्रकाशक जवाफदेही हुने छैन ।***


| | |
|---|---|
| प्रकाशक | : राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं |
| फोन नं. | : ०१-४५९६५४४ |
| फ्याक्स | : ०१-४४९६५४५ |
| इमेल | : info@nic.gov.np |
| वेबसाइट | : nic.gov.np |
| MIS का लागि | : mis.nic.gov.np |
| प्रकाशन मिति | : २०८१ |
| प्रकाशन प्रति | : ५०० |
| फेसबुक | : rtinepal |
| twitter (x) | : suchanaayog |
| ISBN | : 9789937970266 |
| डिजाइन | : पब्लिक अफेयर्स रिसर्च एण्ड कम्युनिकेशन्स (PARC)/विपिन सोडारी |

राष्ट्रिय सूचना आयोग र युएसएआईडी नेपालको सहकार्यमा प्रकाशित । यस प्रकाशनभित्रका विषयवस्तु र सामग्री राष्ट्रिय सूचना आयोगको एकल जिम्मेवारी हुन्छ र यसले अमेरिकी सरकार, युएसएआईडी वा द एशिया फाउण्डेशनको विचार प्रतिविम्बित गर्छन भन्ने जरूरी छैन ।


USAID अमेरिकी जनताबाट | CIVIL SOCIETY & MEDIA STAND | The Asia Foundation

# आयोगको भनाइ

पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि सूचनाको हक यतिबेला विश्वव्यापी र व्यापक प्रचलनमा छ। १ सय ४० भन्दा बढी देशमा यसको प्रयोग हुनु, संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्यको लक्ष्यसूचकमा यसलाई समावेश गर्नु तथा सेप्टेम्बर २८ लाई सूचनाको हकमा विश्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा मनाउने निर्णयले पनि सूचनाको हकको महत्वलाई दर्शाउँछ। यसै क्रममा नेपालमा पनि सूचनाको हकको आवश्यकता महसुस गरी यसको संवैधानिक र कानुनी व्यवस्था हुनुपर्ने आवाज लामो समयदेखि उठिरहेको थियो । खासगरी नेपाल पत्रकार महासंघ, नागरिक समाज लगायतको पहलमा विभिन्न समयमा सूचनाको हकको व्यवस्था हुनुपर्ने आवाज उठ्दै गयो र २०४६/०४७ मा भएको राजनीतिक परिवर्तनपछि बनेको संविधानमा सूचनाको हकले संवैधानिक मान्यता प्राप्त गऱ्यो। सुरुका दिनमा कानुन बन्न नसक्दासम्म अदालती प्रक्रियाबाट मात्रै सूचनाको हकको प्रयोग हुँदै आएकोमा वि.सं. २०६४ सालमा सूचनाको हक सम्वन्धी ऐन र वि.सं. २०६५ सालमा सूचनाको हकसम्बन्धी नियमावली जारी भएपछि कानुनी रुपमा नै सूचनाको हकसम्बन्धी व्यवस्था कार्यान्वयनमा आएको छ।

यतिबेला नेपालका सार्वभौम नागरिक सूचनाको हकको प्रयोग गरेर आफ्नो र सार्वजनिक सरोकारका कुनै पनि विषयमा सूचना प्राप्त गर्न सक्षम छन् । विश्वका कयौं देशमा सुशासनका लागि सूचनाको हकको प्रयोगबाट असाधारण उपलब्धीहरू हासिल भएको पढ्नमात्रै पाउने नेपाली नागरिक यतिबेला सूचनाको हकको प्रयोग आफै गर्न पाउने अधिकारबाट सुसज्जित छन्। तर, जुन स्तरमा यसको प्रयोग हुनु पर्ने हो त्यति हुन नसकेको हो कि भन्ने चाहिं सोचनीय पक्ष हो। तथापि, पछिल्लो समय यसको प्रयोग बढ्दै गएको र परिणाम पनि सकारात्मक हुँदै गएको पाइन्छ।

सूचनाको हकको प्रयोगबाट हासिल हुन सक्ने उपलब्धीबारे नागरिकस्तरसम्म व्यापक चेतना फैलाउन सकिएमात्र यसबाट अपेक्षित परिणाम हासिल हुनसक्छ। सूचनाको हकसम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनबाट अपेक्षाकृत सफलता प्राप्त हुन बाँकी रहेता पनि यसको प्रयोगबाट हामीकहाँ पनि धेरै र उल्लेखनीय सकारात्मक प्रभाव परेका छन् । सूचनाको हकको प्रयोगबाट

भएका सकारात्मक उपलब्धीबारे आमनागरिकलाई अझ प्रभावकारी जानकारी पुऱ्याउन सकियो भने पनि सूचनाको हकको प्रयोगप्रति नागरिक सक्रियता बढाउन सकिन्छ। यस्ता सकारात्मक घटना सूचना मागकर्तासम्म मात्र सीमित रहँदा यसबाट नागरिक र राज्यले प्राप्त गर्न सक्ने सकारात्मक प्रभाव ओझेलमा पर्नु स्वाभाविक नै हो। सूचनाको हकको प्रयोगबाट भएका यस्ता सकारात्मक घटना र सन्दर्भलाई सङ्कलन गरेर नागरिकसम्म पुऱ्याउनु पर्ने आवश्यकता महसुस गरी राष्ट्रिय सूचना आयोगले यो सङ्ग्रह तयार गरेको हो। आयोगले सूचना प्रकाशित गरेरै यस्ता घटनाबारे सामग्री उपलब्ध गराउन सार्वजनिक आह्वान गरेको थियो। सोबमोजिम हामीलाई यी सामग्री प्राप्त भएका हुन्।

यो सङ्ग्रहमा सङ्कलन भएको भन्दा अरु पनि सङ्ग्रहयोग्य थुप्रै अभ्यासबारे हामीलाई थाहा छ। विविध कारणले यहाँ समावेश गर्न छुटेका सामाग्रीलाई आगामी दिनमा प्रकाशन गर्दै जाने विश्वास आयोगले लिएको छ। आयोगको आग्रहलाई स्वीकार गरी सूचनाको हकको प्रयोगबाट प्राप्त भएका उपलब्धीहरू लिखित रुपमा एवम् रचनात्मक शैलीमा उपलब्ध गराउनु हुने सबै महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा सूचनाको हकको प्रयोगबाट राज्य र सार्वजनिक निकायलाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त बनाउन अझ सशक्त भूमिका निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा आयोगले गरेको छ। नागरिकले आफ्नो दायित्व र भूमिकालाई उचित ढङ्गले निर्वाह गर्न सके मात्र राज्य र सार्वजनिक निकायलाई पनि नागरिकमैत्री र सुशासनयुक्त बनाउन सकिने हुन्छ। यो प्रकाशनबाट यसतर्फ थोरै योगदान पुग्न सक्यो भन्ने आयोगको प्रयास सार्थक बन्नेछ।

अन्त्यमा, यो प्रकाशनका लागि विविध माध्यमबाट सुझाव र योगदान दिनु हुने सबैमा अभार व्यक्त गर्दै यो सङ्गालो प्रकाशनका लीग सहयोग प्रदान गर्ने द एसिया फउण्डेशन र पार्कका साथीहरूप्रति आयोग धन्यवाद व्यक्त गर्दछ।

**राष्ट्रिय सूचना आयोग**

# विषय सूची


| शीर्षक | लेखकको नाम | पेज नं. |
| --- | --- | --- |
| सूचनाको हकको प्रयोगपछि उदयपुर सिमेन्ट उद्योगका कर्मचारीले पाउने भए सुविधा रकम | अजयकुमार साह | १ |
| एक क्लिकमा देशैभरका स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा पहुँच स्थापित गर्ने त्यो पुनरावेदन | गणेश दत्त भट्ट (जी भट्ट) | ५ |
| सूचनाको हक : प्रयोग, सङ्घर्ष र उपलब्धी | परशुराम साह | १३ |
| जनसरोकार र जनहितका सूचना प्राप्त गर्न सूचनाको हक | प्रकाशचन्द्र जोशी | २१ |
| सूचनाको हक : खोज पत्रकारिताको गतिलो हतियार | मकर श्रेष्ठ | २५ |
| सूचना उपलब्ध गराउन सूचना अधिकारीले गर्ने आनाकानी | मुकेश पोखरेल | ३२ |
| सूचनाको हक अभियानले ल्याएको परिवर्तन एक चर्चा | यदुनाथ बञ्जारा | ३५ |
| गोपनियता हकको रक्षार्थ मिलेको सफलता | विवेक चौधरी | ४२ |
| सूचनाको हक : सुशासनको 'ब्रह्मास्त्र' | सागर जोशी | ४७ |
| नेपालमा सूचनाको हकको सवाल र तितामिठा अनुभव | सुवास भट्ट | ५९ |
| सूचनाको हकरूपी औजार र संसद्मा त्यसले ल्याएको सुधार | सुशील पन्त | ६७ |
| थाहै नभएको सूचनाको हकको ताकत | शिव प्रसाद अधिकारी | ६९ |
| सूचना नदिने नकारात्मक प्रभाव हट्ने क्रममा | शैलेन्द्र झा | ७४ |

# सूचनाको हकको प्रयोगपछि उदयपुर सिमेन्ट उद्योगका कर्मचारीले पाउने भए सुविधा रकम

अजयकुमार साह*



उदयपुर सिमेन्ट उद्योग लिमिटेड जलजलेमा कार्यरत सयौं कर्मचारीमध्ये केहीले फरक-फरक मितिमा अनिवार्य अवकाशको पत्र पाएका थिए । उनीहरुले आफू कार्यरत पदबाट अवकाश त पाए तर अवकाशपछि पाउनुपर्ने सेवासुविधा रकम भने वर्षौ वितिसक्दासमेत पाउन सकेनन् । आर्थिक सङ्कट झेलिरहेको बहानामा सिमेन्ट व्यवस्थापनबाट उनीहरुलाई कहिले आश्वासन बाडियो भने कहिले हप्कीदप्की गरियो । अवकाश प्राप्त कर्मचारीमध्ये घरायसी कार्यका लागि अरुबाट लिएका कतिपयलाई ऋणको चर्को व्याजसमेत तिर्न धौधौ पर्न थालेको सो कम्पनीका अवकाश प्राप्त कर्मचारी तिर्थ राज पोखरेलले बताउनुहुन्छ ।

उद्योग व्यवस्थापनको यस्तो रवैयाबाट दिक्दार भएका निवृत्त कर्मचारीमध्ये केहीले उद्योगको विरुद्धमा आवाज समेत उठाए । तर समस्या सामाधान गर्ने गरी उनीहरुको कुरा सुनिदिने कोही भएन । उनीहरुले पद अनुसार जनही कम्तिमा दश लाखदेखि एक करोडसम्मको निवृत्तिभरण रकम पाउनुपर्ने जिकिर गर्दै आइरहेका थिए ।

निवृत्त कर्मचारीहरुले यस उद्योगको कर्मचारीको रुपमा पाएको नियुक्ति मितिदेखि अनिवार्य अवकाश पाएको अवधिसम्मको आफूले पाउनुपर्ने उपदान रकम, औषधीउपचार खर्च रकम, विदा मुआब्जा रकम, सञ्चयकोष रकम, नागरिक लगानी कोष रकम, अतिरिक्त कामको भत्ता लगायतका सेवासुविधा बराबरको रकम कति पाउने हो ? र, हालसम्म सो रकम किन हामीलाई नदिइएको हो भनेर विगत २ वर्षदेखि विभिन्न प्रकारले आफ्ना माग उद्योग

* महासचिव, सूचनाको हकका लागि राष्ट्रिय महासंघ

व्यवस्थापनसमक्ष गरिरहेका थिए । तर केही वर्षदेखि उद्योग प्रशासन एवम् व्यवस्थापनले कर्मचारीलाई उनीहरुले पाउनुपर्ने सेवासुविधा दिने कुरा त परै जाओस्, पाउने रकमको बारेमा समेत कुनै जानकारी दिएन । उल्टै उनीहरुलाई दुर्व्यवहार गरे । माथिल्ला तहका हाकिमहरुले अवकाश पाइसकेपछि पनि किन आउनुपर्‍यो कार्यालयमा भनेर हप्काउने, दप्काउने कार्य विगत दुई वर्षदेखि गरी नै रहे ।

सिमेन्ट उद्योग व्यवस्थापन र प्रशासनको यस्तो उदासीनतादेखि आजीत अवकाश प्राप्त कर्मचारीहरुले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा समेत गुहार मो । तर पनि कुनै सुनुवाई भएन । त्यहाँ पनि तपाईंहरुले के पाउनुपर्ने हो भनेर प्रश्न गर्दै प्रमाण मागियो ।

उनीहरुले आफूले पाएको एकमात्र नियुक्तिपत्र र अवकाशपत्र बोकेर कानुनी उपचारका लागि उद्योग प्रशासनको विरोधमा अदालतसम्म जाने सोच बनाए । त्यो पनि सजिलो थिएन । त्यस क्रममा भोग्नुपर्ने कानुनी झमेला, अनुचित खर्चको बोझ आदि लगायतका झञ्झट उनीहरुलाई सहज लागेन । उनीहरु सरल उपाय खोजिरहेका थिए ।

यसै क्रममा सूचनाको हकको बारेमा कानुनी प्रावधान रहेको र आफ्नो सरोकारको सूचना माग गर्न सकिने कुराको बारेमा उनीहरुले थाहा पाए । सोधखोज गर्दै उनीहरुले सूचनाको हकका लागि राष्ट्रिय महासंघ जिल्ला समिति उदयपुरमा सहयोगका लागि सम्पर्क गरे । म महासंघको केन्द्रीय महासचिव भएकोले फोनमा कुरा भएपछि केही कर्मचारीहरु गाइघाटस्थित मेरो घरमै छलफलका लागि आइपुगे । मैले सूचनाको हकको विषयमा र उनीहरुको समस्या सामाधानका लागि सक्दो सहजीकरण गरें । सूचना माग गर्ने प्रक्रिया बताउँदै सूचना माग निवेदन लेख्न सिकाएँ ।

महासंघको तर्फबाट सहजीकरणपछि उद्योगको रवैयाबाट पीडित अवकाश प्राप्त मेकानिकल इञ्जिनियर रामेश्वर प्रसाद कानु र हेल्पर हरिनारायण साह तेलीमा केही आशा जाग्यो । उनीहरुले २०८० चैत्र ५ गते जिल्ला हुलाक कार्यालयबाट सूचनाको हकको निवेदन रजिष्ट्री गरी उद्योगसँग सूचना माग गरे ।

उनीहरुले उद्योगसँग सूचना माग गरेको थाहा पाएपछि अरु चार जना अवकाश प्राप्त सिमेन्ट उद्योगका कर्मचारीहरु क्रमश : हेल्पर मोहनशेर राई, सिनियर कार्पेन्टर भक्त बहादुर दनुवार,

हेल्पर हिमबहादुर भुजेल र तिर्थराज पोखरेलले पनि हुलाकमार्फत् नै सूचना माग गरे । उनीहरुको निवेदनमा उल्लेख गरिएको सूचना मागको विषय यस्तो थियो :

**तपसिल** :

*१. यस उद्योगको व्यवस्थापनको निर्णय अनुसार म यस उद्योगको कर्मचारी श्री रामेश्वर प्रसाद कानु (मेकानिकल इञ्जिनियर,(प्रा) तह ७) लाई मिति २०८०/०६/०८ देखि लागू हुने गरी पत्रसहित अनिवार्य अवकाश दिइएको हुँदा मेरो उक्त पदमा सो कार्यालयमा नियुक्ति भएको मिति २०४९/०६/११ देखि अवकाश भएको मितिसम्मको उपदान रकम, औषधीउपचार खर्च रकम, विदा मुआब्जा रकम, सञ्चयकोष रकम, नागरिक लगानी कोष रकम, अतिरिक्त भत्ता (ओटि) रकमसहित खुलाई मैले पाउनुपर्ने माथि उल्लेखित सम्पूर्ण सुविधाहरुको पूर्ण विवरण प्रमाणित कागजातसहित सम्पूर्ण रकम उपलब्ध गराई पाऊँ ।*

ती सबै छ जना कर्मचारीहरुको सूचना माग निवेदनको ढाँचा लगभग यस्तै हो । तर सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ अनुसार उनीहरुले तोकिएको समयमा उद्योगको सूचना अधिकारीबाट पाउनुपर्ने सूचना पाएनन् । त्यसपछि उनीहरुले कार्यालय प्रमुख अर्थात् महाप्रबन्धक श्री महेश प्रसाद साहलाई सम्बोधन गर्दै हुलाकमार्फत् नै माग गरिएको सूचना नपाएकोबारे सिमेन्ट प्रशासनमा उजुरी गरे ।

उजुरीको म्याद पनि सकियो तर फेरि पनि सूचना उपलब्ध भएन । यसबीचमा ती छ जना कर्मचारीहरु महासंघको सम्पर्कमा आइपुगे । छलफल भयो । उद्योग प्रशासनले पुनः उनीहरुलाई किन सूचना माग गरिरहेको भन्दै हप्कीदप्की गरेको कुराहरु उनीहरुले सुनाए । उजुरीमाथि समेत कुनै सुनुवाइ नभएपछि सीधै राष्ट्रिय सूचना आयोगमा हुलाक मार्फत् मिति २०८१ बैशाख २१ मा पुनरावेदन गर्ने कार्य भयो ।

आयोगले नियम अनुसार मिति : २०८१/०१/२४ मा पुनरावेदकको माग अनुसार सूचना उपलब्ध गराउन आदेश दियो । साथै मिति : २०८१/०१/२५ मा उदयपुर सिमेन्ट उद्योग प्रमुखलाई आयोगको आदेश कार्यान्वयन गर्न फैसलाको विवरणसहित पत्राचार गऱ्यो । आयोगको आदेशपछि बल्लतल्ल सिमेन्ट व्यवस्थापनले एक समिति बनाई निवृत्तिभरण पत्र पाइसकेका कर्मचारीहरुको हकमा के-कति सुविधाहरु पाउनुपर्ने हो सोबारे विवरण निकाल्न

कार्यदल बनाई कामकार्यवाही अगाडि बढायो ।

सूचना मागकर्ता र अन्य गरी ६५ जना कर्मचारीले निवृत्तिभरण पश्चात् पाउने सेवासुविधा रकमको विवरण मिति २०८१ साउन १० गते उदयपुर सिमेन्ट उद्योगको पत्रसहित प्राप्त गर्न सफल भए । सिमेन्ट प्रशासनबाट प्राप्त विवरण अनुसार प्रतिकर्मचारी कम्तिमा अढाई लाखदेखि ७६ लाखसम्मको निवृत्तिभरण सुविधा रकम पाउने देखिएको छ। अवकाश पाएर बसेका ती कर्मचारीहरुले कम्तिमा आफूले पाउने सेवासुविधाको विवरणको प्रमाण पाएको भन्दै सन्तोष व्यक्त गरिरहेका छन् । सूचनाको हकको प्रयोगबाट आफूले पाउने सेवासुविधा छिट्टै पाउने विश्वास बढेको उनीहरु बताउँछन् ।

# एक क्लिकमा देशैभरका स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा पहुँच स्थापित गर्ने त्यो पुनरावेदन



गणेश दत्त भट्ट (जी भट्ट)*

लोकतान्त्रिक शासन व्यवस्थाको मुख्य खम्बाहरूभित्र पारदर्शिता अभिन्न **अङ्ग** हो । पारदर्शितालाई कार्यान्वयन गर्न राज्यले सूचनाको हकसम्बन्धी प्रावधानलाई नेपालको संविधानको धारा २७ बमोजिम लागू गरेको छ । सूचनाको हकसम्बन्धी ऐनले सूचनाको हकलाई सुनिश्चित गरेको छ ।

राज्यका कामकारवाहीमाथि नागरिकको निगरानीका लागि सूचनाको हक स्थापित छ । राज्यका निकायले प्रवाह गर्ने सेवा तथा त्यसभित्र हुने भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, लापरवाहीलाई सार्वजनिक गर्न सूचनाको हकको प्रयोग गरी सूचना माग गर्दा सुशासन स्थापनामा सहयोग पुग्छ ।

राज्यका निकायमा हुने अधिकांश बेथिति र भ्रष्टाचारमा 'पैसा' जोडिएको हुन्छ । त्यही पैसाकै गडबडी हुँदा कतिपय कर्मचारीमाथि बिगोबमोजिम जरिवाना र सजायसमेत हुने गरेको छ । सरकारी पैसा वा बजेट खर्च गर्दा भएको गडबडी देखाउने लिखित दस्तावेज हो - लेखापरीक्षण प्रतिवेदन । संवैधानिक अङ्ग महालेखा परीक्षकको कार्यालयले राज्यका हरेक निकायको अन्तिम लेखापरीक्षण गर्छ । नेपालको संविधान २०७२ को धारा २४१ मा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारबारे स्पष्ट तोकिएको छ ।

महालेखा परीक्षकको कार्यालयबाट सम्पादन हुने सार्वजनिक महत्वको काम र निर्णयसम्बन्धी लिखत सूचनाको परिभाषाभित्र पर्छ । सूचनाको हकसम्बन्धी ऐनको दफा २(ख) मा

** कञ्चनपुर निवासी भट्ट पत्रकारिता पेशामा आबद्ध छन् ।*

भनिएको छ - 'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ ।

२०७७ साउन २ गते । कञ्चनपुर र कैलालीका ७ स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन माग गर्दै मैले महालेखा परीक्षकको कार्यालयका सूचना अधिकारीलाई इमेलमार्फत् निवेदन पठाएँ । छुट्टाछुट्टै स्थानीय तहबाट सूचना माग गर्दा समय, खर्च र झन्झट बढी हुने भएकाले निवेदनमार्फत् एकीकृत रूपमै महालेखा परीक्षकको कार्यालयले गरेको कार्य अर्थात् लेखापरीक्षण प्रतिवेदन माग गरियो । तर महालेखा परीक्षकको कार्यालयले मैले माग गरेको सूचना दिएन ।

महालेखापरीक्षकको कार्यालयबाट २०७७ असार २१ गते पत्र प्राप्त भयो । निर्देशक नेत्रप्रसाद पौडेलद्वारा हस्ताक्षरित पत्रमा भनिएको थियो, 'तपाईंले सूचनाको हक अन्तर्गत माग गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को कञ्चनपुर र कैलाली जिल्लाका स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन यस कार्यालयको वेबसाइटमा राख्ने कार्य भइरहेकोले आर्थिक वर्ष २०७५/७६ को माग गर्नुभएको सूचना वेबसाइटबाट प्राप्त गर्नुहुन निर्देशानुसार अनुरोध छ ।' संवैधानिक निकायले लेखापरीक्षण प्रतिवेदनहरू वेबसाइटमै राख्ने भनेर लिखित जानकारी नै दिएपछि ढुक्क भएर पर्खाइमा बसियो ।

लेखापरीक्षण प्रतिवेदनको पर्खाइका दिन, हप्ता, महिना बित्दै गए । वेबसाइटमा लेखापरीक्षण प्रतिवेदन भेटिएन । ४ महिनापछि २०७७ कात्तिक १७ गते मैले महालेखापरीक्षकको कार्यालयका सूचना अधिकारीलाई पुनः अर्को निवेदन प्रेषित गरें । सोही दिन साँझ जवाफ प्राप्त भयो, 'स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरूको हेभी लोडका कारण कार्यालयको वेबसाइटमा बाधा भएको । वेबसाइट मर्मत-सम्भार चलिरहेको र अझै पनि लामो समय चाहिन्छ । यस्तो अवस्थामा लेखापरीक्षण प्रतिवेदन संस्थाको सम्पत्ति भएकाले स्थानीय तहका सबै प्रतिवेदनलाई वेबसाइटमा नराख्ने र कसैले त्यस्तो प्रतिवेदन माग गरेमा सम्बन्धित स्थानीय तहमा सिधै सम्पर्क गर्ने निर्णय गरेका छौं । तसर्थ, सम्बन्धित स्थानीय तहलाई सम्पर्क गर्न अनुरोध गर्दैछौं ।'

लामो अवधि ४ महिनासम्म पर्खाएर महालेखापरीक्षकको कार्यालयले अन्ततः सम्बन्धित स्थानीय तहबाटै सूचना लिनू भन्ने आशय प्रेषित गऱ्यो । स्थानीय तहका लेखापरीक्षण

प्रतिवेदन वेबसाइटमा राख्ने विगतको आफ्नै प्रतिबद्धताबाट महालेखापरीक्षकको कार्यालय पछि हट्यो । महालेखापरीक्षकको कार्यालयले संघीय सरकारको लेखापरीक्षण प्रतिवेदनहरू वेबसाइटमा राख्दै आएको थियो । तर स्थानीय तहका प्रतिवेदन सम्बन्धित स्थानीय तहबाटै लिन सूचित गऱ्यो ।

'हेभी लोड' भएर वेबसाइटमा लेखापरीक्षण प्रतिवेदन राख्न नसकिएको भन्ने जवाफ पाएपछि मैले अर्को दिन २०७७ कात्तिक १८ गते पुनः निवेदन प्रेषित गरें । त्यो निवेदनमा मैले वेबसाइटको प्राविधिक जटिलताका कारण वेबसाइटमा राख्न नसके पनि अन्य उपायबाट महालेखापरीक्षकको कार्यालयले नै मलाई सूचना दिन सक्ने जानकारी गराएँ । मैले ३ बुँदामा पुनः सूचना माग गर्दै लेखे -

१. मैले खोजेको सूचना त्यहाँ कार्यालयमा एकीकृत हुँदाहुँदै देशभर छरिएर रहेका स्थानीय तहमा छुट्टाछुट्टै निवेदन दिनु, त्यसका लागि ताकेता गर्नु र छुट्टाछुट्टै सम्पर्क गर्नु झन्झटिलो, खर्चिलो र धेरै समय लाग्ने भएकाले त्यहाँ कार्यालयबाटै सूचना उपलब्ध हुनु उचित हुन्छ । त्यहाँको कार्यालय सूचनाको हकसम्बन्धी ऐनको दफा (२)(क)(१) अनुसार सार्वजनिक निकायको परिभाषाभित्र पर्ने, ऐनको दफा (२)(ङ) अनुसार सार्वजनिक निकायमा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकार समेतलाई सूचनाको हक मानिने भनिएको छ । तसर्थ, त्यहाँ कार्यालयको कम्प्युटर यन्त्रमा रहेका स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरू पेन ड्राइभ, मेमोरी कार्डलगायत डिभाइस माध्यमबाटै कपी/पेस्ट गरेर उपलब्ध गराउन सकिन्छ ।

२. मैले माग गरेको सूचना लेखापरीक्षण प्रतिवेदनको उत्पत्ति नै त्यहाँ कार्यालयबाट भएकाले सूचनाको हकले कार्यालयमा बाधा पर्ने देखिँदैन । लेखापरीक्षणको दूरदृष्टि र मूल्यमान्यतामा समेत 'पारदर्शिता'लाई मुख्य अङ्गका रूपमा समावेश गर्ने गरिन्छ । सूचनाको हकको कार्यान्वयन पारदर्शिता कायम गर्ने मुख्य कडी हो । ऐनको दफा (४)(२)(ख) ले सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने दायित्व सार्वजनिक निकायमाथि सुम्पिएको छ। सरल र सहज रूपमा त्यहाँको कार्यालयबाट सूचना उपलब्ध हुनसक्ने अवस्था हुँदाहुँदै देशभर छुट्टाछुट्टै स्थानीय तहमा सम्पर्क गरेर सूचना सङ्कलन गर्ने विकल्प रोज्नु उचित देखिँदैन ।

३. सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ४ मा सूचनाबापत लाग्ने दस्तुरबारे

व्यवस्था गरिएको छ। नियम ४ को उपनियम (३) मा 'कुनै सूचना तयार गर्दा बढी खर्च लाग्ने भएमा सार्वजनिक निकायले वास्तविक लागतको आधारमा दस्तुर निर्धारण गर्नसक्ने व्यवस्था छ। तसर्थ, विद्युतीय डिभाइसमार्फत् सूचना उपलब्ध गराउँदा लाग्ने लागतअनुसार शुल्क तिर्ने प्रतिबद्धता समेत जाहेर गर्दछु।'

२०७७ कात्तिक २३ गते महालेखापरीक्षकको कार्यालयका निर्देशक/सहायक सूचना अधिकारी नेत्रप्रसाद पौडेलद्वारा हस्ताक्षरित पत्र प्राप्त भयो। जसमा संवैधानिक र कानुनी व्यवस्था उल्लेख गर्दै सूचनाको हकबाट वञ्चित गर्ने थप जिकिर गरिएको थियो।

मलाई प्राप्त पत्रको २ वटा बुँदामा लेखिएको थियो-

१. नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकले सबै सरकारी कार्यालयको लेखापरीक्षण गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन बुझाउने व्यवस्था छ।

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम प्रारम्भिक प्रतिवेदनको कारवाही गर्ने जिम्मेवारी सम्बन्धित निकायको हो भने दफा ३८ बमोजिम सम्बन्धित कार्यालयले बेरुजुको लगत केन्द्रीयस्तर र कार्यालयस्तरमा राख्नुपर्ने व्यवस्था छ। दफा ३९ बमोजिम सम्बन्धित कार्यालयले फछ्र्यौट गर्ने गराउने व्यवस्था छ। अतः उपर्युक्त संवैधानिक तथा कानुनी व्यवस्थाबमोजिम प्रारम्भिक प्रतिवेदन र सोउपरको कारवाही तथा प्रतिवेदन माग गरेको मितिमा बाँकी रहेको बेरुजुको लगत तथा प्रतिवेदन सम्बन्धमा लगत रहने कार्यालयबाटै माग गर्नुहुन अनुरोध छ।

यसरी सूचना अधिकारीको तहबाट मैले सूचना नपाउने स्थिति एकिन भयो। अनि सूचनाको हक सम्बन्धी ऐनको प्रावधानअनुसार २०७७ मंसिर ७ गते महालेखापरीक्षकको कार्यालयका कार्यालय प्रमुखलाई ऐनको दफा ९ अनुसार उजुरी प्रेषित गरियो।

कार्यालय प्रमुखलाई उजुरी गरेको तेस्रो दिन २०७७ मंसिर ९ गते महालेखापरीक्षकको कार्यालयका लेखापरीक्षण अधिकारी विवेक काफ्लेद्वारा हस्ताक्षरित पत्र प्राप्त भयो। जसमा लेखिएको थियो, 'कार्यालयहरूको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनउपर ती कार्यालयहरूले असुलउपर तथा फछ्र्यौट गरी अद्यावधिक गर्ने व्यवस्था भएकाले प्रारम्भिक प्रतिवेदन र सोउपरको कारबाही तथा बेरुजुको अद्यावधिक सूचना पनि सम्बन्धित लगत रहने कार्यालयबाटै प्राप्त गर्न मनासिब देखिएको हुँदा सम्बन्धित कार्यालयबाटै सूचना माग

गर्नुहुन अनुरोध छ ।'

यसरी कार्यालय प्रमुखसँग उजुरी गर्दा पनि माग गरेको सूचना नपाइने स्थिति बन्यो । सुरु निवेदन दिँदा वेबसाइटबाटै लेखापरीक्षण प्रतिवेदन उपलब्ध हुने जानकारी दिएको महालेखापरीक्षकको कार्यालय पछिल्ला दिनमा सूचना उपलब्ध गराउने जिम्मेवारीबाट पञ्छिँदै गयो । मैले महालेखापरीक्षकको कार्यालयले गरेको लेखापरीक्षण प्रतिवेदन मात्रै माग गरे पनि उसले बेरुजु अद्यावधिक हुने कुरा देखाएर सूचना दिनबाट पञ्छिन खोज्यो ।

महालेखापरीक्षकको कार्यालयबाट सूचना नपाएपछि म पुनरावेदन गर्न राष्ट्रिय सूचना आयोग पुगें । २०७७ मंसिर ११ गते आयोगमा पुनरावेदन पेश भई २०७७ मंसिर १५ गते दर्ता भयो । आयोगले पुनरावेदन दर्तापछि २०७७ मंसिर २५ गते महालेखापरीक्षकको कार्यालयसँग सूचना नदिनुको कारण माग्दासमेत महालेखापरीक्षकको कार्यालयले अनेक कारण, उदाहरण र बहाना गर्दै सूचना दिने जिम्मेवारीबाट पञ्छिन खोज्यो ।

महालेखापरीक्षकको कार्यालयका कार्यालय प्रमुख बाबुराम गौतमले आयोगमा पेश गरेको लिखित जवाफमा पुनरावेदन खारेज गरिपाऊँ भन्ने माग गरिएको थियो ।

महालेखापरीक्षकको कार्यालयका कार्यालय प्रमुखले दिएको जवाफका केही अंश यस्ता छन् -

१. लेखापरीक्षण गर्दा महालेखापरीक्षकबाट जारी गरेको लेखापरीक्षकको आचारसंहिता २०७० को बुँदा नं. ५ ले गोपनीयता सम्बन्धमा लेखापरीक्षकले पेशागत गोपनीयताको सम्मान गर्दै कामको सिलसिलामा मौखिक वा लिखित रूपमा जानकारीमा आएका सम्पूर्ण सूचना गोप्य राख्नुपर्दछ । त्यस्तो सूचना कानुनमा भएका व्यवस्था, अख्तियारवालाको स्वीकृति, व्यावसायिक कर्तव्य पालना वा विशेष स्वीकृति लिई प्रकाशमा ल्याउनुपर्ने व्यवस्थाबाहेक तेस्रो पक्षलाई उपलब्ध गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ । कानुनी वा पेशागत दायित्वको कारणबाट अभिव्यक्ति गर्नुपर्ने र अधिकार प्राप्त अधिकारीबाट स्वीकृति लिई जानकारी गराउनुपर्ने अवस्थामा बाहेक लेखापरीक्षणको सिलसिलामा प्राप्त सूचनाको गोपनीयता भङ्ग नहुने । महालेखापरीक्षक वा निजबाट अधिकार प्राप्त गरेका व्यक्तिबाहेक कार्यालयका अन्य कुनै कर्मचारीले लेखापरीक्षणको सिलसिलामा आफूलाई प्राप्त सूचना सञ्चारमाध्यम वा तेस्रो पक्षलाई उपलब्ध गराउन नहुने ।

महालेखापरीक्षकले लेखापरीक्षण गरिने निकाय/संस्थाबाट प्राप्त सूचना तथा जानकारी आफ्नो व्यक्तिगत वा कसैको निजी प्रयोजनका लागि उपयोग गर्नु हुँदैन भन्ने प्रावधान रहेको छ । उक्त व्यवस्थाअनुसार पनि माग भए बमोजिमको सूचना लेखापरीक्षण गर्ने संस्थाले उपलब्ध गराउन मिल्ने देखिँदैन ।

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३२ (१) र (२) बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षणको बेरुजु फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणाली सुदृढ र प्रभावकारी बनाउन एक समिति गठन गर्ने व्यवस्था छ । उक्त समितिले बेरुजुउपर कारवाही नगर्दै महालेखापरीक्षकको कार्यालयबाट अन्य निकायको बेरुजु सूचनाको हकअन्तर्गत मिडियामा उपलब्ध गराउनु उपयुक्त हुँदैन ।

महालेखापरीक्षकको कार्यालयले कानुनबमोजिम सूचना दिने कर्तव्यबाट पञ्छिन थुप्रै आधार पेश गर्‍यो । तर सूचनाको हक सम्बन्धी ऐनमा भएको आधारलाई नजरअन्दाज गरिरह्यो । आयोगले महालेखापरीक्षकको कार्यालयले दिएको जवाफ २०७७ चैत १० गते मलाई पठायो । कार्यालयको लिखित जवाफमा चित्त नबुझी मैले सूचना पाउनुपर्ने भनी २०७८ बैशाख १७ गते पुनः उजुरी गरें । त्यसमा मेरो जिकिर थियो -

१. मैले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐनको दफा ३(३) बमोजिम प्रवाह नगर्नुपर्ने सूचनाभित्र नपर्ने ।

२. मैले सूचना माग गर्दा पहिलोपटक महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदन वेबसाइटमै राख्ने भनेर लिखित प्रतिबद्धता जनाएको ।

३. महालेखापरीक्षकको कार्यालयले संघीय निकायका लेखापरीक्षण प्रतिवेदन वर्षौंदेखि र प्रदेशका लेखापरीक्षण प्रतिवेदन स्थापना भएदेखि नै वेबसाइटमै राखेर सार्वजनिक गरिरहेको सन्दर्भमा स्थानीय तहका लेखापरीक्षण प्रतिवेदन मात्रै लुकाउनुपर्ने र सूचना नै दिनु नपर्ने कुरा उचित देखिँदैन ।

४. बेरुजु विवरण थपघट हुने भएकाले सम्बन्धित स्थानीय तहबाटै सूचना माग्नु भन्ने सन्दर्भमा मैले लेखापरीक्षण भएपछि तयार भएको प्रतिवेदन माग गरेकाले महालेखाले त्यसबाहेक टाउको दुखाउनु आवश्यक देखिँदैन । नागरिकले माग गरेजति र माग गरेकै ढाँचामा सूचना उपलब्ध गराउनु हरेक सार्वजनिक निकायको दायित्व हो ।

५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयले प्रत्येक कार्यालय अर्थात् सबै स्थानीय तहको अन्तिम लेखापरीक्षण गर्नुपर्ने र दफा ५६ बमोजिम प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले ७ दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने प्रावधान छ। तसर्थ, ऐनको दफा ३५ बमोजिम महालेखाले तयार पारेको प्रतिवेदन दफा ५६ बमोजिम सार्वजनिक गर्नुपर्ने देखिन्छ। स्वतः सार्वजनिक गर्नुपर्ने प्रतिवेदनलाई सूचना माग गर्दा समेत लुकाउनु र उपलब्ध नगराउनु गैरकानुनी छ। स्थानीय तहको प्रतिवेदन लुकाउनुपर्छ भनेर ऐनमा कतै उल्लेख छैन, बरु सार्वजनिक गर्नुपर्ने कुरा उल्लेख छ।

६. सामान्य बुझाइका हिसाबले पनि जनताको करबाट सङ्कलित राजस्वको सञ्चय, परिचालन र खर्चको विवरण र अवस्थालाई थाहा पाउनु हरेक नागरिकको हक हुन्छ। लेखापरीक्षण प्रतिवेदनमा कुनै व्यक्तिको व्यक्तिगत सम्पत्ति वा खर्चको विवरण समावेश नहुने तथा सबै विषय सार्वजनिक सरोकार र चासोसँग सम्बन्धित हुने भएकाले स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन लुकाइराख्नुपर्ने, सार्वजनिक गर्न नहुने देखिँदैन।

मेरो पुनः उजुरीको दाबीपछि २०७८ असार २४ गते बसेको आयोगको बैठकले मागबमोजिमको सूचना दिनुपर्ने ठहर गऱ्यो। आयोगको ठहर खण्डमा उल्लेख छ, 'सूचना मागकर्ताले माग गरेको विषय, महालेखापरीक्षकको कार्यालयको लिखित जवाफ, पुनरावेदकको मागदावी, संवैधानिक तथा कानुनी व्यवस्था, प्रचलनलाई समेत ध्यानमा राख्दा प्रस्तुत पुनरावेदनमार्फत् माग भएको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) भित्र पनि पर्ने विषय नभएको हुँदा सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा (३) को खण्ड (क) बमोजिम सूचना मागकर्तालाई १५ (पन्ध्र) दिनभित्र सूचना उपलब्ध गराउन तथा यस्ता लेखापरीक्षण प्रतिवेदनहरू अबदेखि संवैधानिक तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम तोकिएको समयभित्रै उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गर्नू गराउनू भनी महालेखापरीक्षकको कार्यालय काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ।'

यसरी संवैधानिक निकाय महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदन सम्बन्धी सूचना लुकाउने थुप्रै प्रयत्न गर्दागर्दै पनि पुनरावेदकको दावी र आधारका आधारमा सूचना

दिनू भन्ने आदेश राष्ट्रिय सूचना आयोगबाट भयो । साथै स्वतः सार्वजनिक गर्नुपर्ने प्रतिवेदनहरू उपयुक्त माध्यमबाट सार्वजनिक गर्न पनि आयोगले आदेश गऱ्यो । त्यसपछि महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष देशैभरका ७५३ स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरू वेबसाइटबाट सार्वजनिक गर्दै आएको छ ।

नेपाली नागरिकले देशभरका जुनसुकै स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन, आर्थिक गडबडी, कार्यसम्पादनको अवस्थाबारे एकै क्लिकमा थाहा पाउनसक्ने अवस्था सूचनाको हकका कारण स्थापित भएको छ । हामीले जुनसुकै विषय पनि टुङ्गोमा नपुगेसम्म निरन्तर लागिराख्ने हो भने सूचनाको हक स्थापित गर्न सकिने विश्वास आयोगको आदेशले दिएको छ । हामी जुनसुकै नागरिकले पनि सूचनाको हकका लागि पैरवी गर्दा त्यसबाट अन्य नागरिकलाई समेत लाभ मिल्ने, पारदर्शिता कायम हुने र लोकतन्त्र थप सुदृढ हुने देखिन्छ ।

# सूचनाको हक : प्रयोग, सङ्घर्ष र उपलब्धी



परशुराम साह

आफ्नो र सार्वजनिक सरोकारका जुनसुकै विषयको सूचना माग्ने र पाउने नेपाली नागरिकको अधिकारलाई नेपालको संविधान २०७२ को धारा २७ ले सुनिश्चित गरेको छ। नेपालको सरकारले जारी गरेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ मा सार्वजनिक निकायमा रहेका कुनै पनि लिखत, सामग्री, कामकारवाहीको अध्ययन, अवलोकन, लिखतको प्रमाणित प्रतिलिपी प्राप्त गर्ने, निर्माण स्थलको भ्रमण, अवलोकन वा कुनैपनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारको ग्यारेन्टी गरेको छ। यस अर्थमा उपरोक्त सूचनामाथिको पहुँच नै सूचनाको हक हो।

नागरिकले तिरेको करबाट चल्ने सार्वजनिक निकाय नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नुपर्ने,सूचनाको वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिक गर्नुपर्ने, सूचनामा नागरिकको सहज पहुँच बढाउनुपर्ने, आफ्ना कामकारवाही खुला र पारदर्शी गर्नुपर्ने तथा आफ्ना कर्मचारीका लागि तालिम एवम् प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने हरेक सार्वजनिक निकायको दायित्व हो। यी दायित्व नबुझेका र व्यक्तिगत लाभका लागि सार्वजनिक पदको दुरुपयोग गर्ने कतिपय सार्वजनिक निकायका अधिकारी र पदाधिकारीका कारण सूचनाको हक प्रयोगमा नागरिकको सहज पहुँच हुन नसकेको अवस्था विद्यमान छ।

सूचनाको हक प्रचलन हुन नसकेका कारण एकातिर नागरिकले आफ्नो सरोकारका सूचनाको खोजी गर्न नसकेर उनीहरू राज्यको सेवा, सुविधा, अवसर र सहुलियतमा सहज पहुँच स्थापित गर्न तथा सार्वजनिक निकायलाई नागरिकले तिरेको करको महत्व र दायित्व बुझाउन सकिएको छैन।

यो अवस्थाको अन्त्यका लागि संवैधानिक र कानुनी व्यवस्था र राष्ट्रिय सूचना आयोगको

भूमिकाले मात्र सम्भव छैन, हुँदैन । यसका लागि आफ्ना काम, कर्तव्य र अधिकार बुझेका, राज्य, सरकार एवम् नागरिकबीचको भिन्नता बुझेका नागरिक हुनुपर्छ । आफ्नो हक, अधिकार, कर्तव्य र जिम्मेवारीबारे प्रष्ट जानकारी नभएको व्यक्तिले नागरिक भूमिका निर्वाह गर्न सक्दैन । यस्ताखाले नागरिकले सूचनाको हक कार्यान्वयन गर्न आवश्यक नठानेका सूचना लुकाउने र दवाउने संस्कारवाट ग्रसित सार्वजनिक निकायका अधिकारी र पदाधिकारीलाई सूचनाको हकको महत्व बुझाउन सक्दैन। यसो नहुन दिनका लागि जनता जगाउने अभियानमार्फत् नागरिकको काम, कर्तव्य र अधिकारबारे बुझाई सूचनाको आवश्यकता र महत्वबारे बुझाउन आवश्यक छ । यही आवश्यकताको महसुस गरी मैले सिरहा जिल्लामा अनलाईन र अफलाइनमार्फत् कयौं नागरिकलाई सूचनाको हक, यसको आवश्यकता, महत्व र प्रयोग गर्ने विधि र प्रक्रियाबारे प्रशिक्षित बनाउने कोसिस गरेको छु ।

विभिन्न सार्वजनिक निकायमा सूचनाको हकको पालना र कार्यान्वयनको अवस्थालाई आत्मसात् गराउन निकै सङ्घर्ष गर्नङ्खपरेको अनुभव पनि मसँग छ । जसको छुट्टाछुट्टै र रोमाञ्चक कथाहरू पनि छन् ।

पर्याप्त नभए पनि सूचनाको हकको प्रयोगमा चलाएको अभियानले जवाफदेही बन्न कयौं सार्वजनिक निकायलाई झक्झक्याएको अनुभूति मलाई भएको छ । सूचना मागका लागि गरिएको सङ्घर्षले सूचना मागकर्तालाई हौस्याएको छ भने सार्वजनिक निकायका पदाधिकारीहरूको मानसिकतामा परिवर्तन ल्याउन सघाउ पुगेको छ ।

शुरुमा मैले अभियान चलाउँदा, जिल्ला प्रशासन कार्यालयमा हुने सूचना अधिकारीहरूको बैठक, कार्यालय प्रमुखहरूको बैठकमा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीले पत्रपत्रिकामा सूचना छापेर कार्यालयका गतिविधि चुस्तदुरुस्त राखेको बताउँदै सूचना माग गरेर आफूहरूलाई दुःख दिने नियतले सूचना माग गरिरहेको आरोप लगाए ।कतिपय पालिकाका प्रमुखहरूले सूचना माग गरेर निगरानी गर्ने अधिकार कसले दियो ? भन्ने प्रश्न गरेर मलाई कार्वाही गर्न प्रमुख जिल्ला अधिकारी (सिडिओ)लाई गुहारे ।कतिले पत्रकार पनि उचाले । सूचनाको हक प्रचलनमा आफूले गरेको योगदानको कदरस्वरूप राष्ट्रिय सूचना आयोगले राष्ट्रपतिबाट सम्मान गरिसकेपछि अहिले त्यो अवस्थामा सुधार आएको छ ।

एउटा अभियानकर्मीका रुपमा मैले कयौं नागरिकलाई अभियन्ताका रुपमा सक्रिय बन्न

प्रेरित गरेको छु भने आफै पनि सूचनाको हक प्रयोग गरी सार्वजनिक निकायलाई पारदर्शी र जवाफदेही बनाउन प्रयास गरेको छु। यस सन्दर्भमा सूचना माग गरेर सार्वजनिक निकायलाई जवाफदेही बनाउन सकारात्मक प्रभाव परेका केही घटनाबारे उल्लेख गर्नु सान्दर्भिक हुने ठानेको छु।

**१. कानुन विपरीत असुलीको खुलासा**

एसईई परीक्षाका लागि प्रयोग हुने फारम शिक्षा विकास तथा समन्वय इकाई सिरहाले विक्री गरिरहेको चर्चा सुनें। मैले यो विषयमा चासो राखें। बुझ्दै जाँदा,इकाईको परीक्षा फाँटबाट प्रतिफारम रू. २०/- का दरले फारम खरीद गरी रकम तिरेका प्रधानाध्यापकहरूले बिलको खोजी नगर्ने र उता प्रतिफारम रू.२०/- का दरले असुली गरेका इकाई कार्यालयले राजस्वमा जम्मा नगरी कर्मचारीहरू आपसमा बाँडफाड गर्ने गरेको भित्री जानकारी पाइयो।

यसपछि मैले ८ माघ, २०७९ मा, फारमबापत दस्तुर तिर्नुपर्ने कुन कानुनमाव्यवस्था छ ? र, सङ्कलित रकम कुन बैंकको, कति नम्बर खातामा, कति रकम जम्मा भयो ? भनी इकाईसँग सूचना माग गरें।

त्यसपछि, शिक्षा विकास तथा समन्वय इकाई, सिरहाका इकाई प्रमुख रामवृक्ष महतोले ११ माघ, २०७९ मा सूचना दिनुभयो। कानुन विपरीत फारमबापत असुल गरिएको रकम लेखा नियन्त्रण कार्यालय सिरहाको राष्ट्रिय बाणिज्य बैंक, सिरहामा रहेको ख-६-२१३०१००१०२०६०००० नम्बरको विविध खातामा फरकफरक भौचरमार्फत् १ लाख ५२ हजार ९ सय ६० रुपैयाँ बुझाइएको भौचर उपलब्ध गराइयो।

रकम जम्मा गरेको भौचरमा, जम्मा गर्ने तेजनारायण गुप्ता (कार्यालय सहयोगी) र बापतमा फारम बिक्री भनेर लेखिएको रहेछ। ११ माघ, २०७९ मा पहिलो भौचरमार्फत् ६९ हजार २ सय ८० र दोस्रो भौचरमार्फत् ८३ हजार ६ सय ८० रुपैयाँ जम्मा गरिएको रहेछ। यी दुवै फारमबापत लाग्ने वास्तविक रुपैयाँ ७ हजार ६ सय ४८ बराबरका रकम हुन आउने रहेछ।

उक्त शैक्षिकसत्रमा सिरहा जिल्लाबाट १० हजार ५सय विद्यार्थीले एसईईको फारम भरेका रहेछन्। बाँकी रकम केमा खर्च भयो ? भनी पुनः सूचना माग गरेपछि इकाई प्रमुख महतोले लेखा हेर्ने कर्मचारी नरहेको जवाफ फर्काएको केही दिनमै सिरहाबाट सरुवा भए। उनको सरुवापछि ती प्रश्न अनुत्तरित रहेता पनि सूचना हकको औजार प्रयोग गरेर कानुन विपरीत

एसईई परीक्षाको फारम बिक्री गरी त्यो रकममा रजाइँ गर्ने इकाइका कर्मचारीको मात्र होइन,पैसा तिरेर बिल माग नगर्ने अथवा कानुनी आधारको खोजी नगर्ने प्रधानाध्यापकको मुकुण्डो खोल्न सक्दा यस्ता विषयमा प्रश्न गर्ने प्रधानाध्यापकको सङ्ख्या बढेको छ भने कानुन विपरीतका यस्ता कार्य गर्नबाट इकाई पछि हटेको छ।

२. **कमिशनको रकम खातामा जम्मा**

साना किसान कृषि सहकारी संस्था लि. बिष्णुपुरका सेयर धनीहरूले संस्थाले आफूहरूसँग बजार भाउभन्दा अत्यधिक मूल्यमा मलखाद बिक्री गरिरहेको गुनासो सुनाए। परल मूल्य कति हो ? भनेर सोध्दा, आफूहरूलाई थाहा नभएको उनीहरूले सुनाए। त्यसपछि, मैले ५ भदौ, २०७९ मा उक्त संस्थासँग मलखाद खरीद गर्दा लागेको खर्च, बिक्री गर्न तोकिएको दररेट, खरीद गर्न भएको निर्णय र खरीद बिलको प्रमाणित प्रतिलिपी सूचनाको हकको प्रयोग गरी सूचना अधिकारीलाई सम्बोधन गरी सूचना माग गरें।

यसरी संवैधानिक मौलिक हकका रुपमा नेपाली नागरिकलाई प्रत्याभूत गरिएको सूचनाको अधिकार प्रयोग गर्दा सूचना दिनुको साटो संस्थाको आन्तरिक कुरो किन दिने ? भनी मलाई प्रतिप्रश्न गरियो। मैले माग गरेको सूचना सूचना अधिकारीले उपलब्ध नगराएपछि २१ भदौ, २०७९ मा कानुनबमोजिम सोही कार्यालयका प्रमुखसमक्ष उजुरी गरें।

उजुरीका सम्बन्धमा संस्थाका कार्यालय प्रमुखले जाँचबुझ र सूचनाका लागि आदेश नदिएपछि ३१ भदौ, २०७९ मा सूचना उपलब्ब्ध गराइदिन राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरें। पुनरावेदन राष्ट्रिय सूचना आयोगमा दर्ता भई सोको मुद्दा नम्बर १३४ कायम भयो। उक्त मुद्दामा राष्ट्रिय सूचना आयोगबाट ७ असोज, २०७९ मा सूचना नदिनुपर्ने केही कारण, आधार र प्रमाण भए ७ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी विपक्षी कार्यालयका प्रमुखका नाममा आदेश भयो।

राष्ट्रिय सूचना आयोगबाट आदेश भइसकेपछि, संस्थाका प्रबन्धक उपेन्द्र कुमार यादवले ६ कार्तिक, २०७९ मा सूचना उपलब्ध गराउनु भयो। प्राप्त भएको सूचना अनुसार, साना किसान सहकारी संस्था लि. बिष्णुपुरका सञ्चालक समितिका सदस्यसमेत रहेका रामेश्वर महतोले संस्थाबाट ९ लाख ४८ हजार ६ सय पेश्की लिएर भावना एण्ड प्रभाष कृषि फर्म, लहान- १०, बस्तीपुरबाट ४ लाख ३६ हजार ५० रुपैयाँ बराबरको १ सय ७० बोरा

आरपिएम मल र ५ लाख १२ हजार ५ सय ५० रुपैयाँ बराबरका १ सय ७० बोरा आरपिएम २०-२० मल खरीद गरेका रहेछन् । खरीदपछि, प्रतिबोरा २६५० रुपैयाँ मूल्यपर्ने मलखाद ३१०० मा र बोराको २२०० मूल्यपर्ने मलखाद२४०० मा बिक्री गर्दै आइरहेका रहेछन् । जब यो विषयमा सूचनाको हकको औजार प्रयोग भयो, त्यसपछि, मलखादखरीद गरेकै मितिमा १ लाख ६६ हजार ६ सय कमको अर्को बिल उही फर्मबाट बनाएर पेश गरे । यसरी अर्को बिल पेश गरिसकेपछि अत्यधिक मूल्यमा मलखाद खरीद गरेको भन्दै उक्त संस्थाका सञ्चालक समितिले निलम्बन गर्ने, निजबाट १ लाख ६६ हजार ६ सय रकम असुलउपर गर्ने तथा ३१०० रुपैयाँमा बिक्री भइरहेको मलखाद २६५० र २४०० मा बिक्री भइरहेको मलखाद २२०० रुपैयाँमा बिक्री गर्ने निर्णय गर्‍यो । यसरी सूचनाको हकको प्रयोगबाट अन्यायमा परेका उपभोक्तालाई न्याय दिलाउन सकिन्छ र अनुचित काममा रोक लगाउन सकिन्छ भन्ने बुझाई स्थानीय आमनागरिकमा विकास भएको छ ।

### ३. प्रश्नपत्र बिक्रीमा रोक

सिरहा नगरपालिकाले ०७८/०७९ सालको अर्द्धवार्षिक परीक्षाका लागि चाहिने प्रश्नपत्र पालिकाको शिक्षा शाखाबाट खरीद गर्न विद्यालयहरूको नाउँमा सूचना जारी गर्‍यो । जारी सूचनामा कक्षा १ देखि ५ सम्मको प्रतिप्रश्नपत्र रू.१०/-, कक्षा ६ देखि ८ सम्मको प्रतिप्रश्नपत्र रू.१५/- र कक्षा ९ र १० को प्रतिप्रश्नपत्रको रू.२०/- मुल्य तोकिएको थियो ।

माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा गइसकेको अवस्थामा नामका लागि परीक्षा समिति गठन गरेर पालिकाबाट छपाईको काम गरी प्रश्नपत्र बिक्री गर्ने सिरहाका हरेक स्थानीय तहको परिपाटी नै थियो । मैले २२ फागुन, २०७८ मा सिरहाका १७ वटै पालिकासँग परीक्षा समिति गठनको कानुनी आधार, प्रश्नपत्रबापत विद्यालयहरूले तिरेको रकम कुन बैंकको, कति नम्बर खातामा, कति रकम जम्मा भयो ? विद्यालयहरूले कुन शीर्षकको रकमबाट प्रश्नपत्र खरीद गर्ने गरेका छन्? प्रश्नपत्र छपाइमा कति खर्च भयो ? बचत कति छ ? लगायतका सूचना माग गरें ।

सूचना माग गरेपछि, सूचना पाउनु त कता हो कता, सिरहा नगरपालिकाले सूचना माग गरेको भोलिपल्टै कार्यरत विद्यालयबाट मावि लगडीगदियानीमा मलाई काज सरुवा गरिदियो । अन्य पालिकाका प्रमुखहरूले सिडिओ कार्यालयमा मेराविरुद्ध उजुरी गरे । मावि लगडीगदियानी मेरो घरबाट लगभग १८ किलो मिटरको दुरीमा पर्दछ ।

सूचना माग गरेकै कारण मेरो काज सरुवा गरिएको प्रस्टै थियो । सरकारी शिक्षकको जागिर खाएर सूचना माग गर्न पाइँदैन भन्ने दवाब ममाथि थियो ।

त्यसपछि मैले सूचनाको अधिकार प्रयोग गरी काज सरुवाको कानुनी आधार के हो ? भनी सिरहा नगरपालिकामा पुनः सूचना माग गरें । त्यसपछि, काज सरुवा बदर गरिदिने तर सूचना माग गरी दिइएको निवेदन फिर्ता लिनुपर्ने शर्त अगाडि सारियो । मैले शर्त स्वीकार नगरेपछि पालिकाको ठाडो निर्देशनमा विद्यालयका प्रधानाध्यापकले विद्यालयको हाजिरीमा रोक लगाए । ३/४ दिनपछि विद्यालयको मूल गेटमा ताल्चा लगाइदिन निर्देशन भयो र निर्देशनबमोजिम ताल्चा  पनि लगाइयो ।

कानुनविपरीतका सरुवा बदरको माग गरी अदालत गएँ !अदालतले मेरो पक्षमा आदेश गरेपछि पनि विद्यालयमा हाजीर गर्न दिइएन । प्रमुख जिल्ला अधिकारी लालबावु कपाडीबाट पहल भएपछि विद्यालयमा हाजिरी त गराइयो, तर तलव रोक्का गरिदियो ।

मैले तलव रोक्का गर्नुको कारण र कानुनी आधारको जवाफका लागि पुनः सूचना माग गरें ।  कुनै पनि सूचना उपलब्ध नभएपछि, कार्यालय प्रमुखको नाउँमा उजुरी र उजुरीपछि पनि सूचना उपलब्ध नभएपछि राष्ट्रिय सूचना आयोगमा प्रत्येकका विरुद्धमा पुनरावेदन गरें ।

मैले गरेको पुनरावेदनको मुद्दा नं.  १०५५,  १०६६, १०६७ र  १०६८ गरी ४ वटा मुद्दामा आयोगबाट पटक-पटक आदेश भयो । आदेशपछि सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवले मलाई सूचना नदिएर १ सय ७४ पेजको सूचना २२ साउन, २०७८ मा  आयोगमा पठाइयो । आयोगबाट मैले ती सूचना लगभग ५ महिनापछि २२ पुस, २०७९ मा प्राप्त गरें । प्राप्त सूचना अधुरा थिए । मेरो प्रश्नको जवाफ थिएन ती सूचनामा ।  त्यसपछि मैले तीन महले विवरण फारम पेश गरी दफा ३२ बमोजिमको कार्वाहीको दावी गरें । मैले माग गरेको दावीबमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई राष्ट्रिय सूचना आयोगबाट १५ हजार रुपैयाँ जरिवाना भयो । तर, ती बाँकी सूचना र क्षतिपूर्ति पाउन अझै बाँकी छ ।

यसरी सूचना माग गरेपछि, सूचना माग गरेकै आरोपमा लामो सङ्घर्ष त गर्नुपर्‍यो तर पालिकाको प्रश्नपत्र बिक्री गर्ने अवैध धन्दा पनि बन्द भयो । यसपछि सिरहाका १७ वटै पालिकाले प्रश्नपत्र र कपी पालिकाबाटै उपलब्ध गराउने कामको पनि थालनी भयो ।

सूचनाको औजारमा कति तागत छ ? यस घटनाबाट सहजै अनुमान गर्न सकिन्छ ।

### ४. राजश्व असुलीमा बृद्धि

सिरहा भन्सार कार्यालयसँग २०७९/०८० को श्रावणदेखि मंसिर महिनासम्मको राजस्व उठाउने लक्ष्य र असुली भएको विवरणका लागि सूचना माग गर्दा पुस महिनामा ५६ प्रतिशत राजस्व असुली भएको विवरण प्राप्त भयो । साउनमा २३, भादौमा २०, असोजमा २७, कार्तिकमा ३० र मंसिरमा २५ प्रतिशत राजस्व असुली गरेको कार्यालयसँग उक्त व्यहोराको सूचना माग गर्दा अन्य महिनाको तुलनामा पुस महिनाको राजस्व असुलीमा बृद्धि भएको देखियो । भन्सार कार्यालयका सूचना अधिकारी गोपाल महतोले उक्त सूचना उपलब्ध गराउनु भएको थियो । सूचना माग गरेर पनि राजस्व छल्ने काममा रोक लगाउन सकिने कामको उदाहरण हो, यो ।

### ५. बिनाकार्यादेश विज्ञापनको भुक्तानी

कार्यालयको अनुमतिबिना नै छापिएका र प्रसारण गरिएका विज्ञापनको भुक्तानी पालिकाहरूले गरिरहेको रहस्य पनि सूचनाको हकको प्रयोगबाटै खुलेको छ । सिरहाका १७ वटै पालिकासँग विज्ञापन प्रकाशन र प्रसारणका लागि सञ्चारका माध्यमहरूसँग भएको सम्झौता र कार्यादेशको प्रमाणित प्रतिलिपि माग गरेपछि कतिपय सञ्चारका माध्यमले कार्यालयको अनुमतिबिना नै छापिएका वा प्रसारण गरिएका विज्ञापनको भुक्तानीका लागि बिल पेश गर्ने र त्यसरी छापिएका वा प्रसारण गरिएका विज्ञापनको सिसी ननापीकनै भुक्तानी दिने गरिएको पालिकाहरूले पठाएको सूचनाको विवरणबाट स्पष्ट हुन्छ ।

विज्ञापन प्रकाशन वा प्रसारणका लागि अहिलेसम्म कुनैपनि किसिमको सम्झौता वा कार्यादेश लिने वा दिने चलन नरहेको सूचना उपलब्ध गराएलगतै कतिपय पालिकाले अनुमति नलिई छापिएका वा प्रसारण गरिएका विज्ञापनको भुक्तानी दिन पालिका बाध्य नहुने सूचना जारी गरेका छन् । यसरी सूचना माग गरेपछि स्थानीय तहका कर्मचारीमा थप सचेतनाको बृद्धि भएको छ ।

### ६. ४० करोड महसुल बक्यौता

नेपाल विद्युत प्राधिकरण, लहान वितरण केन्द्रका ग्राहकबाट असुल गर्न २०८० फागुनसम्मको ४० करोड ९५ लाख ४० हजार १सय ९८ रुपैयाँ महसुल बक्यौता रहेको पोल सूचनाको

हकको प्रयोगबाटै खुलेको छ। आर्थिक वर्षको फाल्गुण मसान्तसम्म ३५.१५ प्रतिशत विद्युत चुहावट दर रहेको लहान वितरण केन्द्रको कार्यक्षेत्रभित्रका स्थानीय तहहरूबाट २०८० फागुनसम्मको १ करोड ८९ लाख ३७ हजार १ सय ४९ रुपैयाँ ३४ पैसासडक बत्तिको महसुल उठाउन बाँकी रहेको देखिएको छ। बिनाअनुमति सडक बत्ति उपभोग गरेका लहान नगरपालिकाले २०८० फागुन महिनासम्मको १ करोड ३८ लाख ११ हजार ८६ रुपैयाँ ८४ पैसा, धनगढीमाई नगरपालिकाले १४ लाख ७८ हजार ३९० रुपैयाँ ६३ पैसा, भगवानपुर गाउँपालिकाले ८ लाख ३४ हजार १ सय ८७ रुपैयाँ ५० पैसा, नवराजपुर गाउँपालिकाले ६ लाख २५ हजार ६ सय ४० रुपैयाँ ६३ पैसा, लक्ष्मीपुरपतारी गाउँपालिकाले ७ लाख २८ हजार १५ रुपैयाँ ६३ पैसा, सुखिपुर नगरपालिकाले ८ लाख ३४ हजार १ सय ८७ रुपैयाँ ५० पैसा, र सखुवानान्कारकट्टी गाउँपालिकाले ६ लाख २५ हजार ६ सय ४० रुपैयाँ ६३ पैसा तिरेका छैनन्।

२७ चैत्र, २०८० मा सडक बत्तिका लागि अनुमति लिएका स्थानीय तहको नामावली विवरण, विद्युत चुहावटको दर, कुन स्थानीय तहले सडक बत्तिको कति महसुल तिर्न बाँकी छ ? भन्ने व्यहोराको सूचना माग गरेपछि यो रहस्य बाहिर आएको छ। यसरी सूचना मागगरेपछि सडक बत्तिको जडान र बक्यौता महसुल असुलीको कार्यलाई प्राथमिकतामा राखेको छ। यसरी सूचना माग गरेर सार्वजनिक निकायमा हुने अनियमिततालाई रोक्न सकिन्छ। प्रमाण सङ्कलन गरेर अनियमतताविरुद्ध लड्न र सार्वजनिक निकायलाई जवाफदेही बनाउन सकिन्छ।सार्वजनिक निकायका कामकार्वाही खुला गराउन सकिन्छ। नागरिकलाई लोकतन्त्रको अनुभूति गराउन सकिन्छ तर यति गराउनलाई एउटा अभियन्ताले कति सास्ती र हैरानी व्यहोर्नुपर्छ ? यो सोचनीय विषय बनेको छ।

संविधान र कानुनमा भएको व्यवस्थाको पक्षमा वकालत गर्दा अभियन्ता विरुद्ध अनर्गल विषय जोडेर प्रचार गर्नु, धाकधम्की दिइनु, कानुनले दिनु भनेको सूचना लुकाएर नेपालको संविधान २०७२ को धारा २७ उल्लङ्घन गर्नङ्ख, अभियन्तालाई निरुत्साहित पार्नेजस्ता काम नगर्नु नै सार्वजनिक निकायका पदाधिकारीका लागि श्रेयकर हुन्छ। अभियन्ताले आफ्नो जीवनको अमूल्य समय र अर्थ खर्चेर चलाएको अभियान र त्यसबाट प्राप्त उपलब्धीलाई सार्वजनिक सम्पत्तिको रुपमा लिइयो भने मात्र अभियन्ताले आफूले चलाएको अभियानबाट सन्तुष्टिको आभाष पाउन सक्छ।

# जनसरोकार र जनहितका सूचना प्राप्त गर्न सूचनाको हक



प्रकाशचन्द्र जोशी*

माग गरेको विषय : यातायात व्यवस्था विभागले गरेको ईलेक्ट्रोनिक ड्राइभिङ्ग लाइसेन्स एण्ड भेहिकल रजिस्ट्रेशन सिस्टम (ईभीएलभीआरएस) प्रणालीमा शङ्कास्पद रुपमा भण्डारण भएका तथ्याङ्कहरूको छानबिन प्रतिवेदन। आयोगको आदेशपछि प्राप्त गरेको ।

नेपालको संविधानले सूचनाको हकलाई नागरिकको मौलिक हकका रुपमा स्थापित गरेको छ। 'प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ', भनी नेपालको संविधानको धारा २७ मा उल्लेख छ। यससँगै कानुनबमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य नपारिने व्यवस्थासमेत संविधानले गरेको छ।

यतिमात्रै होइन, सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले समेत नेपाली नागरिकलाई सूचनाको हक प्रदान गरेको छ। 'प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधिनमा रही सूचनाको हक हुनेछ' भनेर ऐनको दफा ३ मा स्पष्ट छ।

संविधान र कानुनले व्यवस्था गरेपनि यी हक धेरै ठाउँमा र धेरै पटक सैद्धान्तिक हिसाबले मात्रै लागु हुन्छन्, व्यवहारमा सूचना पाउन कठिनाइ नै हुन्छ।ऐनको दफा ४ ले सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्ने भने पनि हरेक बेला त्यस्तो अवस्था रहँदैन।

यसै ऐनको दफा ६ ले सूचना प्रवाहका लागि सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था गरेको छ। संविधान र ऐन अनुसार सूचनाको हकको वास्तविक बोध र आभाष

---

** लेकम- ५, दार्चुला, हाल काठमाडौं*

गराउने महत्वपूर्ण काम गरेको छ- राष्ट्रिय सूचना आयोगले । कतिपय सार्वजनिक निकायबाट सहजै पाउन नसकिएका सामान्य सूचना पाउन पनि राष्ट्रिय सूचना आयोग धाउनु पर्छ । राष्ट्रिय हित विपरीतका सूचना माग्न खोज्नु गलत हो तर नागरिकले राष्ट्रहितका लागि आवश्यक र सार्वजनिक महत्वका सूचना सहजै पाउनुपर्छ ।

प्रशासनिक प्रक्रियाको जटिलता र सार्वजनिक निकायको आफ्नो कमजोरी नागरिकको सूचना पाउने हकसँग बाभिनु हुँदैन । यस्तो अवस्था आएका बेला सूचनाको हकको औचित्य पुष्टि गर्न राष्ट्रिय सूचना आयोग पछि परेको छैन ।

गत वर्ष २०८० सालको माघमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रहेको काठमाडौंको मिनभवनस्थित यातायात व्यवस्था विभागले 'नक्कली सवारीचालक अनुमतिपत्र (लाइसेन्स)' वितरण भएको निष्कर्ष निकाल्दै एक अध्ययन प्रतिवेदन तयार पारेको थियो ।

उक्त प्रतिवेदनमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान थालेको थियो । अनुसन्धान एवम् छानबिनका क्रममा यो विषय लम्बिँदै जाँदा सामाजिक सञ्जाल र सञ्चार माध्यममा समेत नक्कली लाइसेन्स वितरण भएको भन्ने विषयले निरन्तरता पाइरहेको थियो ।

सार्वजनिक निकायकै कुनै व्यक्तिको बदनियत एवम् आर्थिक लाभको लोभ र बाह्य क्षेत्रका व्यक्तिको गैरकानुनी प्रयासले नक्कली लाइसेन्स वितरण भएको हुनसक्ने आशङ्का र अनुमान हुँदै आएको थियो ।

यस्तो अवस्थामा उक्त प्रतिवेदनमा भएको वास्तविकता आमनागरिकका लागि महत्वको विषय बनेको थियो । प्रतिवेदनमा के-कस्ता कुरा छन् ? कसरी फर्जी लाइसेन्स बाँडिएको देखियो र यसबाट आमनागरिक कसरी सचेत रहनेलगायत विषयमा जानकारी प्राप्त गर्नका लागि प्रतिवेदनको अध्ययन आवश्यक थियो ।

यसक्रममा म आबद्ध सञ्चारगृह बाह्रखरी मिडिया प्रा.लि (बा-हखरीडटकम) र एक सञ्चारकर्मीकातर्फबाट विभागमा सूचनाको हकको प्रयोग गरी सूचना माग गरिएको थियो । त्यतिबेला निकै चर्चामा रहेको यस विषयमा छानबिन एवम् अनुसन्धान भइहेको थियो । छानबिनका क्रममा रहेको प्रतिवेदन सार्वजनिक गर्दा वा उपलब्ध गराउँदा नक्कली लाइसेन्स

वितरणको अवैध कार्यमा संलग्नहरूले प्रमाण मेटाउन सक्ने, भाग्न सक्नेजस्ता वास्तविक चिन्तालाई विभागले महत्वमा राख्यो ।

प्रतिवेदनले विद्युतीय सवारीचालक अनुमतिपत्र (ईभीएल) प्रणालीका कमजोरी र कसरी नक्कली लाइसेन्स वितरण भएको हुनसक्छ भन्ने विषय समेटेका कारण अनुसन्धान एवम् छानबिनमा नै समस्या आउने स्थिति भने थिएन ।

प्रतिवेदन सार्वजनिक नभएको अवस्थामा आइरहेका समाचार एवम् जानकारीलाई वास्तविकता अनुसार सार्वजनिक गर्नु महत्वपूर्ण थियो । यो प्रतिवेदन सार्वजनिक नभएको अवस्थामा अन्य स्रोतबाट प्राप्त हुने सम्भावना पनि थिएन । त्यसैले विभागका सूचना अधिकारीलाई सम्बोधन गरी प्रतिवेदन उपलब्ध गराइपाउँ भनेर विद्युतीय माध्यम (इमेल) बाट सूचनाको हकको प्रयोग गरी निवेदन गरेको थिएँ । सूचना अधिकारीबाट तोकिएको समयमा सूचना नआएपछि स्वयम् उपस्थित भई विभागका प्रमुखसमक्ष उजुरीगरी प्रतिवेदन माग गरेको थिएँ ।

विभागले २०८० को माघ १४ मा प्रतिवेदन उपलब्ध गराउन नसक्ने भन्ने जवाफ दिएपछि सूचनाको हकको विषयमा नियामक दायित्वभएको निकाय राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वरमा गएर नियमानुसारको प्रक्रिया पूरा गरी पुनरावेदन पेश गरें । सार्वजनिक सरोकारको यो विषयमा सूचना आयोगबाट कस्तो आदेश हुने होला भन्ने कुतुहल भने ममा ज्यादै थियो ।  तर, पुनरावेदनमा आयोगले सूचनाको हकसम्बन्धी ऐनको दफा ३२ को उपदफा १ बमोजिम "किन नगर्ने भन्ने चेतावनी आदेश'' जारी गर्‍यो ।

आयोगको आदेशपछि सोही माघ २३ गते विभागबाट उक्त प्रतिवेदन प्राप्त भयो । प्रतिवेदन प्राप्त भएसँगै बाह्रखरीडटकम अनलाइन सञ्चार माध्यमबाट विद्युतीय सवारी चालक अनुमति पत्र (लाइसेन्स)बारे सत्यतथ्यमा आधारित रहेर समाचार प्रकाशित गर्न सफल भइयो ।

यसबाट नागरिकसमक्ष सत्यतथ्यमा आधारित वास्तविक सूचना प्रवाह गर्न सकियो । यसले हरेक मानिसलाई नक्कली लाइसेन्सको जालझेलमा पर्नबाट सजग गराउन भूमिका खेल्नसक्छ । एउटा सञ्चारकर्मीका हिसावले तथ्य र सत्यमा आधारित खोजमूलक समाचार सञ्चार गर्न सूचनाको हककोमहत्वप्रतिको भरोसा र विश्वास ममा अझ बलियोसँग पलायो ।

नागरिकको मौलिक हकका रुपमा रहेको सूचना प्राप्त गर्न राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नै नपर्ने अवस्था सिर्जना हुन सके सार्वजनिक निकायमा सुशासन कायम गर्न र ती निकायका पदाधिकारीलाई जवाफदेही बनाउन सकिने रहेछ भन्ने पनि यो र यस्ता घटना सन्दर्भले पुष्टि गरेका छन् । सूचना प्राप्त गर्न आयोगसम्म पुग्नुपर्ने स्थिति बन्नुले सूचना पाउन जटिलता हुन्छ भन्ने प्रमाण हो । आयोगबाट नागरिकको मौलिक हक प्रत्याभूत हुनु आमनागरिकका लागि राष्ट्रिय सूचना आयोगको महत्व, आवश्यकता र औचित्यताको पुष्टि हो ।

प्रतिवेदन प्राप्त भएपछि आयोगको नारा'सूचनाको अधिकारः लोकतन्त्रको आधार' साँच्चै नै विशेष छ भन्ने लागेको छ। लोकतन्त्रको सुदृढीकरण र प्रभावकारिताका लागि सार्वजनिक चासोका हरेक सूचना आमनागरिकका लागि खुला हुनुपर्छ।

देशको सुरक्षा र व्यवस्थामा खतरा हुने किसिमका कानुनबमोजिम गोप्य राख्नु पर्नेबाहेकका सूचना आमनागरिकको हक र अधिकार हो। यसको प्रत्याभूति गराउन आयोगले महत्वपूर्ण भूमिका खेलेका कयौं उदाहरणमध्येको यो पनि एक महत्वपूर्ण घटना हो। नेपाली नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले नै स्वतन्त्र राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेको छ। सोही अनुसार आयोगले सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्दै आएको छ।

कतिपय नागरिकलाई उनीहरूका अत्यावश्यक सूचना एवम् जानकारी पाउन कठिनाइ हुन्छ। सरकारी निकायका सूचना प्राप्त नहुँदा नागरिकले सचेत हुने र खबरदारी गर्नसक्ने ठाउँ रहन्न । यसो हुँदा संयन्त्रमा हाबी भएकाहरूले एकतर्फी र स्वार्थ अनुरुपका निर्णयहरू गर्नसक्छन् ।

त्यसैले हरेक नागरिकलाई सुसूचित बनाउन, खबदारी गर्न र नागरिक र देशको हितमा हुने कामलाई प्राथमिकदा दिँदै लोकतन्त्रलाई थप मजबुत बनाउन सूचनाको हकको महत्व अत्यधिक रहेको छ । हरेक सार्वजनिक निकायमा आमनागरिकले कानुनसम्मतका हरेक जानकारी प्राप्त गरी सूचनाको हक प्रत्याभूत गर्न सकुन् र यसका लागि राष्ट्रिय सूचना आयोगले निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै जाओस् । शुभकामना !

# सूचनाको हक : खोज पत्रकारिताको गतिलो हतियार

■ मकर श्रेष्ठ



सूचनाको हक प्रयोग गरेर लिएको सूचनाले मलाई खोज पत्रकारको रुपमा चिनाउन मद्यत गरेको छ भने त्यही सूचनाको आधारमा आएको समाचारले बेथिति अन्त्य भएपछि कामको सन्तुष्टि पनि मिलेको छ ।

सूचनाको हकको प्रयोग गरी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा ०८० चैत १५ मा मैले सूचना माग गरेको थिएँ । मन्त्रालयले मलाई सूचना हेर्न दियो तर, फोटो खिच्न र लैजान दिएन ।

माग गरेको सूचना नदिएपछि ०८१ बैशाख २५ मा राष्ट्रिय सूचना आयोगसमक्ष पुनरावेदनको लागि गएँ । पुनरावेदनको मुद्दा नम्बर ८४७/०८०/८१ थियो भने विपक्षी शिक्षा मन्त्रालय थियो । मैले जुन सूचना माग गरेको थिएँ।

मैले माग गरेको सूचना दिनु नपर्नाको कारण भए सात दिनभित्र लिखित जवाफ पेश गर्नबैशाख ३१ मा आयोगबाट आदेश भयो । मन्त्रालयले मैले सूचना माग गर्ने प्रक्रिया पूरा नगरेको तथा पुनरावेदन अनुचित भएको जवाफ आयोगसमक्षा पेश गऱ्यो ।

आयोगले मैले माग गरेको सूचना निकायबाट सम्पादन हुने कार्य सार्वजनिक चासोको हुने भएकोले दिन नमिल्ने भन्ने नहुने ठहर गऱ्यो । त्यसैले आयोगबाट आदेश भयो-'माग भएको सूचना नदिने शाखा, महाशाखा वा निकायका कर्मचारी स्वाभाविक रुपमा आफ्नो कर्तव्य पालना नगरेको ठहर्छ । माग गरेको सूचना दिन कानुनतः कुनै बाधा पर्ने देखिंदैन । सात दिनभित्र मागकर्तालाई सूचना उपलब्ध गराउनू भनी मन्त्रालयको नाममा आदेश जारी गरिएको छ ।'यो आदेशको जानकारी पुनरावेदकलाई पनि दिनु भन्ने आयोगको आदेश

थियो । यस अनुसार आयोगबाट गरिएको आदेशको एक प्रति मैले पनि पाउँछु । अर्को कपी सूचना उपलब्ध गराउनु पर्ने विपक्षी कार्यालयमा पठाइन्छ ।

आयोगले मेरो पत्रस्थायी ठेगाना दोलखा नै पठाइदियो । हुलाकबाट गएको त्यो खामबन्दी पत्र हुलाकका कर्मचारीले बुबालाई बुझाउन गएछन् । किन कि म त काठमाडौंमा थिएँ । हुलाकका कर्मचारीले सरकारी पत्र बुझाएपछि बुबाले आत्तिँदै मलाई फोन गर्नु भयो । 'रस्टरी गरेको सरकारी छाप लगाएको चिठ्ठी आएको छ । बुझ्ने हो कि होइन ?',बद्रबाले भन्नुभयो । सूचना आयोगमा बारम्बार खोजी गर्दा पनि नभेटिएको मेरो चिठी गाउँ पुगेछ भन्ने मैले अनुमान गरें । कहाँबाट पत्र आएको जानकारी लिएँ । अनि मैले बुबालाई चिठ्ठी बुझ्नुस् भनेपछि लिनु भयो । उहाँलाई के परेछ भने छोरालाई कतै फसाउन पो लागेको हो कि ? वा घर बनाउँदा लिएको ऋण तिर्न नसकेर उजुरी गरेपछि बैंक, प्रहरी कार्यालयबाट पठाएको पत्र पो हो कि भन्ने बुबाले अनुमान गरेर आत्तिनु भएको रहेछ ।

शिक्षा मन्त्रालयसँग मैले विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिएका कुन कलेजमा पढ्ने कति विद्यार्थी छन ? छात्रवृत्तिमा पढ्ने विद्यार्थीको नामावली, अनुगमन प्रतिवेदन र अनुगमनमा जाने कर्मचारीले बुझेको रकम, विदेशी मुद्रा सटहीका लागि कुन कलेजले कतिको सिफारिस लगेको छ ? लगायतका सूचना पनि मैले माग गरेको थिएँ । सूचना माग गर्दासंस्थागतभन्दा पनि व्यक्तिगत आधारमा माग्नु पर्ने कानुनमा लेखिएको छ । मैले नागरिकताको जुन ठेगाना हो त्यही राख्ने गरेको छु । त्यसैले आयोगले मैले पाउने एक प्रति आदेश निवेदकलाई पठाउँदा गाउँमै गएको हो ।

आयोगले आदेशपछि ०८० असार १२ मा शिक्षा मन्त्रालयले ८० पृष्ठको सूचना उपलब्ध गरायो । जुन सूचनामा मन्त्रालयको सम्बन्धनमा खुलेका विदेशी विश्वविद्यालयको कलेजले दिने छात्रवृत्तिमा बेथिति रहेको स्पष्टै देखिन्छ । छात्रवृत्ति पाउने विद्यार्थीको एकिन विवरण मन्त्रालयमा छैन भन्ने तथ्य बाहिर आयो । अनुगमनमा जाने मन्त्रीको नाम गोप्य राखेर कर्मचारीको मात्रै उपलब्ध गराएको विवरण एडुखबर डटकममा प्रकाशन भयो । बुबालाई तर्साएको त्यो पत्रले शिक्षा मन्त्रालयबाट हुने भ्रमण खर्च पनि पारदर्शी छैन भन्ने सार्वजनिक भएको छ ।

०८१ साउनमा जस्तै ०७५ सालको आयोगको आदेश घरमा पुगेको थियो । त्यो आदेश थियो-काठमाडौंमा घर हुने र नहुने सांसदको विवरण ।साँसदहरूमध्ये क-कसले घर भाडा

शीषकमा रकम लिएका छन्? भन्ने विवरण र त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले आफ्नो पद जोगाउन एक हजारभन्दा बढी जग्गा बाँडेको जग्गा सम्बन्धी विवरण उपलब्ध गराउनू-भन्ने। यो आदेश घरमा पुग्दा पनि बुबा यसपालिजस्तै आत्तिनु भएको थियो । घरमा पुगेको त्यही आदेशले त्रिविले कति जग्गा कसलाई बाँडेको छ भन्ने उदाङ्गो भयो भनेत्यसपछि अरुलाई जग्गा दिने क्रम रोकियो । कान्तिपुरमा ०७५ पुस २५ मा 'त्रिविको १२ सय रोपनी जग्गा बाँडचुँड' भन्ने शीर्षकमा समाचार छापिएको थियो । यो समाचारले नै त्रिविका पदाधिकारीले आफ्नो पद जोगाउन सर्वसाधरणबाट न्यून मुआब्जा दिएर लिएको जग्गा विभिन्न संघसंस्थालाई बाँड्ने गरेको रहस्य बाहिर आएको हो । यही समाचारको आधारमा सतर्ककता केन्द्रले छानबिन समिति बनायो । ०८१ मा फेरि त्यही मुद्दा बल्झियो । सरकारले जग्गा छानबिन समिति नै बनाउनु पर्‍यो । छानबिन समितिको जग पनि त्यही १२०० रोपनी बाँडचुँडको समाचार हो ।

त्यसबेला त्रिविको जग्गाको बाँडचुँडको विवरण पाउन पनि तीन महिना कुर्नु परेको थियो । ०७४ जेठ २८ मा त्रिविको जग्गाको एकिन विवरण माग गरेर सूचना माग गरेको थिएँ । सूचना नपाएपछि ०७४ साउन १ मा आयोगमा पुनरावेदन दिएको थिएँ । यतिसम्म कि आयोगमा कुनै जवाफ नै दिएन (मुद्दा नम्बर १९/०७४/७५) । आयोगले भदौ १ मा सात दिनभित्र दिन आदेश गर्‍यो । यो आदेशले पनि सूचना नपाएपछि मैले भदौ १४ मा पुनः उजुरी गरें । त्यसपछि आयोगको भदौ २१ को आदेशमा तीन दिनभित्र सूचना उपलब्ध गराउन अर्को आदेश गरेपछि त्रिविको जग्गा क-कसले पाएका छन्? भन्ने एकिन विवरण पाएको थिएँ । त्यसबेला लिएको सूचनाको आधारमा त्रिविको बेथिति त बाहिरियो नै सरकारलाई पनि थप खोजी गर्न बाध्य बनाएकोमा खुशी छु ।

त्रिविको जस्तै काठमाडौं उपत्यकामा घर भएर पनि घर भाडाबापतको सुविधा रकम लिने संघीय संसदको घर भाडा लिने सांसदको विवरण सार्वजनिक भएपछि घर भाडा लिने सांसदले घर भाडा फिर्ता गरे ।

**सूचनाको हकले पारेको उदाङ्गो**

२०७५ असार ६ मा सांसदको हाजिरी, घर भाडा लिने सांसदको विवरण माग गरेर संसद सचिवालयमा निवेदन दर्ता गरेको थिएँ । सूचना नदिएपछि राष्ट्रिय सूचना आयोगमा २०७५ साउन १८ मा पुनरावेदन (मुद्दा नम्बर १५/०७५/७६) लिएर गएँ । आयोगले साउन २७ मा

सूचना उपलब्ध गराउन आदेश दिंदा पनि पाइएन। आयोगबाट भदौ १३ मा अर्को आदेश जारी भयो। जुन आदेशमा पनि सात दिनभित्र सूचना दिनु नपर्नाको कारण सोधियो। संसद सचिवालयले सूचना उपलब्ध गराउने तयारी भइरहेको जवाफ आयोगमा दियो। तर, मैले सूचना पाइएन। असोज १८ मा आयोगबाट अर्को आदेश जारी भयो-'सात दिनभित्र सूचना उपलब्ध गराउनु।' यो आदेश पनि आलटाल गर्न थाल्यो। ०७५ कातिक ११ मा 'सूचना आयोगलाई टेर्दैन संसद' शीर्षकको समाचार लेखेपछि बल्ल सूचना पाएँ। जुन सूचना पाउन मैले चार महिना कुर्नु पर्‍यो। संसद सचिवालयले त्यसबेला उपलब्ध गराएको सूचनामा काठमाडौं उपत्यकामा घर भएर पनि घर भाडाबापतको मासिक १८ हजारभन्दा बढी रकम बुझ्ने ३० भन्दा बढी सांसद थिए। संसद सचिवालयले उपलब्ध गराएको सूचनाले सांसदले गरेको बदमासी बाहिरियो। अनि लिएको घर भाडा फिर्ता गरे।

पदाधिकारीदेखि सांसदका स्वकीय र सचिवालयका कर्मचारीको तलब छुट्टै खाता खोलेर पठाइँदैनथ्यो। जसको स्वकीय हो उसैले आफै बुझ्थे। सूचनाको हकको प्रयोग गरी पाएको सूचनाले ०७५ मंसिर २९ मा कान्तिपुरमा 'घरधनी सांसदलाई घरभाडा' शीर्षकमा समाचार छापियो। समाचार छापिएपछि पूर्व सभामुखदेखि सांसदहरूले घरभाडा फिर्ता गरेका थिए। आयोगको आदेशबाटै पाएको सूचनाले घर भाडा लिने सांसदको विवरण मात्रै आएन कि उनीहरूले राख्ने स्वकीय सचिवको पैसासमेत आफ्नै खातामा राख्ने गरेको रहस्य खुल्यो। जब कि सुविधासम्बन्धी कानुनमा स्वकीयको तलब छुट्टै बैंक खातामा हाल्नु पर्ने थियो। तर, संसद सचिवालयले स्वकीयको व्यक्तिगत खातामा नभई सांसदको बैंक खातामा पठाउने गरेको छ। मैले समाचार लेखेपछि स्वकीयको तलब पनि बैठक खातामा जान थाल्यो।

सूचनाको हक अनुसार मैले लिएको यो सूचनाले ल्याएको अर्को परिवर्तन के हो भने संसद सचिवालयमा सूचना माग्ने एउटा लहर नै चल्यो। संसदको बैठक जसरी खुला हुन्छ त्यसैगरी संसदीय रिपोटिङ् गर्ने पत्रकारहरूले संसदको बैठकबाहेकको अरु सूचना पत्र लेखेर माग्ने थितिको विकास भएको छ। संसदलाई पनि सूचना माग गरेपछि दिनु पर्छ भन्ने दवाब पनि परेको छ। त्यसकै असर हुन सक्छ ०७५ यता सूचना माग गरेपछि २१ दिनभित्र सूचना नपाए पनि राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नु परेको छैन। तर, सामान्य सूचना पनि निवेदन हालेर माग्नु पर्ने भएको छ।

यही क्रममा संसदका पदाधिकारी र सांसदको स्वकीय सचिवको योग्यतासम्बन्धी खोजी

२०८० साउन ८ देखि सुरु गरेको थिएँ । संघीय संसदका ३ सय ३४ जना सांसदका स्वकीयको अध्ययन गरें । ०८० साउन २७ मा पहिलो पटक स्वकीयको पढाइसहितको विवरण लिंदा ७६ जना सांसदको स्वकीयले पाउने तलब र उसको योग्यतामा 'ग्याप' थियो ।

असोज ८ मा अर्को सूचना लिएँ । यसमा पूर्ण विवरण आएन । ०८० माघ १४ अर्को सूचना लिएँ । जुन सूचनामा शैक्षिक योग्यता नै उल्लेख नभएको सूचना पाएँ । ०८१ जेठ १६ मा संघीय संसदका स्वकीय सचिवको योग्यता खुल्ने विवरण माग गरें । संसद सचिवालयले असार २९ मा चलानी नम्बर १०३ बाट अधुरो सूचना उपलब्ध गरायो । यो सूचनामा पनि योग्यता खुलाएर दिइएन ।

अधुरो सूचना पाएपछि मैले संसदको महासचिव (कार्यालय प्रमुख) लाई निवेदन दिएँ । यही निवेदनको आधारमा मैले २०८१ साउन ९ मा अर्को सूचना पाएँ । जसमा सांसदको स्वकीय सचिवको ठेगाना र शैक्षिक योग्यतासमेत खुलेको थियो । संसदले उपलब्ध गराएको सूचना विश्लेषण गर्दा १ सय १० जना सांसदले राखेको स्वकीय सचिवको शैक्षिक योग्यता नै पुगेको थिएन ।

संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ अनुसार स्वकीय सचिवालयका कर्मचारीहरूले शुरू स्केल अनुसारको तलब मात्रै पाउँछन् । ऐनको अनुसूची-२ मा प्रतिनिधिसभाको सभामुख र राष्ट्रिय सभाको अध्यक्षले राजपत्राङ्कित प्रथम श्रेणी (सहसचिव) सरहका स्वकीय सचिव १ जना, राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव) सरह १ जना, राजपत्राङ्कित तृतीय श्रेणी (अधिकृत) स्तरका १ जना राख्न पाउने व्यवस्था गरेको छ ।

संसद सचिवालयले उपलब्ध गराएको सूचनामा राष्ट्रिय सभाको ७६ र प्रतिनिसभाको १६ सांसदले नियुक्ति गरेको स्वकीय सचिवले स्नात्तक तहको योग्यता पूरा गरेकै थिएनन् । त्यस्तै सहसचिव सरहको सुविधा दिएर नियुक्ति भएको सभामुख र राष्ट्रिय सभा अध्यक्षको स्वकीयको प्लस टु र स्नातक मात्रै थियो । जब कि कानुनमा सहसचिवको सुविधा लिन स्नातकोत्तर तह पूरा गरेको हुनुपर्ने उल्लेख छ । उपसचिवसरहको तलब पाउने गरी अरु दलका नेता, मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक र संसदीय समितिका सभापतिले उपसचिवसरहको सुविधा पाउँछन् ।

उपसचिवसरहको स्वकीय सुविधा पाउने १८ जनाले योग्यता नभएका व्यक्तिलाई नियुक्ति गरेको सूचनाको हकको प्रयोग गरी प्राप्त सूचनाका आधारमा मैले गरेको अध्ययनले देखायो । खोजपत्रकारिता केन्द्र (सिआइजे) को लागि तयार गरिएको यो रिपोर्ट ०८१ भदौ १४ मा अनलाइन खबरमा सार्वजनिक भयो ।

यो रिपोर्टिङपछि जसले योग्यता नपुगेका स्वकीय सचिव राखेका थिए, उनीहरूले धमाधम योग्य स्वकीय सचिव परिवर्तन गरेका छन् । यो नै सूचनाको हकको तागत हो । यदि संविधान र कानुनमा सूचनाको हकको व्यवस्था थिएन भने सार्वजनिक निकायमा सूचना माग्ने माग्ने हक हुने थिएन । यही हकले व्यवस्थापिका (संघीय संसद) लाई पारदर्शी बनाउन सहयोग गरेको छ ।

**करारमा कर्मचारी राख्न पनि प्रतिस्पर्धा**

सूचनाको हक प्रयोग गरेर लिएको सूचना बाहिर आएपछि सुधार भएको अर्को निकाय हो-प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) । सीटीइभीटीमा ९ सय  ३१ कर्मचारीको दरबन्दी छ । दरबन्दीको कर्मचारीमा एउटै परिवारका सदस्य भएको जानकारी थियो तर, को-को हुन्? भन्ने एकिन थिएन । सीटीईभीटीमा कार्यरत कर्मचारीको नाम र ठेगाना माग गरेर ०७४ असार १३ मा सूचनाको हकको प्रयोग गरी एउटा निवेदन दिएँ। त्यसबाटकर्मचारीको नाम मात्रै पाएँ । सूचना पर्याप्त नभएपछि आयोगमा पुनवरावेदन गरें । आयोगले साउन ४ मा मा सूचना नदिनुको कारण सोधेपछि साउन २० मा कर्मचारीको नाम, स्थायी ठेगाना, जागिर प्रवेश मिति, स्थायी मिति, कार्यरत कार्यालय/महाशाखासहितको विवरण पाएँ ।

जुन विवरणले के पत्ता लाग्यो भने श्रीमानश्रीमती ३१ जोडी, दाजुभाई २४ जना, बाबुछोरा आठ, साँढु दाईभाई ८, सालासाली भिनाजु ६, ज्वाइँजेठान ४, दिदीभाइ ४, भाञ्जाभाञ्जी ४, बहिनी ज्वाइँ ४, भतिजी ज्वाइँ २, देवरभाउजू २, काकाभतिज २, विद्यार्थी नेताका श्रीमती३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकृतकाश्रीमती एक जना रहेको खुल्यो ।

करारमा छिरेका कर्मचारी अस्थायी हुँदै आन्तरिक रुपमा स्थायी हुँदा सीटीईभीटी नागोताले चलाएको सूचनाको हकबाट लिएको विवरणले खुलेको थियो । सीटीईभीटीमा जागिर

खानेमध्ये १४ प्रतिशत नातागोता भएको पाइएको थियो । कान्तिपुरमा ०७४ माघ १ मा यो समाचार छापिएपछि सीटीईभीटीमा हुने नियुक्तिको प्रक्रियामा लोकसेवा समावेश भएको हो । करारमा कर्मचारी नियुक्ति गर्दा पनि सुटुक्कभन्दा पनि विज्ञापन गरेर हुने गरेको छ ।

यो आलेखमा मैले जे-जति घटना खुलाएको छु यीमहत्वपूर्ण विषय सूचनाको हकको प्रयोग गरी प्राप्त गरिएको विवरण हुन् । शिक्षा मन्त्रालय, संसद, संवैधानिक परिषद्, निर्वाचन आयोगबाट लिएको सूचनाले अनियमितताको घटना सार्वजनिक भएको छ। जसले गर्दा ती निकायले त्यही विषयमा दोहोऱ्याएर कमजोरी गर्न छाडेका छन् । संविधानको धारा २७ ले प्रदान गरेको सूचनाको हकले सूचना माग्ने र पाउने अधिकार प्रयोग गर्दा खोज पत्रकारिता गर्न गतिलो हतियार भएको छ ।

# सूचना उपलब्ध गराउन सूचना अधिकारीले गर्ने आनाकानी

*नागरिकलाई सार्वजनिक सरोकारसँग सम्बन्धित सूचना प्राप्त गर्ने अधिकार सूचनाको हक सम्बन्धी ऐन-२०६४ ले गरेको भएपनि हाम्रा सार्वजनिक निकाय सूचनामैत्री छैनन् ।*

**मुकेश पोखरेल**



२०७२ सालदेखि काठमाडौंमा बसेर पत्रकारिता गर्न थालेपछि सिंहदरबार आउ-जाउ चल्न थाल्यो। तर, २०७३ सालदेखि काठमाडौंमै बसेर हिमालखबरपत्रिकामा रिर्पोटिङ गर्न थालेपछि सिंहदरबारभित्रको आउ-जाउ भने बाक्लो भयो। सिंहदरबारमा जाँदा-आउँदा संसद सचिवालयको भवन पछाडि थन्किएर रहेका गाडीको लाइन देखेर मनमा प्रश्न उठ्थ्यो ? यी नचल्ने गाडी किन यहाँ थुपारेर राखे होलान्?

मंसिर महिनाको एकदिन। भूमिसुधार मन्त्रालयको अगाडिपट्टि रहेको बगैंचाको दुबोमा घाम ताप्दै गर्दा, 'नचल्ने र विग्रेका गाडी किन राखेर सिंहदरबार फोहोर गरे होलान्?' निजामति सेवामै रहेको साथीसँग प्रश्न तेर्स्याउँदै मैले सोधें ।

'चेक गरी हेर् । मर्मत र तेल, विग्रेका गाडीका नाममा गएको हुन सक्छ', उसले 'क्लु' खोल्दै भन्यो। अब कसरी पत्ता लगाउने । अनि संसद सचिवालयमा रहेका सम्पूर्ण गाडीको नम्बर, बनेको वर्षसहित सूचनाको हक सम्बन्धी ऐन-२०६४ ले दिएको अधिकार प्रयोग गरी सबै गाडीको विवरण उपलब्ध गराउन माग गर्दै संसद सचिवालयमा निवेदन दर्ता गरें। भण्डै ३ महिनापछि गाडीको विवरण प्राप्त भयो ।

अब मलाई थाहा पाउनु थियो, कुन गाडीमा मर्मत र इन्धन खर्च भइरहेको छ ? त्यसपछि गाडी मर्मतमा खर्च भएको रकमसहित सूचना माग गर्दै अर्को निवेदन दर्ता गरें। करिव ३/४ महिनापछि गाडी नम्बर र तिनको मर्मतका नाममा भइरहेको खर्चको विवरण पनि प्राप्त भयो ।

प्राप्त भएका दुईवटा विवरणलाई भिडाएर हेर्दा मैले गरेको आशंका ठ्याक्कै मेल खायो । अर्थात् जुन गाडीहरू चलेका छैनन् र वर्षौंदेखि सिंहदरबारभित्र थन्किएर बसिरहेका छन्, ती गाडी मर्मतका नाममा बिल मिलाएर खाने काम पनि वर्षौंदेखि हुँदै आएको रहेछ। पछि त्यहाँ कार्यरत कर्मचारी र सवारी चालकले पनि यो कुराको पुष्टि गरे। सवारी चालकले त यो विषयलाई लिएर आन्दोलन नै गरेका रहेछन् ।

मैले खोजपत्रकारिता केन्द्रका लागि गरेको यो रिपोर्ट हिमालखबरपत्रिकामा छापियो। हिमालखबरपत्रिकाको साप्ताहिक अङ्कमा छापिएपछि उक्त रिपोर्टले राम्रै चर्चा पायो।

भैरहवामा बसेर पत्रकारिता गरेको मेरा लागि काठमाडौं नयाँ थियो। समाचारका स्रोत कम थिए। सीमित मानिसहरूसँग चिनजान थियो। यस्ता रिपोर्टले गर्दा मलाई काठमाडौंमा स्थापित हुन सजिलो भयो।

कोरोना भाइरसको महामारीका कारण २०७६ चैत ११ बाट देशभर बन्दाबन्दी सुरुभयो। बन्दाबन्दीका कारण घरबाटै बसेर रिर्पोटिङ सुरुभयो। अनि म बुटवल बसेर काम गर्न सुरु गरें। मेरो बसोबास रुपन्देही भएपनि बुटवलको पत्रकारिता भने मेरा लागि पुरानो होइन। पत्रकारिता सुरुवातका केही महिना बुटवलमा बसेर स्थानीय पत्रिकामा काम गरेको भएपनि सामाचार स्रोतका हिसाबले म बुटवलका लागि नयाँ नै थिएँ। बन्दाबन्दीको समय मान्छे भेट्न गारो थियो। तर, केही समयपछि दुरी कायम राखेर सरकारी कार्यालय खुले। अनि अहिलेको लुम्बिनी प्रदेशसभामा मर्मत तथा सामान खरीदका नाममा भएका अनियमितताका थुप्रै घटना त्यहींभित्रका कर्मचारी साथीले सुनाउँथे। बुटवल बसेर पत्रकारिता गर्दा त्यहाँभित्रका अनियमितता उजागर गर्ने अवसर मलाई प्राप्त भयो।

प्रदेशसभाभित्र भएका अनियमिततासँग सम्बन्धित समाचार प्रकाशित भएपछि त्यतिबेला राम्रै चर्चा भएको थियो ।

**सहज छैन सूचना पाउन**

सूचनाको हक सम्बन्धी ऐन-२०६४ ले सार्वजनिक सरोकारका सूचना प्राप्त गर्ने व्यवस्था गरेको भएपनि सरकारी कार्यालयबाट सार्वजनिक सरोकारसँग सम्बन्धित सूचना प्राप्त गर्न सहज छैन। सरकारी निकायका कर्मचारीहरूमा यो वा त्यो बहाना देखाएर सूचना नदिने प्रवृत्ति व्याप्त छ ।

केही महिनाअघि काठमाडौं उपत्यकाका स्थानीय निकायसँग सम्बन्धित सूचना सूचनाको हक प्रयोग गरी माग गर्दै निवेदन दर्ता गरें। एक दुईवटा निकायबाहेक धेरै निकायले 'रेसपोन्स' नै गरेनन्। सम्बन्धित सूचना अधिकारीसँग कुरा गर्दा यो वा त्यो बहानामा सूचना नदिई पञ्छिने प्रवृत्ति देखियो । जुन शाखासँग सम्बन्धित सूचना हो, त्यही शाखासँग कुरा गर्नुस् न भन्ने जवाफ उनीहरूबाट पाइयो। यसले पनि के देखाउँछ भने सरकारी निकायका कर्मचारी अझै पनि सार्वजनिक सरोकारसँग सम्बन्धित सूचनालाई आफ्नो व्यक्तिगत सम्पत्ति ठान्छन् र त्यस्ता सूचना दिन आनाकानी गर्छन्। कर्मचारीमा यस्तो प्रवृत्ति र मनोवृत्ति कायम रहेसम्म सूचना प्राप्त गर्न निकै अप्ठेरो र गारो छ।तर, पनि नेपालको संविधानले नेपाली नागरिक दिएको मौलिक हकको प्रयोगबाट सार्वजनिक निकायमा भएका र हुनसक्ने बेथिति र भ्रष्टाचारजन्य कार्यलाई सार्वजनि गर्न सकिंदो रहेछ भन्ने मेरो अनुभव छ । माथि उल्लेख गरिएका केही घटनाबाहेक पनि मैले सूचनाको हकको प्रयोग गरेर सार्वजनिक निकायबाट भएका गलत कार्यलाई सार्वजनिक गर्न सफल भएको ठाने छु । ती निकायलाई आगामी दिनमा त्यस्ता कार्य नगर्न सचेत गराउन पनि सूचनाको हक एउटा महत्वपूर्ण औजार भएका थुप्रै अनुभव मसँग रहेका छन् ।

# सूचनाको हक अभियानले ल्याएको परिवर्तन एक चर्चा



▪ यदुनाथ बञ्जारा*

नेपालमा जारी भई कार्यान्वयनमा आएका सयौं ऐन कानुनमध्ये  आमनागरिकको अधिकार स्थापित गर्ने कानुन सूचनाको हक सम्बन्धी ऐन २०६४ लाई लिन सकिन्छ। लोकतान्त्रिक शासन प्रणालीका लागि गहनाको रुपमा रहेको सूचनाको हकसम्बन्धी कानुनले नागरिकलाई अधिकारसम्पन्न बनाई मुलुकभित्र रहेका सार्वजनिक निकाय र कार्यालयलाई सुशासनको मार्गमा हिँडाउन कोशेढुङ्गा साबित हुँदै गएको पाइन्छ।

नेपालमा प्रजातन्त्रिक प्रणालीको अभ्यास शुरु भएको करिब ६ दशक पछि आएर विधिवत रुपमै २०६४ सालमा सूचनाको हक सम्बन्धी ऐनले मूर्त रुप पायो। नेपालमा जारी संघीय गणतान्त्रिक नेपालको संविधानको दफा २७ ले आमनेपाली नागरिकलाई सूचनाको हक हुनेछ भनी सूचनाको हकसम्बन्धी कानुनलाई थप मजवुत र आमनागरिकलाई अधिकार सम्पन्न बनायो। देशको मूल कानुनमा समेत व्यवस्था गरिएपछि सूचनाको हक प्रयोग र प्रचलनमा नागरिक तहमै बल पुगेको छ।

कानुनले आफ्नो र सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हक स्थापित गरेको छ। व्यक्तिले सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरेर न्याय पाएका छन्। जीवनलाई सफलताको उचाइमा पुऱ्याएका छन्। बिग्रेर आएका नतिजालाई सच्याउन सफल भई जीवनमा सफलता प्राप्त गरेका छन्। हरेक नागरिकले आफ्नो नैसर्गिक अधिकार के हो भन्ने बुझ्ने र अधिकार प्राप्त गर्न सफल भएका छन्। भर्खर जन्मेको बालकदेखि जेष्ठ नागरिकसम्म, अपाङ्गदेखि सबलाङ्गसम्म जो-कसैलाई पनि सूचनामा समान हक रहने

*उपाध्यक्ष, सूचनाको हकका लागि राष्ट्रिय महासंघ, पोखरा-१६, कास्की*

व्यवस्थाको किटान गरेको छ ।

सचेत नागरिकले सूचनाको हक प्रयोग गरी सार्वजनिक सरोकारका विषयमा आवाज बुलन्द गर्दै आएकाछन् । आफ्नै घरको आँटोपिठो खाएर स्वयम्सेवी भावनाले ओतप्रोत भई सार्वजनिक विषयका सूचना माग गरी नागरिकको आँखा खोलिदिने काम गरेका छन् । कतिपय सार्वजनिक निकाय तथा कार्यालयमा भइरहेका अनियमितता, ढिलासुस्तीजस्ता अपारदर्शी कार्यशैलीलाई छ्याङ्गै पारिदिने काम गरेका छन् । त्यसबाट भ्रस्टाचार न्यूनीकरणमा टेवा पुगेको पाइन्छ । सूचनाको हकको प्रयोग गरी खासगरी सरकारी लगानीका विकासे अड्डामा हुने बेथिति र आर्थिक अपारदर्शी कार्यपद्दतिलाई चिर्न र सुव्यवस्था  कायम गर्नसूचनाको हकका अभियन्ता सफल देखिएका छन् । मनोमानी गर्न नपाएका कतिपय सार्वजनिक ओहोदाका जिम्मेवार व्यक्तिका लागि सूचना अभियन्ता आँखाको कसिङ्गर भएपनि  सुशासनका हिमायतीका लागि तिनै अभियन्ता  आँखामा राख्ने 'रातिगेडी' बन्ने गरेका छन् । यो नै हामी अभियन्ताका लागि सन्तुष्टिको खास विषय हो ।

यो पङ्क्तिकार विगत एक दशकदेखि सूचनाको हक प्रयोग र प्रचलनको अभियानमा क्रियाशील रहँदै आएको छ । सूचनाको हक आमनागरिकका लागि बनेको कानुन हो । त्यसमा पनि खोज पत्रकारिता गर्ने पत्रकारका लागि सूचनाको हक प्रयोग गर्नु विश्वसनीय र तथ्यपरक समाचार प्रकाशन गरी आमपाठकलाई सुसूचित गराउने आधारस्तम्भको रुपमा प्रयोग गर्न थालिएको छ । सार्वजनिक चासोका विषयमा मागिएका सूचना बक्सामा थुनेर राख्ने हो भने सूचना माग्नुको खास उपलब्धी मान्न सकिन्न । सूचना प्राप्त गर्दा राज्यस्रोतको समेत खर्च हुन जान्छ । अतः अभियन्ताले मागेर पाएका सूचनालाइ समाचार वा सार्वजनिक सुनुवाइमार्फत् सम्बन्धित सरोकारवाला निकायको आँखा खुलाउन र नागरिकलाई जानकारी गराउन सकियो भने मात्रै सूचना अभियानले सार्थकता पाउने छ ।

सूचना अभियानले राज्यलाई के उपलब्धी भयो ? सार्वजनिक निकायमा के-कस्ता परिवर्तन आए ? सरोकारवाला र आमनागरिकलाई त्यसले कस्तो सन्देश प्रवाह गऱ्यो? मैले १० वर्षको वरिपरिमा ५ सय वटा सार्वजनिक निकायमा सूचना माग गरेर अभियानसँग जोडिएको छु ।यसै क्रममा सूचना माग गरेर भएका केही प्रतिनिधिमूलक उपलब्धी यहाँ प्रस्तुत गरिएको छ ।

१. **विद्युतको बक्यौता नतिर्नेको सूचना प्राप्तपछि असुली सुरु**

लोडसेडिङको कहरमा नेपालीहरूले अँध्यारोमा जीवन बिताइरहँदा नेपाल विद्युत प्राधिकरणले ठूला उद्योग बाणिज्य क्षेत्रमा २०७० को दशकमा डेडिकेटेड लाइन र ट्रङ्क लाइन सुविधा उपलब्ध गराएको थियो । यसरी प्राप्त सुविधाको महसुल करिब ७७ वटा उद्योग प्रतिष्ठानले तिरेनन् । विभिन्न क्षेत्रमा टिकाटिप्पणी हुन थालेपछि यथार्थ र गुदो तथ्य बुझ्ने चाहनाले नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयसँग सूचनाको हकको प्रयोग गरी२०७९/०८/०७ गते लिखितरुपमासूचना माग गरियो । प्राधिकरणले सूचना नदिएपछि२०७९/११/१६ गते राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरेपछि बल्ल विद्युत प्राधिकरणले सूचना उपलब्ध गरायो ।

विद्युत प्राधिकरणले आयोगमार्फत् २०८०/१२/०२ गते अपुरो सूचना उपलब्ध गरायो । प्राप्त सूचना अपुरो र अधुरो रहेकोले २०८०/०१/२४ गते आयोगसमक्ष तीन महले विवरण पेश गरियो । आयोगले मागबमोजिमको सूचना उपलब्ध गराउन प्राधिकरणलाई आदेश दिएपछि बल्ल पूरा सूचना प्राप्त हुन आयो ।

प्राधिकरणलाई सूचना दिन सकश पर्नुको मुख्य कारण बक्यौता सूची नै थियो । प्राप्त सूचना २०७९ सम्मको थियो । त्यस मितिसम्म ७७ वटा उद्योग प्रतिष्ठानको जम्मा १७ अर्ब ९० करोड ५२ लाख रुपैयाँ बक्यौता नतिरेको सूचना प्राप्त हुन आयो ।

बक्यौता उठाउन नसक्नु सरकारको निरीहता रहेको भन्दै बक्यौता नतिर्नेहरूको नामावलीसहित सराङ्कोट साप्ताहिक पत्रिका र सराङ्कोट अनलाइनमा प्रमुख समाचार प्रकाशन भयो । समाचारमार्फत् बक्यौता विवरण सार्वजनिक भएपछि बक्यौता उठाउन सरकार दवाबमा पऱ्यो । र, प्राधिकरणले चेतावनीसहित बक्यौता तिर्न उर्दी जारी गऱ्यो ।बक्यौता नतिर्नेहरूको लाइन काट्न सुरु गऱ्यो ।

यसबाट दुई पक्षमा सफलता मिल्यो ।पहिलो कुरा प्राधिकरणले उठाउन बाँकी बक्यौताबारे नागरिकले सहीसूचना पाए । दोस्रो कुरा राज्यले बक्यौता रकमको असुली सुरु गऱ्यो।यो विषय तथ्यसहित सार्वजनिक भएपछि विद्युतको बक्यौता नतिर्ने ठूला उद्योगको लाइन काट्ने अभियान चलाएर कानुनको समान प्रयोगको अभ्यास भएको महसुस गराएको छ। सर्वसाधारण नागरिकले तीन महिना महसुल नतिर्दा लाइन काटेर मिटरब्याजभन्दा चर्को २५ प्रतिशत जरिवाना अशुल गर्ने तर पहुँचवाला उद्योगपतिहरूलाई उन्मुक्ति दिइएको यो प्रकरण जनजनमा जानकारीको विषय बन्न पुग्यो ।

राष्ट्रिय सूचना आयोग मुद्दा नं. ८३९/ २०७९/०८०(राष्ट्रिय सूचना आयोगको दोस्रो आदेशपछि आयोगमार्फत प्राप्त भएको सूचना । सूचनाको विवरणलाई आधार मानी मिति २०७९/१२ /२१ गते प्रकाशित समाचार यसै साथ संलग्न छ।)

**२. शिक्षकसँग रकम उठाउन बन्द भयो**

शिक्षा विकास तथा समन्वय इकाई कास्कीले २०७५ साल चैत्र २८ गते जिल्ला शिक्षा समितिको बैठकबाट निर्णय नै गराई शिक्षा सेवा आयोग पास भई आएकालाई स्थायी नियुक्तिको पदस्थापन गर्दा रकम असुल गर्ने कार्य गर्ने गरेको पीडित शिक्षकहरूले नाम नबताउने शर्तमा यो पङ्क्तिकारलाई गुनासो गरे । अनौपचारिक कुराकानीमा उठेको यो विषयसँग सम्बन्धित तथ्य केही पनि उपलब्ध थिएन । सञ्चारकर्मी भएको यो विषय सञ्चारमाध्यममार्फत् सार्वजनिक भइदिए हुन्थ्यो भन्ने पीडित शिक्षकको अपेक्षा थियो । तर, आधिकारिक रुपमा पुष्टि नभई यस्ता विषय सार्वजनिक गर्दा त्यस्तो समाचारको सत्यतामाथि गम्भीर प्रश्न उठ्ने नै भयो । त्यसलाई पुस्ट्याइँका लागि शिक्षा विकास तथा समन्वय इकाईका सूचना अधिकारीसमक्ष सूचनाको हकको प्रयोग गरी सूचना माग गरी रकम असुल गर्ने निर्णय पुस्तिकाको प्रतिलिपी माग गरियो । माग गरेको सूचना सूचना अधिकारीबाट प्राप्त हुन नसकेपछि ऐनको दफा ९ बमोजिम कार्यालय प्रमुखसमक्ष उजुरी निवेदन गरेपछि मात्र सूचना प्राप्त हुन आयो ।

प्राप्त सूचना अनुसार नियुक्ति र पदस्थापन गर्दा प्रावि तहका शिक्षकबाट एक हजार, निमावि तहका शिक्षकबाट १५ सय र मावि तहका शिक्षकबाट २ हजार रुपैयाँ असुल गर्ने गरेको एकीन हुन आयो । सरकारी निकायका जिम्मेवार ओहोदाका व्यक्तिबाट निर्णय समेत गरेको रहस्य खुल्यो ।

२०७५ साल चैत्र २८ गते तत्कालीन जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैन बहादुर क्षेत्रीको अध्यक्षतामा बसेको बैठकमा कास्कीका प्रजिअ चक्रबहादुर बुढा, जिल्ला समन्वय अधिकारी दुर्गा प्रसाद खनाल, शिक्षक महासंघ कास्कीका अध्यक्ष बोधराज पौडेल र सदस्य सचिवमा शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख नारायणप्रसाद सुवेदीले शिक्षकसँग शिक्षा समितिको रसिद काटेर रकम असुल गर्ने निर्णय गरेका थिए ।

राज्यका नियामक निकायले निर्णय गरी७ लाख ५७ हजार ६ सय ५० रुपैयाँ असुल गरी

कार्यालयले विभिन्न शीर्षकमा खर्च गरेको पाइएको थियो । दोहोरो इन्धन मर्मत खर्चमा मात्र करिब ४ लाख खर्च गरिएको रहस्योद्घाटन भएको थियो । सूचनाका तथ्यलाई नबङ्ग्याईकन २०७९/१२/१४ गतेसराङ्कोट साप्ताहिकमा'सूचनाको हकले खोलेको रहस्य' शीर्षकको मुख्य समाचार प्रकाशन भयो । सूचना बाहिरिएपछि अख्तियार कार्यालय पोखराले शिक्षा विकास तथा समन्वय इकाई कास्कीको असुलीविरुद्ध छानबिन अगाडि बढाएको सूचना पाइयो ।

सूचना बाहिरिएपछि इकाईले शिक्षकको नियुक्ति, पदस्थापन र बढुवाको पत्र दिने बेलामा रकम उठाउन बन्द गरेको छ। सूचनाको हक नामको औजारको प्रयोगले गैरकानुनी असुली रोकिन पुगेपछि शिक्षकहरूमा खुसी सञ्चार भएको छ ।

**३.खाएको भत्ता धमाधम फिर्ता गरियो**

पोखरा महानगरपालिकाका केही महाशाखा र वडा कार्यालयहरूले खाने विभिन्न भत्ताको बारेमा कानुनी आधार र रकम विवरणको बारेमा सूचना माग गरी तथ्य उजागर गर्ने प्रयास गरियो । सामाजिक विकास महाशाखाका प्रमुख लगायतका केही कर्मचारीले अनुगमन नै नगई अनुगमन भत्ता लिइएको, पदाधिकारी बैठक शीर्षकको भत्ता रकम कर्मचारीले बाँडीचुँडी खाने गरेको, कार्यालय समयमा बैठक बसी दोहोरो भत्ता खाएको विषयमा विभिन्न वडा र महाशाखामा सूचना माग गरी तथ्याङ्क सङ्कलन अभियान सुरु गरियो । सूचना माग गरेलगत्तै सामाजिक विकाश महाशाखाका अनियमित भत्ता खाएका कर्मचारीले पेस्की लिएको बहाना देखाउँदै भत्ता फिर्ता गरेर मात्र मागबमोजिमको सूचना उपलब्ध गराएका थिए ।

सूचना मागेकै कारण महानगरका वडाले पदाधिकारीले पाउनेभन्दा बाहेक अन्यलाई कागज मिलाएर भत्ता खुवाउने काम बन्द गरेको छ । कार्यालय समयमा बिहान ११ बजे बसेको बैठकको उपस्थितिसहितको निर्णय पुस्तिकाको प्रतिलिपी माग गरीसूचना माग गरेलगत्तै बैठकमा सहभागी कर्मचारीले खाएको बैठक भत्तासमेत फिर्ता गरिदिई सोही मुताविकको सूचना दिएका थिए। सूचना माग अभियानले भत्तामोह भएका कर्मचारीको मुख टालिदिएको छ। खाएको भत्तासमेत फिर्ता गरेर श्रेस्ता मिलाउनतिर कर्मचारी खट्नुपर्ने अवस्था सूचनाको हकले स्थापित गराउन सफल भएको छ। भ्रष्टाचारमा न्यूनीकरण हुँदै गएको छ।

## ४. गलत सूचना दिंदा अख्तियारको फन्दामा

आफूले गरेको कर्तुत लुकाउन गलत सूचना दिँदा पोखराको फेवासिटी अस्पताल अख्तियारको फन्दामा परेको छ। फेवासिटी अस्पताल पिसिएल नर्सिङ पढाइ हुने शैक्षिक प्रतिष्ठान पनि हो । गुणस्तरीय नर्सिङ शिक्षा दिन अस्पतालको बिरामी भर्ना दर अर्थात् अकुपेन्सी रेट ६० प्रतिशतभन्दा बढी हुनु पर्छ। फेवासिटीको बेडमा बिरामी अकुपेन्सी दरको आधिकारिक तथ्याङ्क प्राप्त गर्न सूचनाको हक प्रयोग गर्दै २०८०/०२/०७ मा सूचना माग गरियो ।

फेवासिटी अस्पतालले झुट्टा सूचना दिएर कलेज नवीकरण गर्ने योजना बनाएको अपुस्ट सूचनाप्राप्त भएपछि नियामक निकाय स्वास्थ्य कार्यालय कास्कीसँगसूचना माग गरी भिडाउँदा सूचना मिलेन । यथार्थमा १२ प्रतिशत अकुपेन्सी रहेको अद्यावधिक सूचना यथार्थ भयपनि फेवासिटीले ८९ प्रतिशत अकुपेन्सीको सूचना दिएको थियो ।गलत सूचना दिई सिटिईभिटीसँग मिलिभगतमा नर्सिङ कलेज नवीकरण गर्ने योजनाको खबर सराङ्कोटले सार्वजनिक गरेपछि गलत सूचना विवरण दिने फेवासिटी नर्सिङ इन्स्टिच्युट अख्तियारको छानबिनमा परेको थियो ।

सूचनाको हकको प्रयोग र प्रचलन गरी गलत सूचना दिई राज्यबाट सुविधा लिन खोज्ने प्रवृत्तिधारी पात्रहरूलाईयसले राम्रो सबक सिकाएको छ ।मेडिकल शिक्षामा सकारात्मक सन्देश दिएको छ ।किर्ते कागज बनाई झूठो सूचना दिनेहरूको मति सुध्रिन पुगेको छ । कयौं सार्वजनिक निकायहरूले विधि र प्रक्रिया पछ्याउँदै गएका छन् ।

सार्वजनिक संस्था फेवासिटी हस्पिटल एण्ड नर्सिङ इन्स्टिच्युटका विद्यार्थीले गुणस्तरीय शिक्षा पाऊन्, उनीहरूलाई क्लिनिकल अभ्यास गर्न मार्गप्रशस्त होस् र अनियमितता नहोस् भन्ने उद्देश्यले सूचना माग गरिएको थियो । योसँग सम्बन्धित समाचार २०८०/०३/२६ गते सराङ्कोटमा प्रकाशित भएको छ।

## ५. अवैध असुली रोकियो

पर्वत उद्योग बाणिज्य संघले विगत लामो समयदेखि पर्वत प्रवेश गर्ने खाद्यान्न, दोपाया, चौपाया, निर्माण सामग्री बोकेका सवारी साधनबाट मनोमानी ढङ्गले सहयोग शुल्क असुल गर्ने गरेको भन्दै पीडित सवारी धनी चालक (आपूर्तिकर्ता) बाट रसिदसहित गुनासो प्राप्त

हुन आयो । त्यसरी सहयोगका नाममा शुल्क असुल गर्ने कानुनी आधार र प्रक्रियासहित उपलब्ध गराउन पर्वत उद्योग बाणिज्य संघसँग सूचनाको हकको प्रयोग गरी २०८१/०२/१३ गते  सूचना माग गरियो ।

सूचना अधिकारी समेत नतोकिएको कार्यालयबाट सूचना लिनु र पाउनु सहज विषय थिएन । कार्यालयका सूचना अधिकारीबाट २०८१/०२/१९ गते असुल नगरिएको भन्दै अपूरो सूचना प्राप्त भयो । सोही दिन सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ९ बमोजिम कार्यालयका प्रमुखलाई सम्बोधन गरी उजुरी निबेदन पठाई अभियानलाई थप अगाडि बढाइकोमा पर्वत उद्योग बाणिज्य संघले पूरा सूचना दिएन ।

२०८१/०३/०९ गते राष्ट्रिय सूचना आयोगमापुनरावेदन गरियो । आयोगले २०८१/०३/१४ को१०(३)(क) अनुसार सूचना दिनु भन्ने आदेश भएपछि पर्वत उद्योग बाणिज्य संघले २०८१/०३/३० गते मागबमोजिमको सूचना उपलब्ध गरायो । सूचनाबमोजिम  २०७९/०८० मा ९१६०० रुपैयाँ  २०८०/०८१ मा ८१००० रुपैयाँ  असुलेको पुष्टि भएको छ ।

उद्योग बाणिज्य संघले पर्वत प्रवेश गर्ने आपूर्तिकर्ता, सवारी व्यवस्थापक र चालकहरूसङ्ग रकम उठाएको विषयमा सप्रमाण जानकारी गराएपछि प्रमुख जिल्ला अधिकारीले उद्योग बाणिज्य संघका अध्यक्ष र कर्मचारीलाई बोलाई असुली रोक्न निर्देशन दिनुभयो । असुली कार्य रोकिएपछि पीडित व्यवसायीले न्यायको अनुभूति गरेका छन् । पर्वत उद्योग बाणिज्य संघले सूचना अधिकारी तोकेर सूचनाको हकसम्बन्धी ऐनलाई पछ्याएको छ ।

त्यो सामाजिक समस्या थियो । संस्थाको कभरमा कानुन विपरीत रकम उठाएर खर्च गर्ने रोगलाई अन्त्य गर्नका लागि सूचनाको हकले प्रभावकारी भूमिका निर्वाह गरेको छ। कानुन विपरीत भएका गलत अभ्यासले अराजकता र दण्डहिनता मौलाउन सक्छ । त्यसको निराकरणको अचुक उपाय भनेको सूचनाको हक हो भन्ने पुष्टियस घटनाले पनि गराएको छ ।

सूचना आयोगको १०(३)(क) को आदेश २०८१/०३/१४

पूरा सूचना आएको २०८१/०३/३० गते

# गोपनियता हकको रक्षार्थ मिलेको सफलता



विवेक चौधरी

मेरो नाम विवेक चौधरी हो । म त्रिभुवन विश्वविद्यालय, कानुन संकाय अन्तर्गतको नेपाल ल क्याम्पसमा सञ्चालित रहेको पाँच वर्षे (दश सेमेस्टर) BA, LLBको पाँचौं सेमेस्टरमा अध्ययनरत कानुनको विद्यार्थी हुँ। नागरिकको गोपनियतासम्बन्धी अधिकारको उल्लङ्घनविरुद्ध लड्ने मेरो अभियानले यातायात व्यवस्था विभागलाई आफ्नो नीतिहरू परिवर्तन गर्न बाध्य बनायो। यो यात्रा मेरो एउटा साधारण तर महत्वपूर्ण प्रश्नबाट सुरु भएको थियो । किन विभागले सवारी चालक अनुमतिपत्र परीक्षाको उत्तिर्ण परिणाममा संवेदनशील व्यक्तिगत सूचना (Personal Information) नगरिकता नम्बर (Citizenship Number) राखी नतिजा प्रकाशित गरिरहेको छ ? यस प्रश्नले घटनाहरूको शृङ्खला सुरु गऱ्यो । जसले व्यक्तिगत तथ्याङ्क (Personal Data) सुरक्षित राख्न ऐतिहासिक निर्णयमा परिणत भयो।

सामान्यतया कानुनका विद्यार्थीले यस्तो कानुन विपरीत हुने कार्य अदालतमा सार्वजनिक सरोकार (Public Interest Litigation) को विषयको रुपमा लिने गरेको देखिन्छ । संविधानको मूलमर्म एवम् भावनाको अवलोकन गर्दा नेपालको संविधानको धारा १३३ र १४४ मा समेत उक्त कुराको उल्लेख गरिएको देखिन्छ । सार्वजनिक सरोकार (Public Interest Litigation) को विषयको रुपमा रिट क्षेत्रको माध्यमबाट उपचार खोज्न जानुभन्दा अगाडि साधारण अधिकार क्षेत्रअन्तर्गत वैकल्पिक उपचारको बाटो अवलम्बन गर्नुपर्छ। जुन वैकल्पिक उपचारको बाटो मध्येको एउटा बाटो सूचनाको हकको निवेदनमार्फत् नागरिकको गोपनियताको हकसम्बन्धी महत्वपूर्ण संवैधानिक हकको रक्षा हुन पुगेको अवस्था छ । साधारण अधिकार क्षेत्रअन्तर्गतको वैकल्पिक उपचारको बाटो प्रभावहीन भएको वा बन्द भएको अवस्थामा मात्र असाधारण अधिकार क्षेत्रअन्तर्गत रिटको माध्यमबाटअदालतमा

प्रवेश गर्नु उचित हुन्छ। रिटद्वारा हुने कार्य सूचनाको हकको निवेदनद्वारासमेत हुन सक्छ भन्ने कुरा मैले आफै जब यसको प्रयोग गरें र सफलता प्राप्त गरिसकेपछि थाहा भयो ।

यातायात व्यवस्था विभाग र यस विभाग मातहतमा रहेका यातायात कार्यालयहरूले सवारीचालकको अनुमतिपत्र परीक्षाको परिणाम लिखित र ट्रायल टेस्ट रिपोर्ट प्रकाशन गर्दा नागरिकता नम्बर समावेश गरी प्रकाशन गर्दै आइरहेका थिए । कानुन पढ्दै जाने क्रममा वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ ले नै नागरिकताजस्तो विषय प्रकाशन गर्नु हुँदैन भनेर समेत रोक लगाएको थियो । तर पनि यातायात व्यवस्था विभाग तथा यस विभाग मातहतमा रहेका यातायात कार्यालयलहरूले सवारीचालक अनुमतिपत्र परीक्षाको परिणाम लिखित र ट्रायल टेस्ट रिपोर्ट प्रकाशन गर्दा नागरिकता नम्बर समावेश गरी प्रकाशन गर्दै आइरहेका थिए ।

नागरिकको गोपनियताको हकको रक्षार्थ सवारीचालकको अनुमतिपत्र परीक्षाको परिणाम लिखित र ट्रायल टेस्ट रिपोर्ट प्रकाशन गर्दा नागरिकता नम्बर समावेश नगरी परीक्षाको परिणाम प्रकाशन नगर्न र नागरिकता नम्बर प्रकाशन गर्नमा रोक लगाउनका निमित्त हामी निवेदकहरू क्रमशः विवेक चौधरी र साथी विकाश यादवले यातायात व्यवस्था विभागमा २०८१/०१/३० ध्यानाकर्षण पत्र दर्ता गरायौं । उक्त  निवेदनमा यस्तो विषयवस्तु थियो, हामी निवेदक द्वयले वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ को दफा ११ मा ‘प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक लिखतको गोपनियताको अधिकार हुने’ भन्ने व्यवस्था गरेको छ भने दफा ११ (३) अनुसार ‘कुनै पनि व्यक्तिको सार्वजनिक निकायमा रहेको उपदफा (२) बमोजिम वैयक्तिक लिखत कसैले सार्वजनिक गर्न वा गराउन हुँदैन’ भन्ने कानुनी व्यवस्था रहेको छ।  यातायात व्यवस्था विभागले जारी गरेको सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को ११ नम्बरले परीक्षाफलको सूचीमा उत्तिर्ण परीक्षार्थीको रोल नम्बर तथा नाम मात्र खुलाई प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोमा यातायात व्यवस्था विभागहरूले प्रकाशन गर्ने परीक्षाफल सूचीमा रोल नम्बर तथा नाम, थरका अतिरिक्त परीक्षार्थीहरूको नागरिकता नम्बरसमेत आफूखुशी प्रकाशन गर्ने गरेको पाइन्छ । उक्त प्रकाशित परीक्षाफलले व्यक्तिहरूको गोप्य राख्नु पर्ने नागरिकता नम्बरको गोपनियता भङ्ग (Privacy Violation) गरेको हुनाले उक्त सूची प्रकाशन गर्दा कानुनले निर्दिष्ट नै नगरेको वैयक्तिक गोपनियताको लिखत नागरिकता नम्बर प्रकाशन गर्ने कार्य

माथि उल्लेखित ऐन तथा निर्देशिका विपरीत रहेको हुँदा, यस्तो परीक्षाफल (Written and Trial Test Report) प्रकाशन गर्दा सो नागरिकता नम्बर (Citizenship Number) नराखी प्रकाशन गर्नलाई सादर अनुरोध गर्दछौं भनी ध्यानाकर्षण पत्र दिएका थियौं ।

उक्त ध्यानाकर्षण पत्र दिंदा पनि विभागले बेवास्ता गरी कुनै पनि प्रकारको कार्यवाही अगाडि बढाएन । त्यसपछि २०८१/०२/१६ मा कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरीसूचना हकसम्बन्धी ऐन अन्तर्गत सूचना उपलब्ध गराई पाऊँ भन्ने सम्बन्धमा पुनः अर्को निवेदन दर्ता गराएँ। जुन निवेदनमा ऐ. ऐ.को सूचना उपलब्ध गराई पाऊँ भन्ने निवेदन थियो ।

उपर्युक्त सम्बन्धमा २०८१/०१/३० गते निवेदक विवेक चौधरी र विकाश यादवले यहाँ यातायात व्यवस्था विभागमा दर्ता नम्बरः ६५६४ को ध्यानाकर्षण पत्र दिएका थियौं । जुन निवेदनमा गोपनियता सम्बन्धी ऐन, २०७५ को दफा ११ मा प्रत्येक व्यक्तिलाई निजसँग सम्बन्धित वैयक्तिक लिखतको गोपनियताको अधिकार हुने व्यवस्था छ भने दफा ११ (३) अनुसार कुनै पनि व्यक्तिको सार्वजनिक निकायमा रहेको उपदफा (२) बमोजिम व्यक्तिगत लिखत कसैले सार्वजनिक गर्न वा गराउन हुँदैन भनी कानुनी व्यवस्था रहेको र यातायात व्यवस्था विभागले जारी गरेको सवारी चालक अनुमति पत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को ११ नं. ले परीक्षाफल सूचीमा उत्तिर्ण परीक्षार्थीको रोल नं. तथा नाम, थर खुलाई प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोमा यातायात व्यवस्था विभागहरूले प्रकाशन गर्ने परीक्षाफल सूचीमा रोल नं. तथा नाम र थरका अतिरिक्त परीक्षार्थीहरूको नागरिकता नम्बरसमेत आफूखुशी प्रकाशन गर्ने गरेको पाइन्छ। सो प्रकाशित परीक्षाफलले व्यक्तिको गोप्य राख्नु पर्ने नागरिकता नम्बरको गोपनियता भङ्ग (Privacy Violation) गरेको हुनाले उक्त सूची प्रकाशन गर्दा कानुनले निर्दिष्ट नै नगरेको वैयक्तिक गोपनियताको लिखत नागरिकता नम्बर प्रकाशन गर्ने कार्य माथि उल्लेखित ऐन तथा निर्देशिकाले व्यवस्था गरेको नियम, कानुन विपरीत रहेको हुँदा, यस्तो परीक्षाफल (Written and Trial Test Report) प्रकाशन गर्दा सो नागरिकता नम्बर (Citizenship Number) नराखी प्रकाशन गर्नलाई सादर अनुरोध गरेका थियौं । सो प्रकाशित परीक्षाफलले व्यक्तिहरूको गोप्य राख्नु पर्ने नागरिकता नम्बरमा अहिलेसम्म पनि कुनै रोक लागेको देखिएको छैन (सम्पूणप्रदेश अन्तर्गतका कार्यालयहरू, यातायात व्यवस्था कार्यालयहरू) र सो कुरामा

रोक नलगाएका कारण व्यक्तिहरूको गोपनियता भङ्ग हुने गरेकोले उक्त सूची प्रकाशन गर्दा कानुनले निर्दिष्ट नै नगरेको वैयक्तिक गोपनियताको लिखत नागरिकता नम्बर प्रकाशन गर्ने कार्य माथि उल्लेखित ऐन तथा निर्देशिका विपरीत रहेको हुँदा नेपालको कानुन अनुसार प्रकाशन हुने परीक्षाफल सूचीमा नागरिकता नम्बर के कुन कानुनी आधारमा परीक्षाफलमा उल्लेख गरी प्रकाशन गर्ने गरेको हो ? सो कुराको आधार कारणको सूचना नेपालको संविधान, २०७२ को धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार ती सूचनाहरूको प्रमाणित प्रतिलिपी एवम् जानकारीको प्रतिलिपी ऐन कानुनको हदम्यादभित्र यथाशीघ्र उपलब्ध गराउनु हुन अनुरोध गर्दछौं । उल्लेखित सूचना उपलब्ध गराउँदा लाग्ने कानुनबमोजिमको शुल्क बुझाउन तयार छौं । सूचना ईमेलमार्फत् उपलब्ध गराई पाउन सादर निवेदन गर्दछौं ।

उक्त निवेदन हालेको १५ दिन पुगिसक्दा पनि विभागले कुनै जवाफ दिएन । सो पछाडि मैले २०८१/०२/३१ मा विभागका महानिर्देशकलाई सम्बोधन गरी सूचना उपलब्ध नगराउने सूचना अधिकारीउपर कारबाही गरी माग गरेको सूचना पाऊँ भनेर उजरी दिएँ । उजुरी दिएको ७ दिन पुगिसक्दा पनि उक्त विभागबाट कुनै जवाफ आएन । अब ७ दिन पुगेको भोलिपल्ट मैले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन हाल्ने निर्णय गरे । सूचना उपलब्ध नगराउने सूचना अधिकारी र विभागीय प्रमुखउपर कारबाही गरी सूचना उपलब्ध गराउने आदेश गरी पाऊँ भन्ने विषय लिएर आयोगमा २०८१/०३/१० गतेको दिन पुनरावेदन पत्र दर्ता गराएँ । सो दर्ता गरेको भोलिपल्ट मलाई इमेलमार्फत् प्राप्त भयो । यातायात विभागमा जुन सूचना मागेको थिएँ, उक्त सूचना आयोगमा पुनरावेदन पत्र दर्ता गरेको २४ घण्टाभित्र नै मलाई मैले मागेको सूचना र जे खोजेको थिएँ सो कार्यमा सफलता प्राप्त भयो ।

आयोगमा उजुरी परेलगत्तै विभागले मेरो पत्रको जवाफसँगै सातै प्रदेशका यातायात मन्त्रालयलाई समेत आवश्यक कारबाहीका लागि परिपत्र समेत गऱ्यो । सवारी चालक अनुमतिपत्रको परीक्षाफल सूचीमा परीक्षार्थीको नागरिकता नम्बरसमेत प्रकाशित गर्ने कार्य गोपनियतासम्बन्धी ऐन मात्र नभएर सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका विपरीतसमेत रहेको विभागले स्वीकार गऱ्यो । नागरिकता नम्बर नराखी यस्तो परीक्षाफल प्रकाशन गर्ने विषयमा विभागको गम्भीर ध्यानाकर्षण भएको व्यहोरासमेत त्यहाँ उल्लेख गरिएको थियो ।

हाल प्रदेश मातहतका सवारी चालक अनुमतिपत्रसम्बन्धी कार्य गर्ने यातायात व्यवस्था कार्यालयहरूले सवारी चालक अनुमतिपत्र सम्बन्धी सफ्टवेयर प्रणाली प्रयोग गर्दै आएका छन् । उक्त सफ्टवेयर अपग्रेड गरी सिस्टममा देखापरेका समस्या समाधानका लागि विभागले आगामी आ.व.२०८१/८२को आफ्नो कार्ययोजनामा समेत रहेको जानकारी प्राप्त भयो र आगामी दिनमा सिस्टममा देखापरेका त्रुटीहरूको समाधान गरिने उल्लेख गर्दै विभागले नतिजा प्रकाशनको कार्य गर्ने प्रदेश मातहत निकायको जिम्मेवारी भएकाले सो समस्या समाधानका लागि सातै प्रदेशका सम्बन्धित मन्त्रालयमा पत्राचारसमेत गर्ने प्रतिबद्धता जनाइएको छ । अदालतबाट हुने कार्य, जुन धेरै समय लाग्न सक्थ्यो, सो कार्य सूचनाको हकको प्रयोग गरेर निवेदनमार्फत् राष्ट्रिय सूचना आयोगबाट गोपनियता हकको प्रयोगको रक्षा गर्न सफलता प्राप्त भयो ।

# सूचनाको हक : सुशासनको 'ब्रह्मास्त्र'



सागर जोशी

## १. खराब औषधिको अनुमति खारेज भयो

मेरो पढाई फार्मेसी हो र काम औषधी कम्पनीको अनुसन्धान विभागमा हो । आफ्नो काम र पढेको कारण व्यवस्था विभागमा (DDA) बाट मान्यता प्राप्त केही औषधीको मात्रा, मिसावट र बनोट र प्रविधि गलत भएको जानकारी राख्दछु जसलाई म सूचनाको हकको प्रयोग गरी तिनको कानुनी, रेगुलेटोरी र वैज्ञानिक मान्यताउपर प्रश्न गर्छु । यसको जवाफ विभागसँग हुँदैन र आफ्नो गल्ती सच्याउन बाध्य हुन्छ ।

### क. गलत मात्रा भएको

संसारमा नयाँ औषधीको खोज हुने क्रममा मानव परीक्षण हुन्छ जसमा हजारौं विरामीमा ३-४ वर्षसम्म यसको सफल परीक्षण भई रोगउपर असरदार भएको प्रमाणित हुन्छ । त्यो नयाँ औषधीलाई इनोभेटर भनिन्छ र त्यसपछि अरु कम्पनीले सोही औषधी बनाउँदा Generic भनिन्छ । नेपालमा बन्ने औषधी सबै जेनेरिक हुन् । जेनेरिक औषधीमा उही रसायन, उही मात्रा, उही बनोट र उही प्रविधि प्रयोग हुन्छ र यसको मानव परीक्षण  जरुरी हुँदैन ।

तैपनि विभागले फरक मात्रालाई अनुमति दिएको छ । जस्तो कि दुखाइमा प्रयोग हुने Aceclofenac immediate release tablet 100 mg हुनु पर्नेमा दोब्बर मात्रा 200 mg र मधुमेहको औषधि Linagliptin tablet 5 mg हुनु पर्ने ठाउँमा कम मात्रा 2.5 mg लाई मान्यता दिएको थियो । यी दुई औषधीबारे प्रश्न गर्दा यसको असर थप औषधीमा परी विभागले निम्न कूल ८ औषधीलाई २०८०/०८/११ मा

उत्पादनमा रोक लगाएको र २०८१/०३/१४ मा अनुमति खारेज गर्यो । लहरा तान्दा पहरा गयो !

| क्र.स. | औषधि DDA ले मान्यता दिएको जेनेरिकको मात्रा | इनोभेटरको मात्रा |
|---|---|---|
| 1. | Aceclofenac immediate release tablet 200 mg | 100 mg |
| 2. | Aceclofenac immediate release tablet 300 mg | 100 mg |
| 3. | Linagliptin tablet 2.5 mg | 5 mg |
| 4. | Linagliptin tablet 10 mg | 5 mg |
| 5. | Linagliptin ± Metformin extended release tablet 2.5 mg ± 500 mg | 2.5 mg ± 1000 mg |
| 6. | Linagliptin ± Metformin extended release tablet | 2.5 mg ± 850 mg, 2.5 mg ± 1000 mg |
| 7. | Linagliptin ± Metformin tablet immediate release tablet | 5 mg ± 500 mg, 2.5 mg ± 500 mg |
| 8. | Rivaroxaban 5mg | 2.5 mg, 10 mg, 15 mg and 20 mg |

### ख. गलत मिश्रण भएको Antibiotic औषधीहरू हटे

Antibiotic औषधीहरू समयसँगै कम असरदार हुँदै जान्छन् । यो प्राकृतिक प्रक्रिया हो । यसलाई Antibiotic resistance भनिन्छ । यसलाई रोक्न सकिन्न तर ढिलो गराउन सकिन्छ । यी औषधी सही अवस्थामा, सही मात्रामा र सही समयको लागि मात्र प्रयोग हुनु पर्छ र दुई वा बढी Antibiotic को अनधिकृत मिश्रण गर्न हुन्न । जस्तो कि Ampicillin / Cloxacillin एकल रुपमा राम्रा असरदार Antibiotic हुन् र प्रयोगमा बन्देज छैन । तर, Ampicillin ± Cloxacillin अनधिकृत मिश्रण हो । जसले resistance लाई बढावा दिन्थे र त्यो बेला सो मिश्रणको ३७ वटा नेपाली वा बिदेशी ब्राण्ड बजारमा पाइने थियो ।

विश्व स्वास्थ्य संगठनले २०२१ मा यस विषयउपर प्रस्तुत गरेको "WHO Access, Watch, Reserve (AWaRe) classification of antibiotics for evaluation and monitoring of use, 2021" ले १०३ वटा antibiotic अनधिकृत मिश्रण भएको औषधीलाई "not evidence–based, nor

recommended in high–quality international guidelines. WHO does not recommend their use in clinical practice." भनेको थियो । विभागले त्यसमा पर्ने भारतीय कम्पनी Leben को Cefwar (CV 50 -Cefpodoxime Proxetil and Potassium Clavulanate Dry Syrup) लाई विक्रीवितरणको अनुमति दिएको थियो । विभागले किन यो औषधीलाई के आधारमा अनुमति दिएको र WHO ले हटाउन भनेको के कति औषधी खारेज गरेकोबारे जानकारी माग्दा २०८०/०५/३१ मा प्रकाशित सार्वजनिक सूचना जारी गरी ती सबै १०३ वटा अनधिकृत मिश्रणको प्रयोग, उत्पादन, नवीकरण र पैठारीमा रोक लगायो ।

माथिका दुवै केसमा विपक्षीले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन पनि गर्न नपर्ने गरी मैले माग गरेको सूचना दिएको थियो । किन कि सो निकायसँग अघिल्लो समयमा अरु विषयमा धेरै पटक सूचना माग गर्दा नपाएपछि नपाएपछि आयोगमा पुनरावेदन गरेको छु । जुन कुरामा प्राविधिक तहमा आफू गलत थिए सो कुराउपर उनीहरूले लड्न चाहेनन् र यो सूचनाको हकको जीत हो ।

### २. कलेजबाट तोकिएकोभन्दा बढी शुल्क फिर्ता गरियो र कलेज बाइपास गरी मार्कसिट र trasncript लिइयो

MBBS को शुल्कमा व्यापक अतिरिक्त शुल्क लिएको विषय मिडियामा आएको छ । तर अरु मेडिकल विषयमा पनि थोरै स्वरूपमा यस्तै भइरहेको थियो । मेरो श्रीमती पढ्ने लैनचौर, काठमाडौँको National Model College for Advanced Learning ले ४ वर्षको B. Pharm सञ्चालन गर्दा हरेक वर्ष अफिलियेसन फी को नाममा ४६ हजार र चौथो सालमा डीसरटेशन फीको नाममा १५ हजार गरी ६१ हजार बढी तोकेको थियो ।

उनी चौथो सालमा पुग्दा हाम्रो बिहे भयो । र, मलाई यसरी लिइएको शुल्कबारे जानकारी भयो । मैले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको Institute of Medicine (IOM) मा सूचनाको हक प्रयोग गरी उनी (मेरी श्रीमती) भर्ना भएको सालको आधिकारिक शुल्क कति हो ? ती अफिलियेसन फी र डिसरटेशन फी नियम विपरीत हो भन्ने विषयमा लिखित जानकारी र कलेज सञ्चालन गर्दा त्रि.वि.सँग भएको सम्झौता सूचनाको

हकको प्रयोग गरेर प्राप्त गरें ।  त्यसमा प्रष्ट लेखिएको थियो 'परिषद्बाट सहमति भई विद्यार्थीबाट लिने मासिक शुल्क तथा अन्य शुल्क निर्धारण गर्ने' । परिषद् भन्नाले त्रि.वि. कार्यकारी र प्राज्ञिक परिषद् हो । तसर्थ, कलेजले आफूखुशी शुल्क तोक्ने अधिकार सम्झौतामा उल्लेख थिएन । अफिलियेशन फी कलेजले त्रि.वि.लाई दिने रहेछ । विद्यार्थीले कलेजलाई होइन । यो विषयको जानकारी सूचनाको हकको प्रयोग गरेर प्राप्त कागजात अध्ययनपछि थाहा भयो ।

यी कानुनी आधार र हामीले तिरेको पैसा र कलेजले दिएको फी structure, जसले त्यसको अतिरिक्त शुल्कलाई उल्लेख गरेको थियो- सहित त्रि.वि. को अनुगमन विभागमा उजुरी गरें । आफूसँगै सो कलेजका सबै विद्यार्थीसँग सम्झौताविपरीत उठाइएको शुल्कबापतको पैसा फिर्ता होस् भन्ने उद्देश्यले त्यो उजुरी गरिएको थियो । तर, उनीहरूले सो उजुरी नउठाउने भने र फेरि आफ्नो लागि मात्र उजुरी गरियो । उजुरी गरेको ३ महिनासम्म पनि केही नभएपछि मैने सूचनाको हक प्रयोग गरी उजुरीउपर के कार्वाही भयो भनी सोधें । विपक्षीले मलाई थाहै नदिई सूचना आयोगलाई 'कुरा मिलाएको' भनी जवाफ दिएछ ।  मैले सूचना नपाएको भनी आयोगमा निवेदन गरें । यसबाट विपक्षीले झुठो बोलेको साबित हुन लग्यो । आफूलाई बचाउन विपक्षीले नै कलेजलाई पैसा तिर्न बाध्य बनायो । सबुत प्रमाणसहितको उजुरीले काम नगरेपछि सूचनाको हकको डण्डा परेपछि त्यसले काम गऱ्यो ।

यो एक वर्षभन्दा बढीको लामो चरणबद्ध प्रक्रिया थियो । यसबीच मेरी श्रीमतीले चौथो वर्षको परीक्षा पास गरिसकेकी थिइन् । परीक्षा पास भए पनि जागिर खान नेपाल फार्मेसी काउन्सिलको पहिचान जरुरी थियो । जसको लागि trasncript आवश्यक पर्दथ्यो । trasncript का लागि चौथो सालको मार्कसिट जरुरी थियो । मार्कसिट कलेजबाट वितरण हुने गर्दथ्यो । तर कलेजसँग पैसाको कुरा मिलिसकेको थिएन । यसमा फेरि सूचनाको हकले साथ दियो । IOM मा मार्कसिट लिन नमिल्ने अवस्था भएको भएर duplicate प्रदान गर्नु भनी सूचना मागें । जसलाई उनीहरूले स्वीकार गरे । यसरी trasncript लिन र जागिर खान कलेजसामु झुक्नु परेन ।

### ३. **कार्वाहीबाट उम्केका नायब सुब्बालाई विभागीय कारवाही भयो**

हिमालखबर नामक digital पत्रिकाको २८ पुस, २०७९ मा प्रकाशित 'नेपालमा मानव अधिकारको अवस्थाबारे अन्तर्राष्ट्रिय प्रतिवेदनले औंल्याएका ६ बुँदा https://www.

himalkhabar.com/news/133922 शीर्षकको खबर अनुसार रोल्पा कारागारमा २० वर्षीय दलित युवक सुन्दर हरिजनको मृत्यु शङ्कास्पद परिस्थितिमा भएको थियो । गृह मन्त्रालयले यसउपर छानबीन गरी प्रतिवेदन सार्वजनिक नगरेको र कसैलाई कारवाही नगरेको आरोप यसमा व्यक्त गरिएको थियो ।

यसको सत्यता जाँच गर्न भनी सूचनाको हक प्रयोग गरी सो प्रतिवेदन प्राप्त गरें । र, कसलाई के कारवाही गरियो जानकारी पाएँ । जवाफमा पाएको प्रतिवेदन अनुसार सो घटनमा साना उमेरका सुन्दर हरिजन, जो सजायको अन्तिम चरणमा थिए, लाई विजय विक्रम नामका अर्का कैदीले म्यानिपुलेट गरी उसको ठाउँमा आफू छुट्ने योजना बनाएको रहेछ । यस अनुसार विजयले पैसा खुवाएर आफू र हरिजनलाई नेपालगञ्ज कारागारबाट रोल्पा कारागारमा स्थानान्तरण गर्छ । त्यहाँ दुबैलाई कसैले चिन्दैनन् र नयाँ ठाउँमा कैदीको नाम र अनुहार रुजु गर्ने चलन नभएको विजयलाई थाहा थियो । उनीहरूले एक अर्काको परिचय साट्छन् । विजय हरिजनको नाममा छुट्छ । ऊ फटाहा मान्छे भएकोले अरुलाई जेलबाट छुटाउने भनी पैसा ठगेको हुन्छ । ती पैसा लिएकाले धोका महसुस गरी हरिजनलाई विजय ठानी मानसिक तनाव दिएर आत्महत्या गर्न बाध्य बनाएको उल्लेख सो प्रतिवेदनमा छ । लासलाई सनाखत गर्ने बेला मात्र वास्तविक परिचय बाहिर आयो ।

यो घटनामा कारागारका केही कर्मचारीको लापरवाहीलाई प्रतिवेदनले औंल्याएको छ । तीमध्ये केहीलाई खबर छापिएपछि २०७९ सालभित्र कार्वाही गरिएको रहेछ । तर, मैले २०८० को अन्तिमदेखि सूचना मागेको भएर एक व्यक्ति, नायब सुब्बा दिपेन्द्र प्रसाद पौडेललाई २०८१/०३/०९ को निर्णयले ५ वर्षका लागि बढुवा रोक भएको छ । सूचना नमागेको भए उनी सदाका लागि कारवाहीबाट उम्किने थिए ।

### ४. नागरिकता किन नदिएको प्रश्न गर्दा १४ हजार बढीले नागरिकता पाए

साल २०८० को नयाँ सरकारले आमाको नामबाट नागरिकता दिने र जन्मको आधारमा नागरिकता पाएका सन्तानलाई नागरिकता दिन कानुनी बाटो खोलेको छ । तर यो विषय २०७५ देखि संसद्को समिति र उपसमितिमा अल्झेर बसेको थियो । भारतीय बुहारीलाई बिहेपछि नागरिकता दिने कि ७ वर्षको समयपछि दिने भन्नेमा बहस कहिल्यै टुङ्गो लागेन ।

यही बेला ११ फाल्गुन २०७५ को कान्तिपुर खबर पत्रिकाको https://epaper.

ekantipur.com/kantipur/2019-03-01 पहिलो पृष्टमा 'म किन अनागरिक' शीर्षकको खबर सार्वजनिक भयो । नेपाली महिला क्रिकेट टिमको सदस्य झापा निवासी अप्सरा बेगमको जन्म हुँदा उनकी आमाले बंशजको आधारमा, बुबाले २०६३ मा जन्मका आधारमा र दाइको पनि बंशजको आधारमा नागरिकता रहेको खबरमा उल्लेख थियो । खबरको प्रस्तुति परिपक्व थिएन । दाइले नागरिकता पाए किन बहिनीलाई रोक ? भन्ने प्रश्न खबरले उठाएन र किन नदिएको भनी कुनै सरकारी निकायको भनाइ संलग्न थिएन । मैले यो विषयमा सूचनाको हकको सफल प्रयोग हुन् सक्ने सम्भावना देखें र उनलाई खोज्न लागें ।

फेसबुकमार्फत् जसोतसो उनलाई खोजियो र के कुरा बुझियो भने वडा र जिल्ला प्रशासन कार्यालयले जन्मको आधारमा नागरिकता पाएको बाबुको यस्तो नागरिकता पाउनु अघि जन्मेको सन्तानको हकमा नागरिकता पाउने प्रावधान नभएको भनेका रहेछन् । यसउपर गृहको नागरिकता शाखामा फोनमा बुझ्दा सन्तान जन्मेको बेला बुबाको पहिचान नभएको तर्क प्रस्तुत गरियो । तर नागरिकता कि नेपाली हुन्छ कि विदेशी । सन्तान जन्मेको बेला बुबा नेपाली होइनन् भने पछि कसरी नेपाली नागरिक भए ? किन कि पहिले र अहिले पनि विदेशी पुरुषले नागरिकता लिने प्रावधान बनेको छैन ।  तसर्थ, गृहले भनेको तर्क आफैमा विरोधाभाषपूर्ण थियो ।

मैले नागरिकतासम्बन्धी कानुन पढें । त्यतिबेलाको संविधानको भाग २ दफा ११ को उपदफा ३ अनुसार  'यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बलिग भएपछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ', भनी लेखिएको रहेछ । दुवै आमा र बाबुसँग नेपाली नागरिकता छ । संविधानदेखि नियमावलीसम्ममा आमाको नामबाट नागरिकता दिन मिल्ने व्यवस्था पहिले पनि थियो र अहिले पनि छ । बुबा बेपत्ता वा विदेशी भए अड्चन हुने थियो तर अप्सराजस्तोलाई आमाको नामबाट बंशजको नागरिकता पाउन कुनै कानुनी रोक थिएन । तर, मिडिया र सरकारी तवरमा जहिले पनि बुबाको जन्मको नागरिकताको कुरा उठाएर कानुन निर्माण नभएको कुरा गर्थे । बुबाको बंशज र आमाको जन्मको नागरिकता भए केही समस्या नहुने विभेदकारी प्रशासनिक अभ्यास चलिरहेको थियो । आमाको नाममा नागरिकता दिन कानुन तयार भए पनि समाज तयार थिएन ।

मैले यसै आधारलाई टेकी अप्सराको आमा-बुबाको नामबाट उनी भएको वडा कार्यालयमा

नागरिकता दिन नमिल्नुको कानुनी कारण माग गर्दै सूचनाको हकको प्रयोग गरी निवेदन तयार पारिदिएँ। सो निवेदन झापा जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालय पनि पुऱ्याउन मद्दत गरें। गृहले २०७५/१२/१९ मा सम्पूर्ण जिल्ला प्रशासन कार्यालयलाई अप्सराजस्तो जन्मको नागरिकता भएका सन्तानलाई बंशजको नागरिकता दिन निर्देशन गऱ्यो। यो निर्णय गर्नु अघि सदनमा नागरिकता ऐन संशोधन विचाराधीन थियो। नियमवाली र कार्यविधि केही नबनेको भएर सो निर्णय असंवैधानिक हो भनी गृह मन्त्रालयका विरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो।

तर गृहले जित्यो https://https://myrepublica.nagariknetwork.com/news/sc-gives-go-ahead-for-citizenship-distribution/ । किन र कसरी जित्यो प्रष्ट भएको छैन तर गृहलाई निर्णय गर्नु अघि सदन वा सडक कतैबाट यसबारे सरकारलाई प्रोटोकल मिचेर उर्दी जारी गर्नु पर्ने दवाब थिएन। गृहको पत्रले यस विषयउपर अदालतले निर्णय गरेको, संशोधनहरू लामो समय विचराधीन भएको र नागरिकलाई दुःख भएको हुनाले निर्णय जारी गरेको तर्क पेश गरेको छ। तर सो अदालतको निर्णय धेरै पुरानो थियो। यो विषयमा मात्र किन नागरिकको दुःखउपर सदनलाई बाइपास गर्ने गरी कति धेरै माया जागेको ? यस्तो माया MBBS शुल्क ठगी, म्यानपावर ठगी र मिटरब्याज ठगीमा किन देखिएन होला ? सरकारले मान्ने छैन तर मात्र एक साधारण आमा-बुबाले मेरो मद्दत स्वीकार गरी प्रक्रियागत रुपमा उठाएको प्रश्नले १४ हजार बढीले नागरिकता पाए।

### ५. होमियोप्याथिको झुठो प्रचार रोक लगाइयो

पहिलो कोरोना कालमा स्वास्थ्य मन्त्रालयले आयुर्वेद विभागमार्फत् कोरोनाको उपचारबारे एक गाइडलाइन तयार पाऱ्यो। Ayurveda and Alternative medicine Guidelines of Preventive Measure and Management Protocol for COVID–19 in Nepal। सो गाइडलाइनमा औषधी व्यवस्था विभाग, नेपाल फार्मेसी काउन्सिल वा नेपाल मेडिकल काउन्सिल कसैको संग्लग्नता थिएन। यसले बेसार, लसुन, च्यवनप्रास, हर्रो, बर्रोजस्ता जडिबुटीदेखि होमिओप्याथी अन्तर्गत पर्ने Arsenic Album 30C ले रोग प्रतिरोधात्मक क्षमता बढाउने दावी गरेको थियो। यसमै टेकेर मारवाडी सेवा समिति नेपालले आर्सेनिक एल्बम घण्ऋ को सानो सेतो डल्लाहरूको व्यापक वितरण गरेको थियो। गाइडलाइनले आर्सेनिक एल्बम 30C बारे प्रस्तुत गरेको रिफरेन्स एक

वेबपेज थियो, जसमा कुनै वैज्ञानिक आधार नभई केही व्यक्तिहरूको समर्थन मात्र थियो । जसलाई अधिकारिक मान्न सकिन्न थियो ।

मेरो पढाई फार्मेसी हो र Master's Pharmaceutical chemistry हो । यस विषय अन्तर्गत मैले औषधी भनेको molecular level मा के हो, किन हो र कसरी हो भन्ने ज्ञान हासिल गरें । मलाई उल्लेखित होमिओप्याथी औषधी 'फेक' हो भन्ने लागेको थियो । यसको सेवनले कोरोना नलाग्ने गलत विश्वासले मान्छेले लकडाउनको कडा पालना नगरी कोरोना फैलिने सम्भावना थियो । यो झूठो प्रचारविरुद्ध लड्नु पर्ने मेरो जिम्मेवारी ठानें ।

औषधी व्यवस्था विभागमा दर्ता भएका औषधीलाई अलोप्याथी, आयुर्वेद र होमिओप्याथीमा वर्गीकरण गर्न सकिन्छ । अलोप्याथीमा भनेको डाक्टरको औषधी हो । जसमा Anti–Cancer, Anti–AIDS, Anti–TB, Vaccines, Anesthetics, Antibiotics जस्ता आधुनिक विज्ञानका वरदान पर्छन् भने Homeopathy फेक हो जसको कुनै पनि रोग निदान गर्ने केही प्रमाण संसारमा कतै छैन । हामी सबै पढेलेखेका छौं । धामीझाँक्री, कालो जादु, बाबा-माताले रोग निको गर्छन् भनी विश्वास गर्दैनौं । होमिओप्याथी सोही स्तरमा पर्छ । किन र कसरी फेक हो बारे भन्न चिकित्सा शास्त्रबारे धेरै ज्ञान हुनु पर्छ तर सबैले बुझ्ने साधारण तर्क यी हुन् ।

१. औषधीको मात्रा बढी भयो भने घातक हुन्छ र थोरै भयो भने बेअसर हुन्छ । तर होमिओप्याथीमा law of infinitesimal dose चल्छ । जसले जति थोरै मात्रा भयो उति नै औषधी राम्रो हुन्छ मान्दछन् ! यो विचार स्थापित वैज्ञानिक मूल्य-मान्यता विपरीत छ । यस अनुसार उनीहरू औषधीको मूल रसायन केही बाँकी नरहने गरी कम गर्छन् । जस्तो कि आर्सेनिक PNad 30C मा १००% आर्सेनिकलाई 0=000000000 0000000000000000000000000000000000000000000000001% मा झार्छ । यसमा decimal पछि कूल ५८ शून्य छन् । कुनै पनि कुरालाई dilution गर्दा रसायन विज्ञानले Avogadro's limit तोकेको छ जुन 10–24 वा decimal पछि कूल 24 २४ शून्य भए त्यसमा सुरुको केही तत्व बाँकी नरहने अवधाराणा छ । तसर्थ, आर्सेनिक एल्बम 30C मा कत्ति पनि आर्सेनिक हुँदैन । अनि के कसरी रोग प्रतिरोधात्मक क्षमता बढाउने हो ?

२. मानव शरीरमा रातो र सेतो रक्त कोषिका हुन्छन् । रातोले अक्सिजन प्रवाह गर्ने र

सेतोले रोग विरुद्ध लड्ने हो । एड्स रोगले सेतो रक्त कोषिकालाई नष्ट गर्छ । र, एड्स लागेका विरामीको रगतको जाँच गर्दा उनीहरूको सेतो रक्त कोषिका साधारणभन्दा धेरै थोरै हुन्छ । यसकारण यस रोगका विरामीमा रोग प्रतिरोधात्मक क्षमता कम हुन्छ । साधारण रुघाखोकी पनि उनीहरूलाई घातक हुन्छ । आर्सेनिक एल्बम 30C वास्तवमै इम्युन बुस्टर हो । एड्स लागेका विरामीमा यसको किन प्रयोग हुँदैन ? यसको प्रयोगले उनीहरूको सेतो रक्त कोषिकाको न्यून मात्रलाई बढाई साविकजस्तै पार्ने हो भने नोबेल पुरस्कारको हकदार हुने छन् । खै त भएको ?

३. विश्व स्वास्थ्य संगठनको एड्स, मलेरिया, टीबी, झाडा पखाला आदि विभिन्न रोगको उपचारमा होमिओप्याथीलाई कतै स्थान दिएको छैन । किन होला ?

किन कि औषधिको उत्पादन, विक्री वितरण र स्तर निर्धारण गर्ने एक मात्र निकाय औषधी व्यवस्था विभाग भएकोले मन्त्रालयको गाइडलाइनलाई चुनौती दिन पहिले विभागको भनाइ पाउनु जरुरी थियो । विभागमा मजस्तै फार्मेसी पढेका छन् । उनीहरूलाई पनि थाहा छ कि होमिओप्याथी प्रणाली फेक हो । तर सरकारी मान्यतालाई चुनौती दिन चाहँदैनन् । विश्वस्तरमा फैलिएर लाखौं मान्छे मरिरहेको कोरोना रोगको औषधी भनेर वितरण भइरहेको आर्सेनिक एल्बम घण्त्र ले वास्तवमै रोग प्रतिरोधात्मक क्षमता बढाउने हो ? भनी सूचनाको हकको प्रयोग गरी म फार्मेसी पढेकोले प्रश्न गर्दा विभाग कुनै लफडामा पर्न चाहँदैन थियो । र, सजिलै मलाई जानकारी दियो कि उनीहरूबाट यस्तो कुनै मान्यता प्रदान गरिएको छैन । साथै मारवाडी सेवा समितिलाई कोरोनासँग नजोडिन पनि विभागले सचेत गरायो । विभागसँग यसबारे जानकारी लिएर मैले स्वास्थ्य मन्त्रालय तथा जिल्ला प्रशासनमा उजुरी गरें । सो पछि मारवाडी सेवा समिति पछि हट्यो र यसरी सेलायो कि कोरोनाको दोस्रो लहरमा चुप नै बस्यो । जब कि सो बेला धेरै नेपालीको ज्यान गएको थियो । त्यतिबेला उनीलाई फेरि प्रचार गर्ने राम्रो अवसर थियो ।

**६. सूचनाको हकको प्रयोगमा मेरो पहिलो निवेदन**

मैले सूचनाको हक प्रयोग गर्न थालेको ९ वर्ष भयो । अहिले मेरो हातमा पुर्वसांसद र मन्त्रँहरूले कानुन विपरीत स्वास्थ्य उपचार खर्च लिएका प्रमाण छन् । ती विषय अदालत र अख्तियार दुरपयोग अनुसन्धान आयोगमा पुऱ्याएको छु । मेरो पढाइ र काम दुबै फार्मेसी सम्बन्धी हो । एक सामान्य जागिरे, जो न पत्रकार हो न वकिल, न कुनै NGO चलाउन;

उसलाई कसरी र किन भ्रस्टाचारविरुद्ध लड्ने सोच पलायोबारे बताउँदै छु । र, आशा गर्छु मेरा अनुभवबाट प्रेरित भई सूचनाको हकको प्रयोगतर्फ अन्य नागरिकमा पनि आशा र आकर्षण जगाउन सफल हुनेछु ।

सन् २०१४ मा म HOPE कलेजमा फार्मेसी टिचर थिएँ । त्यहाँ तत्कालीन नेपाल फार्मेसी परिषद्को रजिस्ट्रार पार्ट टाइम टिचर थिए । CTEVT अन्तर्गत डिप्लोमा फार्मेसीको curriculum revise गर्न एक कमिटिको चयन गर्ने जिम्मा परिषद्को रजिस्ट्रारले पाए र सामान्य चिनजान भएकोले मेरो पनि नाम संलग्न भयो । काम भयो र भत्ता स्वरूप ६,५०० रुपैयाँ सबैले पाए । तर मैले पाइनँ । यसबारे रजिस्ट्रारलाई गुनासो गर्दा उनले अर्को महिना आउने भने ।

महिनौं बित्यो तर उही कामबापत सबैले भत्ता बुझे तर मैले सोबापतको पैसा पाइनँ । नयाँ आर्थिक वर्ष लाग्यो । रजिस्ट्रारले मेरो पैसा CTEVT ले खाएको भनी पन्छिए । CTEVT गई बुझ्दा पैसा पाउने लिस्टमा मेरो नाम नभएको जवाफ पाइयो ।

एउटा पत्र, जो हामी सबैलाई CTEVT ले प्रदान गरेको थियो, जसमा कमिटीमा रहेका सबैको नाम उल्लेख थियो । तर, त्यो हराइरहेको थियो । सो पत्रको सक्कल अभिलेखमा हेरे मेरो नाम हुनेछ भन्दा कार्यालय प्रमुखले ‘नयाँ आर्थिक साल लाग्यो र पुरानो सबै रेकर्डमा लेखामा लक भइसकेको छ । अब केह गर्न सकिन्न’ भने । भन्नलाई म काठमाडौंको सुकिलो मुकिलोमा पर्छु । राम्रो अंग्रेजी माध्यमको विद्यालय र काठमाडौं विश्वविद्यालयमा पढेको हुँ । मास्टर्स डिग्री छ तर देशको प्रशासनिक र राजनैतिक सचेतनामा मेरो अनुभव शून्य थियो । ‘सरकारी काम कहिले जाला घाम’ सुनेर हुर्केको मलाई सबै सरकारी कर्मचारी घुसखोर र फटाहा हुन्छन् भन्ने लाग्थ्यो । उनीहरूको भनाइ सही मानी आफू नै ढिलो आएको गल्ती स्वीकार गरी म विचारा लुत्रुक्क परी घर फर्कें ।  अहिले मन्त्रालयस्तरका निकायले मेरो च्त्क्ष निवेदनले हैरानी भयो, विषय छोड्नुस् भनी रुन्चे आग्रह गर्छन् । सूचनाको हकको प्रयोगले प्रशासनिक ममिलामा मलाई धेरै सचेत र बलियो बनाएको छ ।

जागिर खाएपछिको मेरो पहिलो दशैं आउनेवाला थियो । र, CTEVT बाट भत्ताबापत प्राप्त हुने ६५०० रुपैयाँ रकम दशैंमा खर्च गरी घरमा रमाइलो गर्ने मेरो योजना बनेको थियो । मलाई जागिरे भएर पैसा कमाएको रकम खर्च गरी  अब ठूलो मान्छे भएको अनुभूति गर्नु थियो । मेरो ठूलो मान्छे हुने सपना खोसिएकोमा म निराश थिएँ । दशैं नजिकिंदै गइरहेको

थियो । म भने भत्ताबापत पाउनु पर्ने रुपैयाँ नपाएकोमा बेचैन थिएँ । त्यो रुपयौं प्राप्त गर्न के उपाय गर्ने होला भनी सोचिरहन्थें ।

त्यो बेलातिर भारतमा अमिर खानको सत्यमे विजयते भन्ने टक शो धेरै लोकप्रिय थियो । उनी विभिन्न सामाजिक विषयबारे शालिनताका साथ प्रस्तुत गर्थे । शो को नियत विषयलाई सम्मानपूर्वक प्रस्तुत गर्नु र समाधानबारे कुरा गर्नु थियो ।  नेपालको जस्तो उत्तेजनात्मक धुन राखी 'सरकार छैन, न्यान्य छैन, देश सक्यो' जस्तो depression जगाउने विषालु उद्घोष त्यहाँ हुँदैन थियो । त्यसको एक एपिसोड सूचनाको हकबारे थियो । जसमा साधारण मान्छेहरूले सूचनाको हक प्रयोग गरी भ्रष्टाचार र अनियमिकताबारे लडेर जीत हासिल गरेका विषय समेटिएका थिए ।

भारतको प्रशासन नेपालको भन्दा खत्तम छ भन्ने भान हिन्दी चलचित्रबाट मलाई परेको थियो । त्यसैले मलाई यो कुरा धेरै घत लागेको थियो कि यस्तो परिस्थितिलाई आमनागरिकले चिरेर सूचनाको हकको प्रयोग गरी जीत हासिल गरेका थिए । नेपालमा पनि यो सूचनाको हक (RTI) भन्ने छ कि भनी इन्टरनेटमा हेर्दा काठमाडौंको पेरिसडाँडामा कुनै कार्यालय रहेको भन्ने थाहा भयो । नेपालमा पनि कसैले यसको प्रयोग गरी राम्रो काम गरे हुने थियो भनी सोचें । तर यसबारे थप चासो राखिन । त्यो बेला मेरो सोचाइ 'आफ्नो काम बनोस्, अरु सबै मरोस्' थियो । जब आफूलाई जरुरत भयो तब मात्र यसको याद मलाई आयो ।

मलाई सुरुमा RTI निवेदन लेख्न आयोगको परिसरमा रहेको एक NGO ले सिकाएको हो । 'मेरो भत्ता खोई' भनी रचित त्यो RTI निवेदन लिएर म CTEVT गएँ । सो बेलाको सूचना अधिकारीले यस्तो काम नगर्नू नत्र मलाई दुःख हुन्छ भनेका थिए । तर, मैले मानिनँ । जवाफमा उनीहरूले कमिटीको सदस्यहरूको चयन भएको पत्र दिए, जसमा मेरो नाम थिएन । र, सो पत्र देखाई मेरो भत्ताको हक आधारहीन रहेको बताए । भाग्यवस त्यो हराएको पत्र मैले फेला पारें । त्यो पुरानो र CTEVT ले दिएको पत्र तुलना गर्दा उनीहरूले झुठो जवाफ दिएको प्रष्ट भयो । उनीहरू आत्तिए र पैसा रजिस्ट्रारमार्फत् पाउने आश्वासन दिए । रजिस्ट्रारले मलाई किन CTEVT गएको भनी गाली गरे । मैले पनि किन ६५०० रुपैयाँको लागि मलाई ठगेको भनी गाली गरें । र, पैसा लिएरै छाडें । दशैं आयो, भत्ताबापत मैले बुझेको रकम दशैंसँगै सकियो तर मैले सिस्टमसँग जितें । स्वाभिमानी हुन पाएकोमा धेरै नैं खुसी थिएँ ।

त्यसपछि मैले सूचनाको हकको थप प्रयोग गरेको थिइँन । २०७२ मा महाभूकम्प गयो ।

मेरो मनमा अनेक कुरा खेल्यो । अरु किन मरे आफू किन बाँचें ? बाँचें पनि बाँकी जीवन सामान्य रुपमा बिताई अन्त्यमा त्यै मर्ने नै हो त ? अहिले मरे भइहाल्ने थियो त ? किन बाँचे ? बाँचे भने सामान्यभन्दा बढी केही गर्नु पर्छ भने सोच पलायो । यसलाई survivor's guilt भन्दा रहेछन् । र, मलाई कडा रुपमा लग्यो ।

यो बैचेनीको अन्त्य गर्न मैले मेरो २५ हजारको तलबबाट १० हजार फार्मेसी साथीहरूले गर्न लागेको हेल्थ क्याम्पमा दान दिएँ । तर पनि मन स्थिर भएन । आफूले आफैलाई घुस खुवाउन नमिल्ने रहेछ । भूकम्पले धापासीको मोर्गन कलेज तासको घरजस्तो ढलेको थियो । गाउँमा धेरै स्कुल भत्केका थिए । तर, काठमाडौँका मान्छेलाई धरहरा भत्केको मात्र चिन्ता थियो । मोर्गन कलेज भवनको निर्माणको प्रवाधिक पक्ष कसले आनुगमन गरेको थियो कि थिएन ? कसैलाई चासो थिएन । साथै खाद्य विभाग एउटा चाउचाउको ब्राण्डमा MSG भेटेको भनी त्यसलाई बदनाम गरिरहेको थियो । जब कि MSG कुनै खराब कुरा होइन । बजारमा जति पनि किन्न मिल्छ, मम र चाउमिनमा कति हाल्छन् कसैलाई वास्ता छैन, किन त्यो एउटा ब्राण्डको चाउचाउलाई मात्र बदनाम गरेको होला ? मिडियाले सामाजिक अन्याय हुने गरी एकतर्फी कुरा मात्र गर्ने वा कुनै कुराबारे जोडतोडका साथ बोल्ने अरु कुराबारे जानीजानी मौन बस्ने गरेको महसुस मलाई हुन थाल्यो ।

वास्ताविक सत्य के हो त त्यसबारे कसैले आवाज उठाउनु पर्छ । सत्य उजागर गर्नु पर्छ भन्ने सोच मभित्र आयो । त्यसपछि यस्ता विषयमा मैले बुझेसम्मको सत्यतथ्य नागरिकलाई जानकारी दिनु पर्छ भन्ने लाग्यो । र, यसलाई मलाई सूचनाको हकको अनुयायी बनायो । सूचनाको हकको प्रयोगले मेरो सोचमा कति परिवर्तन ल्यायो कि समूहमा बसी 'नेताले देश लुटे, जनता विचारा, मेरो पार्टीले मात्र देश बचाउँछ' जस्ता मूर्खतापूर्ण भनाइमा होमा हो थप्न नसकिने भइयो ।

मेरो विचारमा देशलाई कुनै व्यक्ति, राजा वा पार्टी नभई प्रशासनिक र राजनीतिक जवाफदेहिता चाहिने हो । जवाफदेहिता तब हुन्छ जब पादर्शिता हुन्छ । पारदर्शिता कायम गर्न सूचनाको हकले मद्दत गर्छ । मेरो ९ वर्षको अनुभवमा सूचनाको हक एक कानुनी अस्त्र हो, जसको सही प्रयोग गरे beurocratic bhramhastra को स्वरूप लिन्छ र यसका सफलताको कथा सबैमा पुग्नु पर्छ ।

# नेपालमा सूचनाको हकको सवाल र तितामिठा अनुभव



सुवास भट्ट

अहिले संसार नै एउटा 'ग्लोबल भिलेज' को अवधारणामा गइसकेको छ । नयाँ पुस्ता र त्यसभित्र पनि 'जेट जेनेरेशन' भनिने पछिल्लो छिमलले अब आफूलाई कुनै देश र क्षेत्रविशेषबाट बाहिर निकालेर हेर्न चाहिरहेको छ। विश्वको कुनै मुलुकमा भएका घटनाले अर्को कुनालाई प्रत्यक्षतः असर गर्न थालिसकेको छ। प्रविधिको उच्चतम् विकास र चाहेर पनि एकअर्कालाई त्याग्न नसक्ने अन्तरदेशहरूबीचको खासगरी आर्थिक सम्बन्धले पनि संसारका हरेक मानिसहरूलाई एकअर्कासँग जोडेको छ।

हिजोको समयमा भौतिक रुपमा सङ्कुचित चेतनास्तर, पूर्वाधारको विकास र प्रविधिको आविष्कारले आफ्नो सानो परिधि र न्यून सुविधाकाबीच पनि मानिसलाईआफूलाई खुसी राख्न अभिषप्त थियो। तर, यो परिवेश अब रहेन। रहोस् पनि कसरी, जब उसको सम्बन्ध विश्वस्तरमा विकास भइसकेको छ । ऊ चाहेर पनि एकल अस्तित्वमा रमाउन नसक्ने अवस्थामा पुगिसकेको छ।

विश्व विकासको आजको समयमा आउनुका पछाडि प्रविधिको अहम् भूमिका छ। त्यसभित्र सञ्चार र सूचना प्रविधि एउटा महत्वपूर्ण हिस्सा हो। यो आज सबै पक्षले सहर्ष स्वीकार गरेको तथ्य हो।

हामीले सञ्चार र सूचना प्रविधिको अधिकतर चर्चा गरिरहँदा त्यससँग अभिन्न रुपमा जोडिएर आउने पक्ष हो, सूचनाको हक । सञ्चार र सूचनाको कुरा गरिरहँदा त्यससँग जोडिएर आउने अन्तरवस्तु तथा त्यसको आयामलाई बुझिएन भने सवाल अपुरो हुनजान्छ। सूचनाको हक त्यसैको एउटा महत्वपूर्ण कडी हो। सूचनाको हकले नै अन्ततः सञ्चार र अभिव्यक्ति स्वतन्त्रतालाई बलियो बनाउँछ।

राज्यहरू भनेका सामाजिक र राजनीतिकमात्र होइन, कानुनी इकाइ पनि हुन् । यसर्थ, आज कुनै पनि पक्षलाई कानुनी रुपमा सम्बोधन नगर्दासम्म त्यसको व्यवस्थापन, कार्यान्वयन र सञ्चालन पक्ष चलायमान हुन सक्दैन । यसर्थ पनि सूचनाको हकको विषयसम्बन्धी कानुनी प्रबन्ध महत्वपूर्ण हुन आउँछ ।

आन्तरिक रुपमा बलिया संवैधानिक र कानुनी व्यवस्थामात्र होइन, बहुदेशीय, बहुक्षेत्रीय, अन्तर्राष्ट्रिय सन्धी, सम्झौताका सम्बन्धबाट पनि आजका देशहरू एकल र संयुक्त रुपमा बाँधिएका छन् । आजको दिनमा यी सबै आयाममा सूचनाको हकको व्यवस्थापन भइसकेको अवस्था छ ।

यी सन्दर्भ जोड्नुका खास महत्व छन् । किनभने समाज विकाससँग सञ्चार तथा सूचना प्रविधिको अन्योन्याश्रित सम्बन्ध छ, त्यससँग सूचनाको हकको विषय अनिवार्य हुन आउँछ र सूचनाको हकलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय कानुनको कसीमा हेर्नु नै पर्ने हुन्छ । त्यसभित्र हाम्रा कार्य र गतिविधि स्वतः जोडिने नै भए ।

**वैश्विक परिवेश र हाम्रो सन्दर्भमा सूचनाको हकको व्यवस्था**

विश्वमञ्चमा उभ्याएर हेर्दा सूचनाको हकको अभ्यास उतिसाह्रो लामो छैन । तर, पनि परिवर्तित विश्वसन्दर्भ, प्रविधिको व्यापक विस्तार र मानिसहरूको चेतनाको आलोकमा अब पछि नै रहने छुट छैन ।

नेपालमा सूचनाको हकले पहिलोपटक वि.सं. २०४७ मा संवैधानिक प्रत्याभूति पाएको हो । वि.सं. २०४६ को जनआन्दोलनको उभारपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हकलाई संवैधानिक रुपमा आत्मसात गरेको हो । नेपालमा सार्वजनिक सूचनामा आमनागरिकको हक स्थापित गर्ने यो नै पहिलो कोशेढुंगा बन्न पुग्यो ।

विश्वमञ्चमा उभिएर हेर्दा स्वीडेनले सन् १७६६ मा पहिलोपटक सूचनाको हकलाई संवैधानिक प्रत्याभूति गरेको देखिन्छ । स्थापनाको दोस्रो वर्ष सन् १९४६ डिसेम्बर १४ मा बसेको संयुक्त राष्ट्रसंघको साधारणसभाको पहिलो बैठकले नै सूचनाको हकलाई आधार भूत मानवअधिकारका रुपमा मान्यता प्रदान गरेको थियो । त्यसको दुई वर्षपछि जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सूचनाको हकलाई बृहत् आयाममा अनुमोदन गरिदियो ।

विश्वमा स्वीडेनबाट सुरु भएको सूचनाको हकको संवैधानिक प्रत्याभूतिलाई त्यसको दुई सय २४ वर्षपछि अर्थात् सन् १९९० (वि. सं.) २०४७) मामात्र नेपालमा सूचनाको हकले संवैधानिक प्रत्याभूति पायो । त्यसको १६ वर्षपछि शसस्त्र युद्ध र जनआन्दोलनको बलमा स्थापित नेपालको अन्तरिम संविधान, २०६३ ले पनि सूचनाको हकको संवैधानिक व्यवस्थालाई निरन्तरता दियो । यही व्यवस्थाको आडमा वि.सं. २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भयो । ऐनको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नेगरी अर्को वर्ष सूचनाको हकसम्बन्धी नियमावली, २०६५ जारी गरियो । सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था कार्यान्वयनका लागि वि.सं. २०६५ वैशाख २२ गते राष्ट्रिय सूचना आयोगको स्थापना पनि गरियो । यो कानुनी र संरचनागत प्रत्याभूतिपछिमात्र नेपालमा सूचनाको हकको व्यवहारिक प्रयोग र कार्यान्वयन सुरु भएको हो ।

यिनै संवैधानिक तथा कानुनी आधार र संरचनाको बलमा अहिले नेपालमा सूचनाको हकको प्रयोगले व्यवहारिक कार्यान्वयन सम्भव भएको छ । वि.सं. २०७२ मा जारी भएको विद्यमान संविधानले पनि सूचनाको हकको मर्मलाई बलियो गरी आत्मसात गरेको छ ।

**सूचनाको हक कार्यान्वयनका जटिलता**

नेपालमा सूचनाको हकसम्बन्धी पर्याप्त संवैधानिक र कानुनी व्याख्या तथा संरचनासमेतको प्रबन्ध भए पनि त्यसको कार्यान्वयनमा प्रशस्तै अवरोधहरू देखिन्छन् । सैद्धान्तिक र कानुनी व्याख्या कार्यान्वयन तहसम्म पुग्दा फितलो देखिन्छन् ।

राज्यले सूचनाको हकलाई सैद्धान्तिक रुपमा अंगिकार गरेर कार्यान्वयनको संरचना तयार गरिसक्दा पनि प्रभावकारी कार्यान्वयन किन हुन सकेन त ? यो सवालमा हाम्रा केही परम्परा, अभ्यास र गलत प्रवृत्तिले काम गरेको देखिन्छ । अहिले पनि सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरूले पद तथा गोपनियताको सपथ लिएर नियुक्ति लिने परम्परा छ । गोपनियताको सपथ लिएर सार्वजनिक पद धारण गर्ने पदाधिकारीले कार्यालयका सूचनालाई गोप्य राख्नुपर्ने मानसिकतामा देखिन्छन् । जबकी सार्वजनिक सरोकारका विषयमा सार्वजनिक निकायले गरेका कुनै पनि निर्णय गोप्य हुँदैनन् र हुनुहुँदैन । अपसंस्कृतिका रुपमा विकास भएको यो गोपनीयताको व्यवस्था हटाउन राष्ट्रिय सूचना आयोगले पटकपटक सरकारलाई सुझाव दिँदै पनि आएको छ । तर, यसको कार्यान्वयन भएको भने देखिँदैन ।

संविधानले नै प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकाराका कुनै पनि विषयमा सूचना माग्ने र पाउने हक हुने प्रत्याभूति गरेको छ । गोपनीयताको हकका सम्बन्धमा व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी विषयहरूमा गोपनियताको कानुनद्वारा तोकिएको अवस्थामाबाहेक सूचनाको हकको विषय अनतिक्रम्य हुनेछ भन्ने व्यवस्था संविधानले गरेको छ। त्यस्तै, राष्ट्रिय अखण्डता, स्वाधिनता, राष्ट्रिय सुरक्षा जस्ता संवेदनशील विषयमा गोपनियता अपनाउने विषय सर्वमान्य नै भयो ।

तर, आमसरोकार, सार्वजनिक विषय र प्रशासनीक निर्णयहरूलाई पनि गोप्य राख्ने प्रवृत्ति हाम्रो प्रणालीमा व्यापक रुपमै देखिन्छ । व्यक्तिको नितान्त निजत्व जोडिएको सन्दर्भमा सूचना हकलाई अपव्याख्या गर्न मिल्दैन । तर, हाम्रा सरकारी र सार्वजनिक पदाधिकारी निकाय तथा पदाधिकारीहरू सूचनाको हकप्रति अक्सर उत्तरदायी देखिएका छैनन् । सूचना लुकाउने कुरा आम प्रवृत्तिकै रुपमा विकास भएको छ । यसरी, हाम्रा कानुनी व्यवस्था, त्यसको परिपालना र संरचनाहरू परम्परागत मान्यता र 'गोप्य संस्कृति'बाट माथि उठ्न सकेको छैन । मुलुकमा पारदर्शीताको खडेरी देखिनु र भ्रष्टाचार मौलाउनुमा यो पनि एउटा प्रमुख पक्षका रुपमा देखिन्छ ।

**सूचनाको हकका सकारात्मक पाटा र कठिनता**

सूचनाको हकलाई सैद्धान्तिक प्रत्याभूति दिएर जसरी राज्यले आत्मसात गरेको छ, व्यवहारमा भने त्यति सहजता अनुभव हुँदैन । सार्वजनिक सूचनामै खेल्नुपर्ने र यसैसँग सम्बन्द्ध पेसा अंगाल्ने पत्रकार तथा सञ्चारकर्मीहरूले यसको प्रत्यक्ष अनुभूत गरेका हुन्छन् । सूचनाको हकको व्यवस्था अन्तर्गत कानुनी प्रक्रियामा जाँदा पनि सूचना नपाएका कैयौं उदाहरण पत्रकारहरूसँग हुन्छन् ।

खासगरी खोजी पत्रकारिताका लागि धेरै सूचना आवश्यक पर्छन् । भ्रष्टाचार, अनियमितता र अपराधका घटनाहरूमा त्यसमा सम्वद्ध पक्ष सूचना बाहिर नआओस भनेर सदैव सचेत रहने गर्छ। जब पत्रकारले ती सूचना खोज्छ तब त्यो पक्षले सूचना लुकाउन हरसम्भव प्रयत्न गर्छ । यसक्रममा लोभ र धम्की पनि पत्रकारले खेपेका हुन्छन् । मूलधारको पत्रकारीतामा करिब दशक बिताएको यस पंतिकारसँग पनि यस्ता थुप्रै अनुभव छन् ।

यति भन्दैगर्दा सूचनाको हकले थुप्रै सहजता पनि प्रत्याभूत गरेको छ। हरेक सिक्काको दुई

पाटा हुन्छन् भनेझैं सूचनाको हकको अभ्यासमा सकारात्मक पक्ष पनि चर्चायोग्य छन् । सूचनाको हकको कानुनी प्रत्याभूतिको छोटो इतिहासमा नेपालमा यसका थुप्रै सकारात्मक प्रभाव छन् ।

'ब्रोडसिट' राष्ट्रिय दैनिकसहित मूलधारका सञ्चार माध्यममा आवद्ध भएर सक्रिय पत्रकारिता गरिरहँदा पङ्क्तिकारले थुप्रैपटक सूचनाको हकको प्रयोग गरेको छ । अक्सर पत्रकारलाई सामान्यतया सूचनाको हकको निवेदन हाल्नुनपरे हुन्थ्यो भन्ने लाग्छ । किनभने यो प्रक्रियागत हिसाबले धेरै लामो पनि जानसक्छ । धेरै झन्झट पनि खेप्नुपर्ने हुनसक्छ । तर, कतिपय अवस्थामा यसको प्रयोग नगरी धरै हुन्न ।

सूचना दिन नचाहने पक्षका लागि सूचनाको हकसम्बन्धी कानुनको प्रयोग बाध्यकारी बाटो हो । किनभने कानुनबमोजिम आएको निवेदनलाई अवज्ञा गर्ने छुट सरकारी अधिकारीलाई हुँदैन । सूचना अधिकारीले मागकर्तालाई बढीमा १५ दिनभित्र माग गरेबमोजिमको सूचना उपलब्ध गराउनुपर्छ । सूचना अधिकारीले सूचना दिन इन्कार गरेको खण्डमा सूचना अधिकारीलाई कारवाही गरी कार्यालय प्रमुखले सात दिनभित्र सूचना दिनुपर्छ । कार्यालय प्रमुखले पनि सूचना उपलब्ध नगराएमा ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दिनुपर्ने व्यवस्था छ । आयोगमा पर्ने निवेदन र उजुरीउपर ४५ दिनभित्र तथा पुनरावेदनमाथि ६० दिनभित्र आयोगले आफ्नो निर्णय दिनुपर्ने कानुनी व्यवस्था छ ।

पत्रकारहरूले आफ्नो वृत्तमा चर्चा गरिरहने एउटा सन्दर्भ यहाँ उल्लेख गर्नु बाञ्छनीय हुन्छ । सूचना ढोकाबाट आएन भने जस्केलाबाट आउँछ । फेरि त्योचाहिं सोचेभन्दा धेरै आउँछ । सूचनाको हकको प्रयोगलाई जस्केलाकै रुपमा अर्थ्याउन त मनासिव नहोला । तर, नियमित र सहज तरिकाले सूचना नदिने अधिकारीका लागि सूचनाको हकको प्रयोगले सूचना दिन बाध्य पार्छ । सार्वजनिक प्रकृतिको र आमसरोकारका विषयमा कार्यालयले सहज बाटो अर्थात् ढोकाबाट सूचना दिएन भने सूचना मागकर्ता सूचनाको हकको कानुनी रुपमा अघि बढ्दा उसले त्यो सूचना नदिई धरै पाउँदैन । सूचना नदिएको खण्डमा उसले पाउने दण्डजरिवानाको दीर्घकालीन असर खेप्नुपर्ने हुनसक्छ ।

**केही मिठा अनुभूति**

सूचनाको हकको प्रयोगबाट केही मिठा अनुभूति पनि छन् । वन तथा वातावरण मन्त्रालयमा

विदेश भ्रमणको ठूलो विकृति रहेको जानकारी पाएपछि २०८० असारमा पङ्क्तिकारले मन्त्रालयमा सूचनाका लागि अनुरोध गऱ्यो । तर, अनुरोधले काम नगर्ने भएको ठानेर सूचनाको हकको निवेदन हालेको थियो । सहजै सूचना नपाएपछि मन्त्रालयका अधिकारीहरूलाई पटकपटक झक्झक्याउने र धाइरहने गर्नुपऱ्यो । अन्ततः म्याद गुजारेर मन्त्रालयले अन्तर्गतका कर्मचारी को, कहिले र कतिपटक विदेश गए भन्ने विवरणसहितको लामो सूचना उपलब्ध गरायो ।

मन्त्रालयले दिएको सूचनाबाट थुप्रै विकृति उजागर भयो । 'एउटै कर्मचारी वर्षमा ५४ दिनसम्म भ्रमणमा' शीर्षकको यससम्बन्धीको समाचार नयाँ पत्रिका राष्ट्रिय दैनिकमा २५ असार ०८० मा प्रकाशित छ । दाता फकाएर वा बाध्य पारेर कर्मचारी विदेश भ्रमणमा जाने गरेको तथ्य पनि समाचारमा उल्लेख छ । कनिष्टलाई पठाए हुने कार्यक्रममा पनि भत्ता र घुमघामको लोभमा उच्च अधिकारीहरू विदेश भ्रमणमा मरिहत्ते गरेको पनि यसबाट देखिएको थियो । वैदेशिक भ्रमणको स्पष्ट नीति तथा मापदण्ड नभएको अवस्थामा मन्त्रालयका उच्च तहका कर्मचारी आफूखुशी स्वयम्‌लाई मनोनयन गरेर विदेश भ्रमण गरेका र कर्मचारीको असीमित वैदेशिक भ्रमणले नियमित कामकारबाही नै प्रभावित भएको तथ्य समाचारमा समावेश छ । यसले दाता रिझाएर विदेश भ्रमणमा जाने कर्मचारीको विकृति उजागर गरेको छ । यो सूचनाको हकबाटै सम्भव भएको हो ।

यस्तै, अर्को उदाहरण पनि छ । यातायात व्यवस्था विभागमा लिखित र ट्रायलबिनै सवारी लाइसेन्स जारी हुने गरेको प्रारम्भिक सूचना प्राप्त हुन आयो । यसका लागि धेरै प्रयत्न गरियो । तर, सूचना प्राप्तिमा कठिनता भयो । यो किनपनि भने लिखित र ट्रायलबिनै लाखभन्दा बढीको सङ्ख्यामा लाइसेन्स जारी भएको देखिएका थिए । यसले विभागका पूर्व महानिर्देशकसम्मका उच्च अधिकारीहरूको मिलेमतो रहेको झल्काउँथ्यो । विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)समेतको संलग्नतामा आन्तरिक छानविन समिति गठन गरेको थियो । तर, प्रतिवेदन सार्वजनिक गरिएको थिएन । छिटपुट विषय बाहिरिए पनि त्यसको प्रमाणिकता थिएन । यस विषयमा सूचनाका लागि पङ्क्तिकारले विभागमा सूचनाको हकको निवेदन हाल्यो । विभागले सूचना दिन इन्कार गरेपछि राष्ट्रिय सूचना आयोगमा पुनरावेदनमा गएपश्चात् विभागले सूचना सार्वजनिक गर्न निर्देशन दियो । त्यसैका आधारमा विभागले प्रतिवेदनसहितको सूचना उपलब्ध गरायो ।

यसपछि पङ्क्तिकारका बाइलाइनमा नयाँ पत्रिका दैनिकमा शृङ्खलाबद्ध रुपमा समाचार प्रकाशित भएका छन् । 'लिखित र ट्रायलबिनै एक लाख दुई हजार सवारी लाइसेन्स जारी' शीर्षकमा २५ पुस ०८० मा पहिलो समाचार प्रकाशित भएपछि सूचनाको हकको निवेदनबाट प्राप्त प्रतिवेदनका आधारमा शृङ्खलाबद्ध रुपमा समाचार प्रकाशित भएका छन् । यसपछि यसै विषयमा सिआईबीले पाँच वटा मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरेको छ। ती मुद्दा अहिले विचाराधीन छन् भने थप अनुसन्धान अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पनि भइरहेका छन् ।

सूचनाको हकको प्रयोगबाट यस्ता थुप्रै विषय 'ब्रेक' गरिएका छन् । त्यसले अनियमितता न्यूनीकरण गर्न र नीतिगत सुधारमा पनि टेवा पुगेका अनुभव छन् ।

**आयोगका केही सन्दर्भ**

सूचनाको हकको प्रयोग आमसञ्चारकर्मी तथा पत्रकारमात्र होइन, अहिले नागरिक समाज र सचेत वर्गले पनि यथेष्ट गर्ने गर्न थालेको छ। राष्ट्रिय सूचना आयोगको पछिल्लो वार्षिक प्रकाशन आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन अनुसार उक्त आवमा एक हजार ६८ वटा पुनरावेदन आयोगमा प्राप्त भएका छन्। त्यसमध्ये ९९.०४ प्रतिशत पुनरावेदनउपर आयोगले फैसला गरेको छ। धेरै दिवेदन आयोगसम्म नआई सम्बन्धित कार्यालयबाटै पनि टुङ्गिन्छन्। यो पुनरावेदन निवेदनको सङ्ख्या सूचनाको हकको प्रयोग सन्तोषजनक अङ्क हो भन्न सकिन्छ।

सूचनाको हकको प्रयोगको प्रवर्द्धन गर्ने कानुनी दायित्व सूचना आयोगलाई छ। यसका लागि आयोगले विभिन्न सरोकारवालाहरूसँग समयसमयमा कार्यक्रम र गोष्ठी गर्दै आएको छ । संघ, प्रदेश, स्थानीय तहमा विभिन्न प्रबर्द्धनात्मक गोष्ठीसमेत सञ्चालन गरिरहेको छ । बेलाबेला विभिन्न प्रकाशनहरूसमेत प्रकाशित गर्दै आएको छ । आगामी दिनमा यस्ता गतिविधिलाई बढाउनुपर्ने र सूचनाको हकप्रति आमनागरिकलाई अझ सुसूचित गराउनुपर्ने देखिन्छ । यसका अतिरिक्त सार्वजनिक निकायलाई सूचना प्रवाह र निर्णय प्रक्रियामा पारदर्शीता अपनाउन घच्घच्याइरहनुपर्ने दायित्व पनि आयोगको हो ।

साविकमा सूचना आयोगमा राजपत्राङ्कित विशिष्ट श्रेणी (सचिव) को दरबन्दी राखिएको थियो । तर, ०७७ सालमा त्यसलाई कटौती गरेर सहसचिवको दरबन्दी कायम गरियो ।

त्यसयता आयोगमा सहसचिवलाई सचिवको जिम्मेवारीमा कार्यजिम्मेवारी तोकिएको छ। भलै, आयोगमा प्रमुख सूचना आयुक्तसहित तीन जना आयुक्तहरू रहन्छन्। तर, प्रशासकीय नेतृत्व विशिष्ट श्रेणीको रहनुको आफ्नै महत्व हुन्थ्यो। हाल आयोगमा ४० जनाको दरबन्दीलाई पनि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

लोकतन्त्र र पारदर्शिताका लागि सूचनाको हक अमोघ अस्त्र नै हो भन्न सकिन्छ। किनभने पारदर्शिताबिना जवाफदेहिता र सुशासनको परिकल्पना नै गर्न सकिँदैन। यो पारदर्शिता कायम गरेर जवाफदेही तुल्याउने र सुशासनको प्रत्याभूति सुनिश्चित गर्न सूचनाको हकले महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

अहिले हाम्रो राज्यका अङ्ग र सार्वजनिक निकायमा जति बेथिति सतहमा आएका छन् ती सूचनामा पारदर्शिता नअपनाउनु र गोपनीयताको अपसंस्कृतिका असर हुन्। त्यसलाई चिरेर अगाडि बढ्नुपर्ने चुनौति र दायित्व दुबै हामीमाझ छ।

# सूचनाको हकरूपी औजार र संसद्मा त्यसले ल्याएको सुधार

■ सुशील पन्त*



सम्वत् २०७७ असोज ३० गते 'जनता भोकभोकै सडकमा, कोरोनाकालमा सांसद र तिनका पीएले बुझे दशैंभत्ता !' शीर्षकमा लोकान्तर डट्कममा समाचार प्रकाशित भएको भोलिपल्टदेखि भत्ता फिर्ता गर्न संसद् सचिवालयमा सांसदको लाइन शुरू भयो ।

कोभिड-१९ को कहरले अर्थतन्त्र शिथिल रहेको, जनताले रोजगारी गुमाएको र कर्मचारीले पाउने भत्ता कटौती गरिएको समयमा मन्त्रिपरिषद्को पुरानो निर्णयका आधारमा २०७७ सालमा सांसदहरूलाई दशैंभत्ता बाँडिएको थियो । लोकान्तर डट्कमले प्रमाणसहितको समाचार लेखेपछि कतिपय सांसदले 'आफूहरूलाई थाहै नदिई बैंक खातामा पैसा राखिदिएको' बहाना बनाएर दशैं भत्ता फिर्ता गरे । जनदवाब बढ्दै गएपछि संसदीय दलबाट निर्णय गराएर सबै दलले एकमुष्टरूपमा भत्ता फिर्ता गरेर 'कोरोना उपचार कोष'मा दाखिला गरियो ।

कोरोना महामारी शुरू हुने अघिल्लो वर्ष २०७६ मा पहिलोपटक सांसदहरूलाई दशैंभत्ता बाँडिएको थियो । 'सरकारले लुकाएको निर्णय- मन्त्रीदेखि सांसदसम्मलाई पहिलोपटक दशैंभत्ता !' शीर्षकमा समाचार प्रकाशित भएको थियो । २०७६ भदौ ३१ गतेको मन्त्रिपरिषद् बैठकले मन्त्री-सांसदलाई दशैंभत्ता बाँड्ने निर्णय गरेपनि निर्णय सार्वजनिक गर्दा त्यसलाई लुकाइएको थियो । सरकारका प्रवक्ताले पत्रकार सम्मेलन गरेर मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गरे पनि यो विषय कहीँ कतै उल्लेख गरेनन् ।

सूचनाको हकको प्रयोग गरेर संसद् सचिवालयमा सूचना माग गरेपछि यो गोप्य पत्रको रहस्य

---

** लेखक लोकान्तर डट्कमका कार्यकारी सम्पादक हुन् ।*

सार्वजनिक भएको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अर्थ मन्त्रालयलाई पठाएको 'गोप्य' पत्र कार्यान्वयनका लागि संसद् सचिवालयमा आएको थियो। सचिवालयले मागेको सूचनासहित मन्त्रिपरिषद् निर्णयको पत्र पनि उपलब्ध गराएको थियो । प्रमाणको रूपमा 'गोप्य पत्र' नै पाएपछि समाचार बलियो बन्यो ।

सांसदहरूले दशैंभत्ता लिन हुने कि नहुने भन्ने छुट्टै बहसको विषय भयो। तर, मन्त्रिपरिषद्को अघिल्लो वर्षको निर्णयमा टेकेर भत्ता बाँडिएको विषय 'स्कुप' समाचार थियो । दशैंभत्ता बाँड्ने निर्णय विवादमा परेपछि संसद् सचिवालयले २०७८ सालदेखि सांसदलाई दशैंभत्ता बाँड्ने काम रोकियो । सूचनाको हक प्रयोग गरेर मागिएको सूचना र त्यसको आधारमा लेखिएको समाचारका कारण सांसद मात्र होइन, राष्ट्रपति, उपराष्ट्रपतिदेखि विशिष्ट व्यक्तिले पुरानो निर्णयका आधारमा लिएको भत्ता फिर्ता गर्नुपर्ने अवस्था सिर्जना भयो । यो एउटा उदाहरण मात्र हो, सूचना मागेपछि संसद् सचिवालयमा अन्य कयौं नीतिगत सुधार भएका छन् ।

**सांसदको हाजिरीमा आमूल सुधार**

सूचनाको हकको कार्यान्वयनले संसद्मा आएको सुधार हो, सांसदहरूको हाजिरी र उपस्थिति । जनताबाट चुनिएर नीति-नियम बनाउने ठाउँमा आएका सांसदहरू आफू भने पारदर्शी र जवाफदेही बन्न रूचाउँदैनन् । आफैले पारित गरेका कानुन र नियमावलीको धज्जी उडाउन प्रतिस्पर्धा गर्छन् ।

सांसदहरू संसद्मै उपस्थित नहुने र सरकारले ल्याएका प्रस्ताव निर्णयार्थ पेश गर्दा बैठकको गणपुरक सङ्ख्या नै नपुग्ने महारोगबाट संसद् ग्रस्त थियो । हाजीर गरेर बैठक भत्ता र ट्याक्सी भाडा पचाउने अनि हिँडिहाल्ने सांसदहरूको प्रवृत्तिले संसद्मा गणपुरक सङ्ख्या पुऱ्याउनै मुस्किल छ ।

सूचनाको हक प्रयोग गरेर सांसदको हाजिरी विवरण सार्वजनिक गर्न थालेपछि भने सांसदहरू नियमितरूपमा बैठकमा उपस्थित हुन थाले । प्रतिनिधि सभा नियमावलीमा लगातार १० बैठकमा अनुपस्थित हुने सांसदको पद नै रिक्त हुने व्यवस्था गरिएको छ। आफैंले पारित गरेको नियमावलीलाई कुल्चिँदै सांसदहरू बैठकमा अनुपस्थित हुने गरेका थिए।

नयाँ संविधान जारी भएपछि गठन भएका प्रतिनिधि सभा (२०७४-२०७९) र (बहाल

२०७९- २०८४)को प्रत्येक अधिवेशनको हाजिरी लोकान्तर डट्कमले सार्वजनिक गर्दै आएको छ। १२ असार २०७६ मा 'एक दिन हाजीर गरेर महिनाभरको भत्ता लिन्छन् शीर्ष नेता, केही सांसदको पद नै धरापमा !' शीर्षकमा समाचार प्रकाशित भएपछि सांसदहरूमाथि दवाब बढ्यो। यो समाचार प्रकाशित भएपछि कांग्रेस सभापति एवम् प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले संसद् बैठकमा उपस्थिति बढाए।

संसद्मा मात्र होइन, 'मिनी संसद्' भनिने संसदीय समितिमा पनि देउवा अनुपस्थित रहँदै आएका थिए। 'मिनी पार्लियामेन्टलाई पनि टेर्दैनन् शीर्ष नेता, हाजिरीमा देउवा-प्रचण्ड दुवै फेल' शीर्षकमा १५साउन, २०७६ मा समाचार प्रकाशित भयो। समाचार प्रकाशित भएपछि देउवा विकास समितिको बैठकमा उपस्थित हुन थाले।

चालु संसद्मा पनि सांसदहरू अनुपस्थित हुने प्रवृत्ति रोकिएको छैन। 'महिनामा एकदिन पनि हाजीर नभई देउवा, माधव, स्वर्णिमसहित ३७ सांसदले पचाए तलब,' शीर्षकमा २०८० मंसिर ५ गते समाचार लेखेपछि सांसदहरूले हाजिरी बढाए। राजनीतिक दलका शीर्ष नेता र सांसदहरूको हाजिरी विवरण सहजै प्राप्त भएको भने होइन।

'सूचनाको हक'को औजारले गर्दा नै शीर्ष नेताको हाजिरी विवरण सार्वजनिक गर्न सहज भएको हो। तर, संसद् सचिवालयबाट सांसदको हाजिरीको विवरण फुत्काउन भने धेरै संघर्ष गर्नुपरेको छ। २०७५ सालमा कृष्णबहादुर महरा प्रतिनिधि सभाको सभामुख रहेको समयमा संसद्मा लगातार अनुपस्थित भएका केही सांसदले हाजिरी विवरण किन उपलब्ध गराएको भनेर विरोध जनाएका थिए।

संसद् सचिवालयका उच्च अधिकारीहरू शुरू-शुरूमा 'सांसदहरूको कमजोरी' लुकाउन लोयल बने, हाजिरी विवरण दिन धेरै आनाकानी गरे। तर, संविधानमै उल्लेख भएको सूचनाको हक दबाउन सक्ने ल्याकत संसद्का कुनै पदाधिकारीसँग थिएन। केही समय ढिला गरेर भएपनि संसद् सचिवालयले सूचना दियो।

हाजिरी विवरण सार्वजनिक गरेपछि राष्ट्रिय सभामा हाजिरी बढाउने प्रतिस्पर्धा नै चलेको २०८० फागुनमा कार्यकाल सकिएकी एक सांसदले पङ्क्तिकारसँग बताएकी थिइन्। प्रत्येक अधिवेशनको हाजिरी विवरण सार्वजनिक गर्न थालेपछि राष्ट्रिय सभाले हाजिरी विवरण बैठक बसेकै दिन सार्वजनिक गर्ने क्रमको गरेको थियो।

संसद् सचिवालयका अधिकारीहरू हाजिरी सार्वजनिक गरेर सांसदलाई जवाफदेही बनाएकोमा लोकान्तरको खुलेर प्रशंसा गर्छन् । मिडियाको लगातारको दवाबका कारण हाजिरी सार्वजनिक गर्न सचिवालय बाध्य भएको सचिवालयका अधिकारीहरूले पङ्क्तिकारसँग धेरैपटक बताएका छन् । संघीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवै सदनको हाजिरी बैठक बसेकै दिन सार्वजनिक गर्नेगरी गृहकार्य चलिरहेको छ ।


माथिका दुईवटा प्रसङ्गबाहेक पनि लोकान्तर डट्कमले खोजमूलक स्टोरीका लागि सूचनाको हकको प्रयोग अधिकतम् गर्ने गरेको छ । सूचनाको हक प्रयोग गरेर तयार गरिएका स्टोरीको कम्पाइलको रूपमा 'रजाइँ' नामक पुस्तक (लोकान्तर डटकममा ई-कपी उपलब्ध छ) प्रकाशन गरिएको छ । सरकारी कार्यालयमा भइरहेको सवारी साधनको दुरूपयोग सम्बन्धमा लोकान्तरले ५२ भागसम्म खोज शृङ्खला चलाएको थियो । त्यसक्रममा सुविधा पाउन अयोग्य कर्मचारीले समेत चारपाङ्ग्रे सवारी साधन प्रयोग गरेको, मन्त्रीको सचिवालयले गाडी दुरूपयोग गरेकोजस्ता तथ्य सार्वजनिक भएको थियो । समाचार प्रकाशित भएपछि सवारीसाधनको दुरुपयोग केही हदसम्म भए पनि कम भएको छ ।

संघमा मात्र होइन प्रदेशसभा, प्रदेशका मन्त्रालय र स्थानीय तहमा समेत सूचना मागेर लोकान्तरले स्टोरी लेखेको छ । समाचार लेखेपछि सुधार आएका कयौं उदाहरण छन् । पछिल्लोपटक तत्कालीन प्रधानमन्त्री पुष्पकल दाहाल 'प्रचण्ड'को सचिवालय र उनीहरूले लिइरहेको सुविधाबारे समाचार प्रकाशित गरेपछि सचिवालयका सदस्य कटौती गरिएको थियो ।

'प्रचण्ड सचिवालय : मन्त्री र मुख्यसचिवसरह सुविधा, प्रधानमन्त्रीभन्दा स्वकीयलाई बढी भत्ता !' शीर्षकमा २०८० मंसिर १८ गते समाचार प्रकाशित भएपछि प्रचण्डले सचिवालयको आकार घटाएका थिए । सूचनाको हक प्रयोग गरेर लेखिएको सो समाचारको दवाबस्वरूप ४० जनाको सचिवालय घटाएर १७ जनामा झारिएको थियो । यही समाचारको दवाबस्वरूप सचिवालयको सङ्ख्या घटाइएको प्रचण्डका एकजना सल्लाहकारले पङ्क्तिकारसँग भनेका थिए । दुर्भाग्य !लोकान्तरलाई सूचना दिएबापत प्रधानमन्त्री कार्यालयमा रहेकी सूचना अधिकारी कविता फुँयाललाई सरुवा गरिएको थियो ।

# थाहै नभएको सूचनाको हकको ताकत

शिव प्रसाद अधिकारी*



सूचनाको हक भन्नेवित्तिकै पारदर्शिता, सदाचारसँग जोडिँदो रहेछ। जहाँ भष्टाचार छ, त्यहाँ नागरिकको सूचनाको हकलाई दमन गरिँदो रहेछ। सूचना मागकर्तालाई धम्क्याउने, तर्साउने र सताउने गरिँदो रहेछ।

जहाँ अनियमितता, भ्रष्टाचार छैन, त्यहाँ सूचना तुरुन्तै मागेकै स्वरूपमा दिइँदो रहेछ। सूचना पाउन कार्यालय प्रमुखसमक्ष उजुरी दिन पनि पर्ने रहेनछ। सूचना आयोगसम्म पुनरावेद लिएर जान पनि पर्ने रहेनछ।

सूचना माग मात्रै गर्दा पनि भ्रष्टाचार र अनियमितताको अन्त्य गर्न ठूलो भूमिका हुने रहेछ। मैले सूचना अभियानकर्मीका हिसावले पछिल्लो समय गरेका अनुभूति र भोगेका अनुभवले यही बताउँछ।

म नेपाल रेडक्रस केन्द्रीय कार्यालयमा प्राविधिक अधिकृतको पदमा रही काम गर्दथें। त्यही क्रममा रेडक्रसमा त्यहाँ ठूलाठूला अनियमितता, भ्रष्टाचार भएको देखें। मलाई चित्त बुझेन र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा गोप्य उजुरी दिन थालें। अख्तियारमा मैले गरेका उजुरीहरूमध्ये रगत सङ्कलन केन्द्रको ब्लड ब्याग, रगत टेस्ट किट खरीदमा भएको अनियमितताउपर छानविन गरी दोषी देखिएकोले नियामक निकाय जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई कारबाही गर्न लेखी पठाएको थाहा पाएँ। बाँकी रेडक्रसमा

---

* *तारकेश्वर ८, काठमाडौं*

भएको अनियमितताको आशङ्कामा भएको उजुरीउपर अनुसन्धान र कारवाही भएको मेरो जानकारीमा छैन ।

अख्तियारसमेतमा गोप्य उजुरी गरेपछि पनि म एक तह माथि, वरिष्ठ अधिकृतमा बढुवा भएँ। शायद रेडक्रस व्यवस्थापनलाई मेरो बढुवापछि मात्र कार्यालयमा भएको अनियमितताविरुद्ध गोप्य उजुरी मैले गर्दछ भन्ने थाहा भएछ। त्यसपछि मलाई जागिरबाट निकाल्न कागजाज बनाउने तयारी भयो । अन्ततः तलव खुवाउने स्रोत नभएको, स्रोत उपलब्ध भएपछि पुनः राख्ने निर्णय गरेर मलाई अवकास दिइयो ।

रेडक्रसका पदाधिकारीबाट मेराविरुद्ध झुटा व्यहोरा लेखी दिएको अवकास बदर गर्न अदालत जानु पर्ने भयो । यसका लागि रेडक्रसमा रहेको मेरो जागिर र अवकाशसँग सम्बन्धित अभिलेख चाहिने भयो । मैले व्यक्तिगत हिसावले माग गर्दा रेडक्रसले मसँग सम्बन्धित अभिलेख दिएन ।

त्यही बेला सूचनाको हकको प्रयोग गरी आफ्नो सरोकारको विषयमा सूचना माग गर्न पाइन्छ भन्ने सुनियो । तर त्यसको विधि र प्रक्रियाबारे मलाई जानकारी थिएन । सूचना आयोगमा पुनरावेदन गयो भने आयोगले सूचना दिलाइदिन्छ भन्ने सुनेर सूचना आयोग गएँ।

सूचना आयोग परिसरमा सूचनाको हकको क्षेत्रमा काम गर्ने संस्थाहरूको नेटवर्कको अफिस रहेछ। त्यहाँ गएर उहाँहरूले गरेको काउन्सिलिङ सद्रने ।

त्यही अफिसबाट सूचना मागको निवेदन लेखिदिनु भयो । सोही निवेदन लिएर रेडक्रसमा दर्ता गर्न गएँ। रेडक्रसले सूचना माग गरेको मेरो निवेदन दर्ता गरेन । निवेदन लेखिदिनेको सुझाव र सल्लाह अनुसार मेरो सूचना मागको निवेदन हुलाकबाट पठाएँ।

लामो समयसम्म पनि रेडक्रसबाट सूचना प्राप्त भएन । सूचना आयोगमा पुनरावेदन गरें । सूचना आयोगको आदेशपछि महङ्गो शुल्क तिराएर मैले नमागेको रिसाइकल विनमा फाल्न तयार रहेको कागजात रेडक्रसबाट दिइयो। मलाई आवश्यक कागज महङ्गो शुल्क तिरेर पनि पाइन। यही व्यहोराको निवेदन लिएर पुनः सूचना आयोग गएँ। सूचना आयोगको पुनः प्रयासपछि मलाई आवश्यक आभिलेख सूचना आयोगमा नै पठाएइछ। ती आभिलेख सूचना आयोगबाट प्राप्त गरें । आयोगबाट प्राप्त मेरो जागिरसँग सम्बन्धित डकुमेन्टको आधारमा श्रम अदालतले रेडक्रसमा मेरो जागिर पुनर्वहाली हुने ठहर गऱ्यो ।

त्यसपछि मेरो जागिरसम्बन्धी लिन बाँकी अभिलेख, रेडक्रसले गरेको अनियमितताउपर भएको छानविन समेत रेडक्रस र समाजकल्याण परिषद्सँग सूचनाको हकको प्रयोग गरेर मागें । सूचना आयोगको पटकपटकको आदेश, पुनः आदेश, ताकेतापछि बाँकी अभिलेख पनि पाएँ । तर, थप अभिलेख पेश गर्दा पनि श्रम अदालतले गरेको मेरो पुनर्वहालीका विरुद्ध रेडक्रशले दिएको रिटमार्फत् सर्वोच्च अदालतले श्रम अदालतको निर्णय खारेज गरिदियो ।

रेडक्रसबाट मलाई अवकाश दिनुमा अरु केही कारण नभएर त्यसका विरुद्ध अख्यिारमा उजुरी दिनुबाहेक अन्य कारण थिएन । रेडक्रसमा भएका बेथितिबारे अख्तियारमा उजुरी दिएबापत मेरो जागिर गए पनि अवकाश दिंदा अन्य कारण देखाइएको थियो । मेरो अवकाशविरुद्ध श्रम अदालतमा उजुरीका लागि मसँग कुनै प्रामाणिक कागजात थिएन । सूचनाको हकको प्रयोगबाटै मैले ती कागजात प्राप्त गरेको थिएँ । सर्वोच्चबाट मेरो पक्षमा निर्णय नभए पनि सूचनाको हकको ताकत कति रहेको छ भन्ने त रेडक्रसका तत्कालीन पदाधिकारीले पक्कै पनि बुझ्े होलान् । र, त मैले माग गरेका कागजात आयोगमार्फत् भए पनि मलाई दिन बाध्य भए ।

आफूलाई समस्या नपार्दासम्म मलाई पनि सूचनाको हकको बारे जानकारी थिएन । तर जब मलाई त्यसबारे जानकारी भयो त्यतिबेलादेखि सूचना मागलाई निरन्तरता दिइरहेको छु । पछिल्लो समय धेरै सार्वजनिक निकायले ऐनले तोकेको म्याद १५ दिनभित्र नै मागेकै स्वरूपमा हार्दिकतापूर्वक सूचना दिएका छन् । सूचना अधिकारीले दिन नचाहेको नदिएको सूचना ऐनको व्यवस्था अनुसार कार्यालय प्रमुखलाई उजुरी दिएर पनि कतिपय सूचना अहिलेसम्म पाएको छैन । सार्वजनिक निकायले मागेकै स्वरूपमा सूचना नदिँदा आयोगमा पुनरावेदमा जाने गरेको छु ।

# सूचना नदिने नकारात्मक प्रभाव हट्ने क्रममा



शैलेन्द्र झा*

राष्ट्रिय सूचना आयोगको स्थापना २०६५ बैशाख २२ गते भएदेखि नै नागरिकको सुसूचित हुने हकलाई संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने मूल उद्देश्यमा आयोग सक्रिय रहेको देखिन्छ। सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ पनि कार्यान्वयनमा रहेको छ। नेपालका संविधान को धारा २७ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार सूचना अधिकारीसमक्ष निवेदन गरेको खण्डमा कतिपय सूचना अधिकारीले निवेदन लिन इन्कार गर्ने,निवेदन लिए पनि व्यावहारिक रुपमा लिएको भन्ने तर कानुनबमोजिम दर्ता गर्न नमान्नेजस्ता विकृतिको अवस्था रौतहट जिल्लाका स्थानीय तह तथा सरकारी  कार्यालयमा रहेको थियो।

ऐनले तोकेको म्याद १५ दिनभित्र सूचना अधिकारीले सूचना उपलब्ध नगराए निजले नेपालको संविधानको धारा २७ मा प्रत्याभूत सूचनाको हक एवम् सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसारको हकमा आघात पुऱ्याएकोले सूचना अधिकारीमाथि कारबाही गरी माग गरेको सूचनाको प्रमाणित प्रतिलिपी उपलब्ध गराई दिनु हुनका लागि कार्यालय प्रमुखसमक्ष निवेदन दिनु पर्ने कानुनी प्रवधान रहेको छ। तर रौतहटका सरकारी कार्यालय तथा स्थानीय तहका प्रमुखहरूले सूचना दिन आलटाल गर्ने, समयको अभाव भनी सूचना दिन नमान्नेजस्ता क्रियाकलाप गरिरहेका छन् ।  कार्यालय प्रमुखले सात दिनभित्रमा सूचना उपलब्ध नगराएको खण्डमा राष्ट्रिय सूचना आयोगमा ३५ दिनभित्र पुनरावेदन गर्नु पर्ने प्रावधान अनुरुप निवेदकले पुनरावेदन गरेपछि सूचना दिनु नपर्नाको कारण भए लिखित जवाफ पेश गर्न आयोगबाट भएको आदेशमा कार्यालयका प्रमुखहरूले

** गौर, रौतहट*

सूचना नदिनका लागि मनगढन्ते लिखित जवाफ पेश गर्ने गरेका छन् । तलब खुवाउन व्यस्त, तीन हजारप्रतिको शुल्क माग्ने, निवेदकलाई जानकारी नै नदिई सूचना लिन आउनु भनी राष्ट्रिय सूचना आयोगमा पत्र पठाउने, धाकधम्की दिनेजस्ता अनेकौं बहाना बनाई सूचना नदिनका लागि अग्रसर रहेका छन् ।

सात दिनभित्रमा निवेदकलाई सूचना दिनु भने आदेश राष्ट्रिय सूचना आयोगबाट आएपछि कार्यालय प्रमुख तथा सूचना अधिकारीले अधुरो सूचना दिने गरेका छन् । माग बमोजिम सूचना नदिई आंशिक तथा अधुरो सूचना बनाई निवेदकलाई खबर गरी सूचना दिन तयार हुने गरेका छन् । कतिपय कार्यालयका प्रमुखले सात दिनभित्र सूचना दिनु भन्ने आदेश मेतलाई वास्ता नगरी बस्ने गरेको पाइएको छ । त्यस्ता कार्यालय प्रमुख विरुद्ध पुनः निवेदन गरेको खण्डमा सूचनाको हकसम्बन्धी ऐनको दफा ३२(१) बमोजिम कारवाई किन नगर्ने भन्ने चेतावनी आदेश आयोगबाट आएपछि कतिपय कार्यालयका प्रमुखले रिसाउने तथा सूचना दिन इमेल गर्ने गरेको पाइएको छ ।

देवाही गोनाही नगर पालिका, प्रेमपुर गोनाही रौतहट, वृन्दावन नगर पालिका, विश्रामपुर र परोहा नगर पालिका  लौकाहा रौतहटलाई राष्ट्रिय सूचना आयोगबाट दफा ३२)१) बमोजिम कारवाई किन नगर्ने भन्ने चेतावनी आदेश आएपछि ती नगरपालिकासूचना दिन बाध्य भए । सार्वजनिक सरोकारका विषयमा अध्ययन प्रयोजन तथा समाचार प्रकाशन प्रसारणका लागि मैले सूचना माग गरेको थिएँ । देवाही गोनाही नगरपालिकाका सूचना अधिकारीलाई सम्बोधन गरी २०७९/०४/२५ गतेमा निवेदन दिएकोमा सूचना अधिकारीले वास्ता गरेका थिएनन् । सूचना अधिकारीले सूचना नदिएकोले सूचना अधिकारीलाई कारवाही गरी सूचना पाऊँ भनी २०७९/०५/१२ गते कार्यालय प्रमुखसमक्ष निवेदन गरे पनि सूचना पाइएन । ऐनको म्याद ३५ दिनभित्रमा राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गरेपछि आयोगबाट सूचना नदिनु पर्ने कारण भए सात दिनभित्र लिखित जवाफ पेश गर्न दिएको आदेशमा समेत देवाही गोनाही नगरपालिकाले सूचना दिन मानेन । सूचना नदिएको कारण पुनः आयोगमा बिनाकारण सूचना नदिएको भनी ताकेता गर्दा सात दिनभित्रमा सूचना उपलब्ध गराउन आयोगले नगरपालिकाको नाउँमा आदेश दिएको थियो ।

आयोगको आदेशसहित कार्यालय प्रमुखसमक्ष २०७९/१०/६ गते निवेदन दिँदासमेत सूचना नदिएकोले ऐनको दफा ३२(१) बमोजिम कारवाई गर्न आयोगसमक्ष निवेदन गरेकोमा

कारवाही किन नगर्ने भनी चेतावनीसहित पत्र आएलगत्तै सूचना उपलब्ध गराइएको छ। २०७९/०८० सालको मुद्दा नं. ९० को निर्णय नं. १४३ ले दफा १० (२) बमोजिम लिखित जवाफसहितको पु.च.नं. २१६ को २०७९/०६/१३ मा पठाइएको पत्र, सोही मुद्दा नं. ९० को निर्णय नं. ६०७ ले दफा १० (३) (क) अनुसार सूचना उपलब्ध गराउनु भन्ने पु.च.नं. ७२९ को पत्र २०७९/९/१२ गतेमा आयोगले पठाएको पत्र र मुद्दा नं. ९० को निर्णय नं. १२१९ ले दफा ३२ (१) र (२) बमोजिम किन कारवाही नगर्ने भन्ने पु.च.नं. १६८४ को २०८१/०१/१४ मा आयोगबाट आएको पत्रले सूचना पाएको छु। त्यस्तै परोहा नगरपालिका र वृन्दावन नगरपालिकाले पनि आलटाल गर्दै आए पनि दफा ३२(१) बमोजिम कारवाई किन नगर्ने भनी आयोगबाट आएको आदेशलगत्त सूचना लिन आउनु भनी नगरपालिकाबाट जानकारी आएको थियो। मुद्दा नं. ११९ को निर्णय नं. १४८, २६८ र १२२१ ले दफा ३२ (१) र (२) बमोजिम किन कारवाही नगर्ने भनी पत्र आएको थियो। मुद्दा नं. २२८ को निर्णय नं. १२२२ ले दफा ३२ (१) र (२)बमोजिम किन कारवाही नगर्ने भनी पत्र आएको थियो। राजदेवी नगरपालिकामा सूचना अधिकारीसमक्ष माग गरेको सूचना लगत्तै प्राप्त भएको छ।

आयोगको आदेशले सूचना दिन बाध्य भएपछि सूचना दिनु पर्ने धारणामा सकारात्मक प्रभाव परेको छ। सूचना आयोगको आदेश र सक्रियताले सूचना लुकाउनु हुँदैन, दिनु पर्छ भन्ने सकारात्मक प्रभाव पर्न थालेका छन्। मैले सूचना माग गरेकामध्ये कतिपय निकायमा भएका बेथिति सार्वजनिक भएका छन्। र, ती निकायका पदाधिकारी अब सूचना लुकाएर आफूले गरेका गलत निर्णय र कार्यलाई ढाकछोप गर्न नसकिने भन्ने बुझाइमा पुगेका छन्। शुरुमा सूचना माग गर्दा निवेदन लिन नमान्ने, निवेदन लिए पनि सूचना दिन इन्कार गर्ने, पछि आउनु भन्ने, फुर्सद छैन भन्नेजस्ता नकारात्मक प्रभावहरू हट्ने क्रममा रहेको छ।




9 789937 970266